“कृषि, जलश्रोत, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधारः आत्मनिर्भर र समृद्ध तादीको आधार”

# आवधिक विकास योजना

## (आ.व.२०७६/०७६ – २०८०/०८१)




## तादी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### खरानीटार, प्रदेश नं. ३, नुवाकोट

### २०७६

# तादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खरानीटार, नुवाकोट
## बाग्मती प्रदेश, नेपाल



मन्तव्ङ

संघीय शासन व्यवस्था अनुसार जनताको सबैभन्दा नजिकको सरकारका रुपमा रहेको स्थानीय सरकारले समृद्धी र सुशासनको जनआकांक्षा पुरा गर्ने प्रयासलाई दिशानिर्देश गर्न आवधिक योजना तर्जुमाको आवश्यकता रहेको छ । साथै नेपालको संविधान र कानुन बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयलाई समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नु पर्ने व्यवस्था रहेको छ । नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार एवं कानून बमोजिम स्थानीय तहको योजना तर्जुमा सम्वन्धी जिम्मेवारी तथा अधिकारलाई मनन् गरी संघीय शासन व्यवस्था अनुसार राज्यको पुनस्थापना पछि स्थानीय सरकारको रुपमा स्थापित यस तादी गाउँपालिकाले पहिलो प्रयासको रुपमा प्रथम आवधिक विकास योजना (२०७६/०७७-२०८०/८१) तर्जुमा गरेकोछ ।

वस्तुस्थिति विश्लेषण विवरणको आधारमा गाउँपालिकाको विकासको वर्तमान अवस्था, संभावना, अवसर, समस्या तथा चूनौति विश्लेषण गरी गाउँपालिकाको एकीकृत स्वरुपको यस प्रथम आवधिक विकास योजना तर्जुमा गरिएको छ । आवधिक विकास योजना तयारी तथा अभिमुखीकरण, कार्ययोजना तर्जुमा, वस्तुस्थिति विश्लेषण तथा आवधिक योजना तर्जुमा विस्तृत कार्यशाला, मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशाला चरणबद्ध रुपमा संचालन गरी सहभागितामूलक प्रक्रिया बमोजिम यो आवधिक विकास योजना तर्जुमा गरिएको छ । गाउँ सभा तथा कार्यपालिकाका पदाधिकारी, कार्यालयका कर्मचारी, स्थानीय राजनीतिक दलहरू, अगुवा तथा विषयविज्ञहरु तथा अन्य सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरी आवधिक विकास योजनालाई सहभागितामूलक, समावेशी र नतिजामूलक बनाउने प्रयास गरिएको छ । योजना तर्जुमा प्रक्रियामा जस्तै बार्षिक योजना र बजेट मार्फत कार्यान्वयनमा समेत सम्बन्धित सबैको सहयोग प्राप्त हुने र योजनामा प्रस्तावित श्रोत प्रक्षेपण अनुसार स्रोत परिचालन हुने अपेक्षा राखिएको छ ।

आवधिक विकास योजना तर्जुमा प्रक्रियामा गाउँपालिकाको विकासको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी गाउँपालिकाको समष्टिगत विकासका लागि दुरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम तर्जुमा गरिएको छ । यस योजनाले गाउँपालिकाको समग्र तथा योजनावद्ध विकासका लागि गर्नुपर्ने कार्यको मार्गदर्शन तथा नतिजा अनुगमन र प्रभाव लेखाजाखाको लागि आधार प्रदान गर्नुका साथै आगामी ५ वर्षको मार्गचित्र तयार गरी त्यसका लागि श्रोत परिचालनको योजना समेत तय गरेको छ । यस आवधिक योजनाको आधारमा मध्यमकालिन खर्च संरचना र सो को आधारमा बार्षिक बजेट तथा कार्यक्रम तयार गरी निर्धारित प्रक्रिया अनुसार बार्षिक योजनाको कार्यान्वयन, नतिजाको अनुगमन तथा प्रगति मापन एवम् असर र प्रभावको लेखाजोखा गरी योजना कार्यान्वयन सुनिश्चित गरिनेछ ।

अन्त्यमा, तादी गाउँपालिकाको यस प्रथम आवधिक विकास योजना तर्जुमा कार्यमा सहयोग गर्नु हुने गाउँ सभा तथा कार्यपालिकाका पदाधिकारी एवं कर्मचारी, विषयगत समिति, स्थानीय राजनीतिक दलहरू, अगुवा तथा विषयविज्ञहरु, सरोकारवाला निकाय, सहयोगी संस्था पूर्णीमा कार्यक्रम, मोट म्याक्डोनाल्ड र एसडिआईसीप्रति धन्यवाद व्यक्त गर्दछु ।

(नारायण प्रसाद पाण्डे)

मितिः २०७६ मंसिर

अध्यक्ष

# आवधिक विकास योजनाको सार संक्षेप
# प्रथम आवधिक योजना अवधारणा सारंश

| | | |
|---|---|---|
| **दीर्घकालिन सोच** | : | "कृषि, जलश्रोत, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधारः आत्मनिर्भर र समृद्ध तादीको आधार" |
| **ध्येय** | : | स्वस्थ्य, शिक्षित, आत्मनिर्भर, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने गाउँपालिका |
| **लक्ष्य** | : | आत्मनिर्भर र समृद्ध तादीको आधार तयार हुने |
| **उद्देश्य** | : | उत्पादन, रोजगारी र आयमा दीगो बृद्धि गर्नु |
| | | स्वस्थ, प्रतिस्पर्धी र दक्ष मानव संशाधनको विकास गर्नु |
| | | गुणस्तरीय पूर्वाधार, व्यवस्थित बजार तथा आधारभूत सुविधाको पहुँचमा बृद्धि गर्नु |
| | | जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलन कायम गर्नु |
| | | सेवा सुविधा, कार्यसम्पादन तथा जवाफदेहिताको स्तरमा अभिबृद्धि गर्नु |
| **प्रतिफलहरु** | | **उद्देश्य १ सँग सम्बन्धित** |
| **प्रतिफल १.१** | : | व्यवसायिक कृषिको विकास, संस्थागत तथा समूहगत क्षमतामा सुदृढीकरण एवं उत्पादन तथा उत्पादकत्व बृद्धि भएको हुनेछ । |
| **प्रतिफल १.२** | : | खेतीयोग्य जमीनमा भरपर्दो र दीगो सिंचाई सुविधा विस्तार भएको हुनेछ । |
| **प्रतिफल १.३** | : | पशुजन्य उत्पादनको व्यवसायीकरणमा बृद्धि भएको हुनेछ । |
| **प्रतिफल १.४** | : | स्थानीय सीप एवं कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगको विकास एवं विस्तार तथा औद्योगिकीकरणको आधार तयार भएको हुनेछ । |
| **प्रतिफल १.५** | : | बैंक तथा वित्तीय सेवामा स्थानीयको सहज पहुँच कायम भएको हुनेछ । |
| **प्रतिफल १.६** | : | स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा सम्बर्द्धन एवं पर्यटकीय सेवा सुविधाको स्तरबृद्धि हुने तथा आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा बृद्धि भएको हुनेछ । |
| | | **उद्देश्य २ सँग सम्बन्धित** |
| **प्रतिफल २.१** | : | पूर्व प्राथमिक तथा प्राविधिक शिक्षामा पहुँच तथा विद्यालय शिक्षाको गुणस्तरमा बृद्धि भएको हुनेछ । |
| **प्रतिफल २.२** | : | आधारभूत तथा चिकित्सकिय स्वास्थ्य सेवामा पहुँच तथा गुणस्तर बृद्धि भएको हुनेछ । |
| **प्रतिफल २.३** | : | स्वच्छ खानेपानीको सहज उपलब्धता र सरसफाइजन्य व्यवहारमा अभिबृद्धि भएको हुनेछ । |
| **प्रतिफल २.४** | : | लक्षित वर्गको निर्णय निर्माण प्रकृयामा सहभागिता, सामाजिक मर्यादा र आत्मनिर्भरतामा बृद्धि भएको हुनेछ । |
| **प्रतिफल २.५** | : | युवाका लागि व्यवसायिकता तथा आत्मनिर्भरताका अवसर सृजना भएको हुनेछ । |
| | | **उद्देश्य ३ सँग सम्बन्धित** |
| **प्रतिफल ३.१:** | : | यातायात सेवा नियमित भई आवागमनमा सहजता पुगेको  हुनेछ । |
| **प्रतिफल ३.२:** | : | आवास, बजार क्षेत्र र वस्तीहरु व्यवस्थित  एवं सुरक्षित भएको हुनेछ । |
| **प्रतिफल ३.३** | : | सूचना तथा संचार प्रविधिको पहुँचमा बृद्धि भएको हुनेछ । |
| **प्रतिफल ३.४** | : | जलविद्युत तथा बैकल्पिक उर्जाको उत्पादन, उपलब्धता र उपयोगमा अभिबृद्धि भएको हुनेछ । |
| | | **उद्देश्य ४ सँग सम्बन्धित** |
| **प्रतिफल ४.१** | : | वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन र उत्पादन तथा उत्पादकत्व बृद्धि भएको हुनेछ । |
| **प्रतिफल ४.२** | : | भू तथा जलाधार क्षेत्रको संरक्षण र भूक्षयमा न्यूनीकरण भएको हुनेछ । |
| **प्रतिफल ४.३** | : | वातावरणीय स्वच्छता कायम भएको तथा जलवायु परिवर्तनको प्रभाव न्यून भएको हुनेछ । |
| **प्रतिफल ४.४** | : | स्थानीय विकास व्यवस्थापनमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन मूलप्रवाहीकरण भएको हुनेछ । |
| **प्रतिफल ४.५** | | विपद् जोखिम तथा विपद्जन्य क्षति न्यूनीकरण भएको हुनेछ । |
| | : | **उद्देश्य ५ सँग सम्बन्धित** |
| **प्रतिफल ५.१** | : | कार्यसम्पादन, कार्य प्रक्रिया तथा प्रणाली सरल, स्पष्ट र पारदर्शी भएको हुनेछ । |
| **प्रतिफल ५.२** | : | स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिबृद्धि भएको हुनेछ । |
| **प्रतिफल ५.३** | : | गाउँपालिकाको आन्तरिक र वाह्य श्रोत परिचालन क्षमतामा अभिबृद्धि भएको हुनेछ । |
| **प्रतिफल ५.४** | : | सूचना प्रविधिमा आधारित, सहभागितामूलक तथा नतिजामूलक विकास व्यवस्थापन प्रणालीको विकास भएको हुनेछ । |

| | | |
|---|---|---|
| **समष्टिगत रणनीति तथा प्राथमिकता** | : | कृषि, पशुपंक्षी तथा वनजन्य उत्पादनको व्यवसायीकरण, विविधिकरण र औद्योगिकरण गर्ने |
| | | गुणस्तरीय तथा व्यवसायिक शिक्षा, आधारभूत स्वास्थ्य, सरसफाई तथा खानेपानी सेवा सुविधा तथा सशक्तिकरण प्रवर्धन तथा सुनिश्चिता गने |
| | | अन्तर आवद्धता, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा तथा संचारका पुर्वाधार विस्तार र स्तरोन्नति गर्ने |
| | | विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दीगो बनाउने |
| | | अन्तर सरकार, निजी क्षेत्र, सहकारी र समुदायको समन्वय, साझेदारी र सहकार्यलाई सुदृढ बनाउने |

**योजना लागि आवश्यक स्रोत अनुमान** :

| विषय क्षेत्र | अनुमानित श्रोत (हजारमा) | प्रतिशत |
|---|---|---|
| आर्थिक विकास | ५५४४०० | १९.२६ |
| सँस्कृति तथा पर्यटन विकास | ६३००० | २.१९ |
| सामाजिक विकास | ८२५९४० | २८.७० |
| पूर्वाधार विकास | ११५७३५० | ४०.२१ |
| विद्युत तथा बैकल्पिक उर्जा विकास | ३०००० | १.०४ |
| वन तथा वातावरण व्यवस्थापन | ८७१०० | ३.०३ |
| विपद् व्यवस्थापन | १९१०० | ०.६६ |
| संस्थागत विकास र सुशासन | १४१३२० | ४.९१ |
| **कूल जम्मा** | २८७८२१० | १००.०० |

| | |
|---|---|
| **दस्तावेजः** | *गाउँपालिकाको प्रथम आवधिक विकास योजना २०७६* |
| **प्रकाशकः** | *तादी गाउँ कार्यपालिकाको कार्यालय, खरानीटार, नुवाकोट*<br>*http://www.tadimun.gov.np* |
| **सर्वाधिकारः** | *प्रकाशकमा* |
| **प्राविधिक सहयोग :** | *सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सि प्रा.लि. काठमाडौं* |
| **सहयोग** | *पूर्णिमा : भूकम्प पश्चात्को पुनर्लाभमा वेलायती सहयोग नियोगको सहयोग* |

# विषय सूची

परिच्छेद १........३
परिचय........३
१.१ पृष्ठभूमि :........३
१.२ योजना तर्जुमाको उद्देश्य........३
१.३ कानुनी तथा नीतिगत ब्यवस्था........४
१.४ आवधिक विकास योजना तर्जुमा तथा प्रक्रिया........५
१.४.२ आधाररेखा सुचना तथा वस्तुस्थिति विश्लेषण........५
१.४.३ दीर्घकालीन सोच निर्धारण तथा वस्तुस्थिति विलेषण कार्यशाला गोष्ठी........५
१.४.४ आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठी........५
१.४.५ योजना दस्तावेज तयारी........६
१.४.६ मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशाला तथा अन्तिम दस्तावेज तयारी........६
१.५ सीमा........६
परिच्छेद २........८
योजनाको अवधारणा र प्रारूप........८
२.१ गाउँ विकासको दीर्घकालिन सोचः........८
२.२ लक्ष्य तथा उद्धेश्य........९
२.३ समष्टिगत रणनीतिहरू........९
३.४ नतिजा तालिका........९
परिच्छेद ३........२२
आर्थिक विकास योजना........२२
३.१ पृष्ठभूमि........२२
३.२ वर्तमान अवस्था........२२
३.३ लक्ष्य........२५
३.४ उद्देश्य........२५
३.५ रणनीति तथा कार्यनीति........२५
३.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वियन योजना)........२७
परिच्छेद ४........३०
संस्कृति तथा पर्यटन योजना........३०
४.१ पृष्ठभूमि........३०
४.२ वर्तमान अवस्था........३०
४.३ लक्ष........३०
४.४ उद्धेश्य........३०
४.५ रणनीति तथा कार्यनीति........३१
४.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वियन योजना)........३१
परिच्छेद ५........३३
सामाजिक विकास योजना........३३
५.१ पृष्ठभूमि........३३
५.२ वर्तमान अवस्था........३३
५.३ लक्ष........३५
५.४ उद्धेश्य........३५
५.५ रणनीति तथा कार्यनीति........३६
५.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वियन योजना)........३८
परिच्छेद ६........४१
पूर्वाधार विकास योजना........४१
६.१ पृष्ठभूमि........४१
६.२ वर्तमान अवस्था........४१
६.३ लक्ष्य........४२
६.४ उद्देश्य........४२
६.५ रणनीति तथा कार्यनीति........४२
६.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वियन योजना)........४३

परिच्छेद ७ ...... ४५
उर्जा विकास योजना ...... ४५
७.१ पृष्ठभूमि ...... ४५
७.२ वर्तमान अवस्था ...... ४५
७.३ लक्ष्य ...... ४५
७.४ उद्देश्य ...... ४५
७.५ विषयगत रणनीति तथा कार्यनीति ...... ४५
७.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना) ...... ४६
परिच्छेद ८ ...... ४७
वन तथा वातावरण व्यवस्थापन योजना ...... ४७
८.१ पृष्ठभूमि ...... ४७
८.२ वर्तमान अवस्था ...... ४७
८.३ लक्ष्य ...... ५०
८.४ उद्देश्य ...... ५०
८.५ विषयगत रणनीति तथा कार्यनीति ...... ५०
८.६ प्रमुख रणनीतिक कार्यक्रम/आयोजना (कार्यान्वयन योजना) ...... ५१
परिच्छेद ९ ...... ५३
विपद् व्यवस्थापन योजना ...... ५३
९.१ पृष्ठभूमि ...... ५३
९.२ वर्तमान अवस्था ...... ५३
९.३ लक्ष्य ...... ५४
९.४ उद्देश्य ...... ५४
९.५ विषयगत रणनीति तथा कार्यनीति ...... ५४
९.६ प्रमुख रणनीतिक कार्यक्रम/आयोजना (कार्यान्वयन योजना) ...... ५५
परिच्छेद १० ...... ५६
सुशासन तथा संस्थागत विकास योजना ...... ५६
१०.१ पृष्ठभूमि ...... ५६
१०.२ वर्तमान अवस्था ...... ५६
१०.३ लक्ष्य ...... ५८
१०.४ उद्देश्य ...... ५८
१०.५ विषयगत रणनीति तथा कार्यनीति ...... ५८
१०.६ प्रमुख रणनीतिक कार्यक्रम/आयोजना (कार्यान्वयन योजना) ...... ६०
परिच्छेद ११ ...... ६५
कार्यान्वयन योजना ...... ६५
११.१ वित्तिय व्यवस्थापन योजना ...... ६५
११.२ आवधिक योजना कार्यान्वयन ...... ६७
११.३ अनुगमन तथा मूल्याङ्कन योजना ...... ६८
अनुसूची १: आवधिक योजनाको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन योजना ...... ७१
अनुसूची २: एकीकृत वार्षिक योजना तर्जुमाको ढाँचा ...... ८५
अनुसूची ३: विषय क्षेत्रगत योजना कार्यान्वयन विवरण फाराम ...... ८६

# परिच्छेद १
# परिचय

## १.१ ण[ञ&ङ्ग"तघ त्त

नेपालको संविधान बमोजिम तीन तहका सरकारहरु एकल अधिकार क्षेत्रको हकमा स्वायत्त रुपमा बिधायिकी, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्न स्वतन्त्र छन भने साझा अधिकारक्षेत्रको हकमा सहअस्तित्व, समन्वय र सहकार्यको अवधारणा अनुसार क्रियाशील हुनु पर्ने व्यवस्था रहेको छ । संविधानद्धारा प्रदत्त एकल तथा साझा अधिकारक्षेत्रलाई व्यवस्थित गर्ने उद्देश्यका साथ कार्यान्वयनमा आएको स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी बित्त हस्तान्तरण ऐन २०७४ र राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोग ऐन २०७४ जस्ता कानूनहरुले एकातिर स्थानीय सरकारको जिम्मेवारी तथा कार्यप्रणालीलाई थप स्पष्ट बनाएको छ भने अर्कोतिर गाउँपालिका तथा नगरपालिकाहरुलाई स्थानीयस्तरको विकासका लागि आफ्नो एकल अधिकार क्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक वा विषय क्षेत्रका लागि मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्न निर्देशित गरेको छ ।

संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकारको सूची र स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेका काम, कर्तव्य, अधिकार र जिम्मेवारीलाई ध्यानमा राखी सहभागितामूलक र समावेशी प्रक्रियाबाट बिद्यमान संभावना, अवसर, समस्या र चुनौति विश्लेषण गरी दीर्धकालीन सोच, समष्टिगत लक्ष्य, बिषय क्षेत्रगत उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रमहरु र आवश्यक श्रोत प्रक्षेपण सहित यो प्रथम आवधिक योजना (२०७६/०७७- २०८०/०८१) तर्जुमा गरिएको छ । योजना तर्जुमा सम्बन्धी यस अघि भए गरेका प्रयास एवं अभ्यास, विभिन्न कार्यविधि तथा निर्देशिका, हाल ऐन नियमले गरेका व्यवस्था तथा स्थानीय वस्तुस्थिति एवं आवश्यकताका आधारमा यो योजना तर्जुमा गरिएको छ ।

गाउँपालिकाले तयार गरेको वस्तुगत विवरणको आधारमा गाउँ विकासको वर्तमान अवस्था, संभावना तथा समस्या विश्लेषण गरी तादी गाउँपालिकाको एकीकृत स्वरुपको प्रथम आवधिक विकास योजना (२०७६/०७७-२०८०/८१) तर्जुमा गरिएको छ । गाउँ विकासको प्रयासलाई दिशानिर्देश गर्न एकीकृत, आवधिक तथा बार्षिक गाउँ विकास योजना तर्जुमा, योजनाको कार्यान्वयन, अनुगमन तथा विकासका प्रयासहरूको प्रभावको लेखाजोखा गर्न विषयगत सूचना तथा श्रोत नक्शा सहित गाउँ वस्तुस्थिति विवरण तयार समेत गरिएको छ, जुन आवधिक योजनाको प्रथम खण्डको रुपमा रहने छ ।

योजना तर्जुमा गर्ने सिलसिलामा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया पद्धती बमोजिम गाउँ सभा तथा कार्यपालिकाका निर्वाचित पदाधिकारी, कार्यालयका कर्मचारी, गाउँपालिका क्षेत्रमा क्रियाशिल राजनीतिक दलहरू तथा अन्य सरोकारवालापक्षको सहभागिता सुनिश्चित गरिएको थियो । आगामी वर्षहरुको बार्षिक योजना तर्जुमाका दौरानमा यो आवधिक विकास योजना गाउँपालिकाको लागि महत्वपुर्ण मार्गदर्शक सावित हुने विश्वास गरिएको छ ।

## १.२ योजना तर्जुमाको उद्देश्य

गाउँपालिका क्षेत्रको समष्टिगत आर्थिक, सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरु पहिचान एवम् परिभाषित मार्गचित्र नै आवधिक योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि गाउँपालिकालाई आफुले चाहेको गन्तव्य तर्फ विकासको गतिलाई डोऱ्याउने काम गर्दछ । गाउँपालिकाको नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै आवधिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरु देहायअनुसार छन् ।

- गाउँपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासकालागि साझेदार तथा सरोकारवालालाई एकैथलोमा राखी विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने
- सहभागितामूलक पद्धतिबाट गाँउको समग्र विकासको दीर्घकालीन सोच, आवधिक लक्ष्य निर्धारण गरी आधार सूचक र लक्ष्य परिमाणको आधारमा उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रमहरुको खाका बनाई गाँउपालिकाको वार्षिक कार्यक्रम तयार पार्न सहज वनाउने

- आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन कार्य योजना, अनुगमन र समीक्षा सूचकहरुको खाका तयार पार्ने
- भविष्यमा क्षेत्रगत रणनीतिक योजना (Sectoral Plan) तथा महत्वपूर्ण विकास प्राथमिकता प्राप्त कार्यक्रमहरु तर्जुमा गर्न मार्गनिर्देशित गर्ने ।
- प्राथमिकता प्राप्त योजना र क्रियाकलापमा लगानी सुरक्षित गर्न मध्यकालिन खर्च संरचना (Medium Term Expenditure Framework MTEF) तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रर्वद्धनका लागि मार्ग प्रशस्त गर्ने ।

## १.३ कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान अन्तर्गत मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय एवं प्रदेश कानून र नीति तथा तथा स्थानीय कानून र नीति बमोजम स्थानीय तहको विकासको मार्गचित्र निर्माण गरिनुपर्ने हुन्छ । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनमा स्थानीय स्तरका आवधिक योजना र बार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ । स्थानीय शासन संचालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रको भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यस प्रकार योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ ।

यसका अतिरिक्त स्थानीय सरकार संचालन ऐनले गाउँपालिकाले योजना तर्जुमा गर्दा देहायअनुसार गर्नुपर्ने समेत व्यवस्था गरेकाले ती विषयलाई मनन् गरी कार्य गरिएको छ ।

- मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरिएको
- स्थानीय बृद्धीजिवि, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराईएको,
- कार्यक्रम र प्रमुख आयोजनाहरुको स्रोत साधनको पूर्वानूमान र योजना कार्यान्वयन तालिका तयार गरिएको,
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोगको अपेक्षा गरिएको
- स्थानीयस्तरका विकास आयोजनाहरुको वार्षिक योजना तर्जुमा गर्दा आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको गाउँपालिकाबाट प्रतिवद्धता प्राप्त भएको
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नु पर्ने र आफ्नो बार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने व्यवस्था रहेकोले वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा उक्त प्रकृया अवलम्बन गर्ने सबै सरोकारवालाहरुको प्रतिवद्धता रहेको पाईएको
- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र कुनै पनि अन्तरराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वयमा कार्य गर्नु पर्ने गरी नीतिको परिपालना भई अधिकतम श्रोत परिचालनमा ध्यान पुर्‍याउने प्रतिवद्धता नेतृत्वबाट जाहेर भएको

संवैधानिक दायित्व तथा स्थानीय सरकार संचालन सम्बन्धी संघीय कानूनका अतिरिक्त स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियामा देहायअनुसार कानूनी तथा नीतिगत दस्तावेजमा उल्लिखित यस गाउँपालिकाका सन्दर्भमा उपयुक्त हुने विषयहरुलाई स्थानीयकरण गर्ने आधार समेत लिइएको छ : दिगो विकासका लक्ष्यहरू, राष्ट्रिय भूउपयोग नीति, २०६९,

विषयगत ऐन तथा नीतिहरू, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरु, राष्ट्रिय योजनाबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका, राष्ट्रिय, प्रादेशिक तथा जिल्लास्तरीय विषयगत गुरुयोजनाहरू ।

## १.४ आवधिक विकास योजना तर्जुमा तथा प्रक्रिया

यस गाउँपालिकाको विस्तृत स्वरुपको आवधिक विकास योजना देहायको विधि तथा प्रक्रिया अनुसार तर्जुमा गरिएको छ ।

### १.४.१ योजना तयारी कार्याशाला गोष्ठी

आवधिक योजना तर्जुमा गर्ने गाउँपालिकाको निर्णय बमोजिम गाउँपालिकाको आयोजनामा २०७५ साल चैत्र २६ मा आवधिक योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यशाला सम्पन्न गरी योजना तर्जुमा कार्य अगाडि बढाइयो ।

### १.४.२ आधाररेखा सुचना तथा वस्तुस्थिति विश्लेषण

आवधिक योजना तर्जुमा कार्यमा सघाउने महत्वपूर्ण सूचनाको आधारको रुपमा वस्तुगत विवरणमा उल्लेखित गाउँपालिकाको भौगोलिक तथा भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्था सहित विषयगत वस्तुस्थिति विवरणको विश्लेषण एवं सहभागितामूलक छलफल गरिएको छ

### १.४.३ दीर्घकालीन सोच निर्धारण तथा वस्तुस्थिति विलेषण कार्यशाला गोष्ठी

गाँउपालिकाको आयोजनामा २०७६ साल जेठ १५ र १६ गते आवधिक योजना तर्जुमाको चरण अन्तर्गत दीर्घकालीन सोच निर्धारण कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । कार्यशाला गोष्ठीले बिद्यमान संभावना र अवसर, समस्या एवं चुनौति तथा रणनीतिक रुपमा चाल्नुपर्ने कदमहरुको वस्तुपरक विश्लेषणको आधारमा गाँउपालिकाको समग्र बिकासको दीर्घकालीन सोच निर्धारण गरिएको थियो ।

### १.४.४ आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठी

गाउँपालिकाको आयोजनामा तथा एसडिआइसी प्राविधिक टोलीको सहजीकरणमा २०७६ साल आषाढ २२ र २३ गते आवधिक योजना तर्जुमाका लागि विस्तृत कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त कार्यशाला गोष्ठीमा गाउँ विकासको दीर्घकालिन सोच (Vision) मा आधारित भई आवधिक योजनाको नतिजा तालिका (Results Framework), लक्ष्य (Goal), ध्येय (Mission), उद्देश्य (Objectives) तथा रणनीति (Strategies), विषय क्षेत्रगत संभावना तथा अवसर, समस्या तथा चूनौती र अवलम्बन गर्नु पर्ने विषय क्षेत्रगत रणनीति (Sectoral Strategies) गर्ने कार्य सम्पन्न गरिएको थियो । गोष्ठीमा गाउँ कार्यपालिकाका पदाधिकारी, विषयगत योजना समितिका पदाधिकारी, विषयगत शाखा र सेवा केन्द्र तथा इकाईका प्रमुख तथा सम्बन्धित कर्मचारी, गाउँपालिका क्रियाशिलत गैसस, समुदायमा आधारित संस्था तथा स्थानीय विषय क्षेत्र विज्ञ, अगुवा, लक्षित वर्ग समुदाय तथा स्थानीय राजनीतिक दलका प्रतिनिधि र समाजसेवीको उपस्थिति रहेको थियो ।

गोष्ठीमा वस्तुस्थिति विवरण, आधार सूचना तथा विषयगत वस्तुस्थिति विश्लेषण कार्यशालाबाट प्राप्त विवरणको आधारमा योजनाको नतिजा तालिका (नतिजा श्रृंखला तथा सूचक, आधाररेखा सूचना, भौतिक लक्ष्य, पुष्ट्याइका आधार), कार्यान्वयन योजना (अपेक्षित नतिजा हासिल गर्न आवश्यक नविन तथा प्रमुख आयोजना कार्यक्रम, भौतिक लक्ष्य, आवश्यक स्रोत अनुमान र स्थानगत तथा कार्यक्रमको विवरण), विषय क्षेत्रगत अपेक्षित प्रतिफल हासिल गर्न अवलम्बन गर्ने कार्यनीति) तर्जुमा गरियो । यसका साथै कार्यशालामा आवधिक योजनाको अवधिमा गाउँपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाँटबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान समेत अन्य विभिन्न स्रोतबाट प्राप्त विगतको स्रोतको आधारमा आगामी ५ बर्षको उपलब्ध हुन सक्ने श्रोत समेत अनुमान तथा प्रक्षेपण गरियो ।

योजनाको वित्तीय विश्लेषणमा जनसमुदाय, निजी क्षेत्र, गैसस तथा समुदायिक संस्था, संघ तथा प्रदेश सरकारबाट सिधै कार्यान्वयन हुने आयोजना तथा कार्यक्रममा हुने लगानी समेत विश्लेषण गरी अपुग श्रोत परिचालन रणनीति समेत तय गरिएको छ । साथै कार्यशालामा योजनानको नतिजा खाकामा आधारित भई प्रस्तावित प्रमुख आयोजनाको प्रक्रिया अनुगमन, प्रतिफल, असर तथा प्रभावको नतिजा अनुगमन तथा लेखाजोखाको खाँका समेत प्रस्तुत तथा छलफल गरिएको थियो ।

### १.४.५ योजना दस्तावेज तयारी

आवधिक योजना तयारीका क्रममा विभिन्न चरणहरुबाट प्राप्त विवरण, सुझाव एवं निश्कर्षका आधारमा आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरिएको छ । योजना दस्तावेजलाई मुख्य एघार परिच्छेदमा विभाजन गरिएको छ जसअनुसार परिचय, दीर्घकालीन सोच, लक्ष्य तथा उद्धेश्य, आर्थिक विकास योजना, संस्कृति तथा पर्यटन योजना, सामाजिक विकास योजना, पूर्वाधार विकास योजना, उर्जा विकास योजना, वन तथा वातावरण योजना, विपद् व्यवस्थापन योजना, सुशासन तथा संस्थागत विकास योजना र कार्यान्वयन योजना रहेका छन् । आवधिक योजनाको प्रारम्भिक लेखन विभिन्न सरोकारवाला समितिहरुबाट भएको र त्यस प्रारुपलाई योजनाविद् तथा विषयविज्ञहरुको सुझाब लिई योजना तर्जुमा प्राविधिक सहयोग टोलीद्धारा आवधिक योजना दस्तावेज परिमार्जन गरिनुका साथै स्थानीय तहका अधिकार क्षेत्रका प्राय सवै विषय एवं प्राविधिक पक्षहरुलाई तर्कपूर्ण एवं वस्तुनिस्ठ ढंगबाट प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ ।

### १.४.६ मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशाला तथा अन्तिम दस्तावेज तयारी

स्थानीय तहको आवधिक योजना तर्जुमा दिग्दर्शन, योजनाको स्तरीय ढाँचा, सहभागितामूलक कार्यशाला, विषयविज्ञको सुझाब र परामर्शका आधारमा तयार योजनाको मस्यौदा दस्तावेजलाई गाउँपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवाला माझ २०७६ साल भाद्र १ गते कार्यशालाको आयोजना गरी प्रस्तुती, छलफल तथा सुझाव प्राप्त गरियो । कार्यशालामा प्रस्तुती, विषय क्षेत्र समूह तथा वृहत समूह छलफल र परामर्श गरी आवधिक योजनालाई पूर्ण बनाउन आवश्यक सुझाव प्राप्त गरियो । कार्यशाला तथा सरोकारवालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरी गाउँपालिकाको आवधिक विकास योजनाको दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको छ ।

## १.५ सीमा

यस आवधिक विकास योजना तर्जुमाका सीमाहरू निम्न बमोजिम रहेका छन् :

- आवधिक विकास योजना तर्जुमा क्रममा गरिने वस्तुस्थिति बिश्लेषणको लागि आवश्यक आधार तथ्याङ्क तथा सूचना श्रोतको रुपमा गाउँ वस्तुस्थिति विवरणलाई लिइएको छ । यस गाउँपालिकाको सन्दर्भमा पनि घरधुरी तहको हकमा घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क, वडातह र संस्थागत क्षेत्रबाट प्राप्त तथ्याङ्क सूचनालाई नै आधार बनाउने अधिकतम प्रयास गरिएको छ । बिषय क्षेत्रगत तथ्याङ्क तथा सूचनामा कुनै दुविधा उत्पन्न भएको अवस्थामा कार्यशालाको क्रममा नै सहभागितामूलक छलफलबाट सहमति बनाई सोही आधारमा विश्लेषण गरिएको छ । यसका साथै संघ, प्रदेशका प्रकाशन तथा दस्तावेज लगायत अन्य सूचना समेतलाई आधार बनाइएको छ ।

- प्रदेशस्तरमा प्रदेश सरकारले प्रादेशिक योजना तर्जुमाको क्रममा रहेको हुँदा प्रादेशिक र संघीय सरकारका विषय क्षेत्रभित्रका साझा अधिकारका क्षेत्रभित्र पर्ने योजना तथा कार्यक्रम यकिन गर्न सकिने अवस्था भइनसकेको हुँदा यो आवधिक योजनाले समेटेको छैन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू गाउँसभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था

भएतापनि यो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा आइसकेको अवस्था नहुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट हुने क्रियाकलाप तथा लगानी समावेश गरिएको छैन ।

- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिकाले उक्त श्रोत साधनको प्रक्षेपण गरिनसकेकोले योजना तर्जुमाको यथार्थ श्रोत साधनको प्रक्षेपण हुन सकेन र अनुमानित श्रोतमात्र प्रक्षेपण गरिएको छ ।
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना संचालन तथा व्यवस्थापनको यथार्थ प्रक्षेपण गर्न सकिएको छैन ।

# परिच्छेद २
# योजनाको अवधारणा र प्रारूप

## २.१ गाउँ विकासको दीर्घकालिन सोचः

गाउँ वस्तुस्थिति विवरणको आधार सूचना तथा आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठी प्रस्तुत गाउँपालिकाको वस्तुस्थिति विश्लेषण, मस्तिष्क मन्थन तथा सहभागितामूलक छलफल तथा परामर्शका आधारमा विकासका संभावना, अग्रणी क्षेत्र र गाउँपालिकावासीले चाहेको अवस्थालाई मध्यनजर गरी देहाय अनुसार गाउँपालिकाको दीर्घकालिन सोच तयार गरिएको छ ।

**"कृषि, जलश्रोत, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार**
**आत्मनिर्भर र समृद्ध तादीको आधार"**

कृषि, जलश्रोत, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधारलाई अग्रणी माध्यमको रुपमा प्रयोग गरी स्वस्थ्य, शिक्षित, आत्मनिर्भर, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने गाउँपालिकाको रुपमा विकास गरिनेछ ।

गाउँपालिकाको उल्लेखित दीर्घकालीन सोचलाई साकार पार्न कृषि, जलश्रोत, शिक्षा र पर्यटनको विकासमा विशेष प्राथमिकता सहित देहाय अनुसारको विकासको निर्देशक सिद्धान्त तय गरिएको छ ।

- **स्थानीय अर्थतन्त्रको विकास र विस्तार** : संघ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य, उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्यको माध्यमद्धारा स्थानीय अर्थतन्त्रको किास र विस्तार गरी समृद्धिको आधार तयार गरिनेछ ।
- **व्यवस्थित भू-उपयोग र योजनाबद्ध विकासः** राष्ट्रिय भूउपयोग नीति २०६९ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तताका, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भूउपयोग क्षेत्र निर्धारण सहित भू-उपयोग योजना तर्जुमा गरी सोको पालना अभिृद्धि गर्ने संयन्त्र र कानूनी र नीतिगत व्यवस्था गरिनेछ ।
- **उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशिल पूर्वाधार** : भूउपयोग योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास एकीकृत योजना तजुमा गरी सो अनुसार पूर्वाधार विकास र सुविधा अभिबृद्धि गरिनेछ । पूर्वाधार तथा संरचना निर्माण गर्दा उत्पादन तथा आयमूलक क्षेत्रमा जोड दिने नीति अवलम्बन गरिनेछ । साथै पूर्वाधार निर्माण गर्दा रिचार्ज पोखरी, बाँध निर्माण जस्ता जलवायु अनुकुलन आयोजनामा विशेष प्राथमिकता दिने तथा संरचना निर्माण गर्दा वातावरण संरक्षण ऐन तथा नियम अनुसार वायोइञ्जिनियरिङ्ग र संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ ।
- **प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनः** गाउँपालिकालाई प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गर्दै जनतालाई शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी, सरसरफाई लगायतका सेवा सुविधा प्रत्याभूति गरिनेछ । यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धीको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ ।
- **निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्यः** पूर्वाधार निर्माण, संचालन, सेवा प्रवाहमा निजी, गैर सरकारी, सहकारी र समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धीलाई प्रभावकारी गरिनेछ । कृषि पशुपालन, व्यवसाय सेवा, उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाई, इञ्जिनियरिङ्ग जस्त निजी क्षेत्र, गैर सरकारी र सहकारी संस्थालाई करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्था गरी स्थानीय सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाईनेछ । साथै विकास निर्माण कार्यमा निजी, गैर सरकारी, सहकारी र समुदायको लगानी र साझेदारी अभिबृद्धि गरिनेछ ।
- **समावेशीकरण, सुशासन तथा सदाचार प्रर्वधन** : सुशासन, विकास र समृद्धि देश विकासको अवको कार्यसूची तय भएको छ । सुशासन विकास र समृद्धिको पूवसर्तको रुपमा रहेको छ । सुशासनको लागि विद्यमान सबै खालका विभेद तथा वहिष्करण अन्त्य, कानून तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र

जवाफदेहिता उच्चतम अभ्यास गरिनेछ । राजनीति तथा समाजमा बढ्दै गईरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धति अबलम्बन र सामाजिक जवाफदेहिता सम्बन्धी संयन्त्रहरुको एकीकृत र सचेत अभ्यास गरिने छ । यस प्रक्रियामा नागरिक समाजको साझेदारी गरिनेछ ।

- **सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापन :** विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाईनेछ । यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ ।

## २.२ लक्ष्य तथा उद्धेश्य

तादी गाउँपालिकाको यस प्रथम आवधिक विकास योजना ***आत्मनिर्भर र समृद्ध तादीको आधार तयार*** गर्ने मुख्य लक्ष्य सहितको योजनाको रुपमा रहेको छ । गाउँपालिकाको दीर्घकालिन सोच अनुरुप उपरोक्त लक्ष्य हासिल गर्न आवधिक विकास योजनाले देहायअनुसारको उद्देश्य लिईएको छः

- उत्पादन, रोजगारी र आयमा दीगो बृद्धि गर्नु
- स्वस्थ, प्रतिस्पर्धी र दक्ष मानव संशाधनको विकास गर्नु
- गुणस्तरीय पूर्वाधार, व्यवस्थित बजार तथा आधारभूत सुविधाको पहुँचमा बृद्धि गर्नु
- जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलन कायम गर्नु
- सेवा प्रवाह, कार्यसम्पादन र जवाफदेहिताको स्तरमा अभिबृद्धि गर्नु

## २.३ समष्टिगत रणनीतिहरू

तादी गाउँपालिका क्षेत्रको समिष्टगत विकासका लागि आवधिक योजनाले देहायअनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिई विकास प्रयासलाई संचालन गर्ने रणनीति अवलम्बन गरिनेछः

- कृषि र पशुपंक्षीजन्य उत्पादनको व्यवसायीकरण, विविधिकरण र औद्योगिकरण गर्ने
- पर्यटन, जडिबुटी एवं स्थानीय स्रोतमा आधारित उद्योग र व्यवसायको सिर्जना र विकास गर्ने,
- गुणस्तरीय तथा व्यवसायिक शिक्षा, स्वास्थ्य सेवा, स्वच्छ खानेपानी र सरसफाई सुविधा, सामाजिक सुरक्षा तथा सशक्तिकरण प्रवर्धन तथा सुनिश्चित गर्ने,
- यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा तथा संचारका पुर्वाधार विकास र विस्तार गर्ने
- वातावरण तथा विपद व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन, जैविक विविधता संरक्षण, समावेशीकरण तथा सुशासनलाई स्थानीय शासन तथा विकास प्रक्रियामा एकीकृत गर्ने,
- अन्तर सरकार, निजी क्षेत्र, सहकारी र नागरिक समाजको साझेदारी र सहशासनलाई सुदृढ बनाउने

## ३.४ नतिजा तालिका

गाउँ विकासका प्रयासहरुलाई एकीकृत गरी गाउँ विकासको मूल ध्येयतर्फ अग्रसर गराउन तथा लक्ष्य प्राप्त गर्न नतिजामूलक योजनाको ढाँचामा एकीकृत स्वरुपको आवधिक विकास योजना तर्जुमा गरिएको छ । नतिजामूलक ढाँचा परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको छ । योजनामा स्थानीय तहको अधिकार क्षेत्रलाई आर्थिक, सामाजिक, पूर्वाधार विकास, वन तथा वातावरण र संस्थागत विकास र सुशासन क्षेत्रहरुमा एकीकृत गरिएको छ । परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको गाउँपालिकाको समष्टिगत विकासको एकीकृत नतिजा तालिका देहायअनुसार रहको छ ।

### *तालिका १ : नतिजा तालिका*

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **लक्ष्य :** आत्मनिर्भर र समृद्ध तादीको आधार तयार भएको हुनेछ । | मानव विकास सूचकांङ्क (Province 3 Report) | मान | ०.४५२ | ०.४५० | ०.५२५ | ०.५७५ | – गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>– अध्ययन प्रतिवेदन<br>– मूल्याङ्कन प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – |
| | प्रति व्यक्ति वार्षिक आय (NHDR २०१४) | रु. हजारमा | १०८६ | ११०० | ११५० | १२०० | | |
| | रोजगारी दर (Province 3 Report, 2019) | प्रतिशत | ५८.५ | ६०.० | ६२.० | ६५.० | | |
| | पक्की घर (Province 3 Report, 2019) | प्रतिशत | १.१२ | ३ | ६ | ९ | | |
| | आय सूचक (Province 3 Report, 2019) | मान | ०.४१४ | ०.४५० | ०.५०५ | ०.६०५ | | |
| | वार्षिक आम्दानीको दुई तिहाईभन्दा बढी रकम खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ३३ | २५ | २० | १५ | | |
| | वेरोजगार | संख्या | ९२५ | ८०० | ५०० | २०० | | |
| | बार्षिक १ लाख भन्दा कम आम्दानी हुने घरपरिवार | प्रतिशत | ३९ | ३६ | ३३ | ३० | | |
| उद्देश्य<br>**असर १ :** उत्पादन, रोजगारी र आयमा दीगो बृद्धि भएको हुनेछ । | कृषि तथा पशुपालन क्षेत्रमा रोजगार | जना | १७५ | २०० | ४०० | ६०० | ● गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>● सर्वेक्षण प्रतिवेदन<br>● प्रगति/अनुगमन प्रतिवेदन | – स्थानीय स्तरमा आर्थिक अवसर सृजना हुनेछ ।<br>– संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>– जलवायु परिवर्तन र विपदको असर न्युन हुनेछ । |
| | उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | जना | १२६ | २०० | ३०० | ४०० | | |
| | पर्यटन तथा सेवा क्षेत्रमा रोजगार | जना | १९ | २५ | ५० | ७० | | |
| | प्रति व्यक्ति वार्षिक औषत आय | रु.हजारमा | १२१.३० | १५० | १७५ | २०० | | |
| | बार्षिक ५०,००० भन्दा कम आम्दानी हुने परिवार | प्रतिशत | १७.७१ | १२ | ९ | ७ | | |
| | वार्षिक आम्दानीको दुई तिहाईभन्दा बढी रकम खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ३३ | २५ | २० | १५ | | |
| | वैदेशिक रोजगारीमा गएका व्यक्ति | जना | ६१८ | ५०० | ४०० | ३५० | | |
| | उन्नत विउ, जैविक मल, विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १५ | २५ | ४० | ४५ | | |
| **प्रतिफल १.१:** व्यवसायिक कृषिको विकास, संस्थागत तथा समूहगत क्षमतामा सुदृढीकरण एवं | आफ्नो कृषि उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | १७.१२ | २२ | ३० | ४० | – गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – कृषि विकास रणनीतिको कार्यान्वयन हुनेछ ।<br>– सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुनेछ ।<br>– कृषि सेवा तथा प्रविधी प्रवाहमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ । |
| | कृषि तथा पशुपालन व्यवसायमा संलग्न परिवार | प्रतिशत | २२.८५ | २५ | ३० | ४० | | |
| | साना किसान तथा उत्पादकको औषत वार्षिक आय | रु. हजारमा | ६० | ८० | ९० | ११० | | |
| | जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक | रु. हजारमा | १२० | १३० | १४० | १८० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| उत्पादन तथा उत्पादकत्व बृद्धि भएको हुनेछ। | औषत कुल कृषि उत्पादन) | | | | | | | –बजार अवधारणा अनुसार कृषकको नेतृत्वमा कृषि अनुसन्धान र प्रविधि हस्तान्तरण हुनेछ। –जलवायु परिवर्तन तथा विपद असर न्यून हुनेछ –कृषि वातावरणीय ह्रास कम हुनेछ। |
| | व्यवसायिक कृषि फार्म | संख्या | २० | ४० | ८० | १०० | | |
| | सक्रिय व्यवसायिक कृषक सुमह | संख्या | ३० | ४५ | ७० | ९० | | |
| | व्यवसायिक उत्पादनमा संलग्न कृषक | संख्या | ३६१ | ४०० | ४५० | ५०० | | |
| | तरकारी उत्पादन | क्विन्टल | ३६१५९ | ४०००० | ४५००० | ५०००० | | |
| | व्यवसायिक आलु उत्पादन | क्विन्टल | ५००० | ६००० | ७००० | ८००० | | |
| | फलफुल उत्पादन | क्विन्टल | ४२९५ | ५००० | ८००० | १०००० | | |
| | नगदे वाली उत्पादन | क्विन्टल | १५०३ | १६०० | १८०० | २००० | | |
| | तेलहन उत्पादन | क्विन्टल | १४५६ | १५०० | १६०० | १७०० | | |
| | मह उत्पादन | के.जि. | ५८५ | ८०० | १००० | १५०० | | |
| | व्यावसायिक कृषि नर्सरी | संख्या | ० | ३ | ४ | ६ | | |
| | कोल्ड स्टोर/रष्टिक स्टोर/सेलार स्टोर | संख्या | ० | ० | १ | १ | | |
| | प्रवर्द्धित कृषि उपज संकलन तथा बजार केन्द्र | संख्या | १ | ३ | ४ | ४ | | |
| | कृषि संकलन केन्द्र | संख्या | १ | ३ | ४ | ४ | | |
| **प्रतिफल १.२:** खेतीयोग्य जमीनमा भरपर्दो र दीगो सिंचाई सुविधा विस्तार भएको हुनेछ। | १२ है महिना सिंचाई हुने क्षेत्र | रोपनी | २१६०० | २४००० | २६००० | ३०००० | –गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल) –सर्वेक्षण प्रतिवेदन –प्रगति/अनुगमन प्रतिवेदन | –कृषि सेवा तथा प्रविधी प्रवाहमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ। –कृषि विकास रणनीति कार्यान्वयन हुनेछ। –सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुनेछ। |
| | सुचारु नयाँ प्रविधिमा आधारित सिंचाई आयोजना (पोखरी, ड्रिप, लिफ्ट आदि) | संख्या | २ | २ | २ | २ | | |
| | सुचारु कूलो तथा नहर आयोजना | संख्या | ४५ | ५० | ५५ | ६० | | |
| | नदी नियन्त्रणबाट संरक्षित क्षेत्र | हेक्टर | १ | ५ | १० | १५ | | |
| | नदी नियन्त्रण सम्बन्धी संरचनाको लम्बाई | कि.मि. | १ | ३ | ५ | ७ | | |
| **प्रतिफल १.३** पशुजन्य उत्पादनको व्यवसायीकरणमा बृद्धि भएको हुनेछ। | कुखुरा तथा पन्छीको बार्षिक मासु उत्पादन | मे.टन | ७२.९ | ७५ | ८५ | १०० | –गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल) –सर्वेक्षण प्रतिवेदन –प्रगति/अनुगमन प्रतिवेदन | –कृषि विकास रणनीति कार्यान्वयन हुनेछ। –सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुनेछ। –पशु सेवा र प्रविधी प्रवाहमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ। –जलवायु परिवर्तन तथा विपद असर न्यून हुनेछ |
| | सुँगुर वा वंगुरको बार्षिक मासु उत्पादन | मे.टन | ५.१२ | १० | १५ | २५ | | |
| | माछाको बार्षिक उत्पादन | मे.टन | ० | ० | १ | २ | | |
| | खसी, वोका, भेडाको बार्षिक मासु उत्पादन | मे.टन | ४६.३८ | ५० | ७० | ९५ | | |
| | राँगाको बार्षिक मासु उत्पादन | मे.टन | ३५ | ६५ | ७० | ८५ | | |
| | बार्षिक दूध उत्पादन | लाख लिटर | १२.९२ | २० | ३० | ४० | | |
| | व्यवसायिक पशुपालन फर्म | संख्या | ११ | २० | ३५ | ५० | | |
| | सक्रिय पशुपालन समूह | संख्या | १०० | १२५ | २०० | २५० | | |
| | व्यवसायिक कुखुरापालन फर्म | संख्या | ३० | ३५ | ४० | ५० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | व्यवसायिक पशुपालन व्यावसायमा संलग्न परिवार | संख्या | ११० | १५० | १७५ | २०० | | |
| | भुइघाँसको व्यवसायिक उत्पादन क्षेत्र | रोपनी | ० | १० | २० | ३० | | |
| | नश्ल सुधार तथा उपचार केन्द्र | संख्या | ० | १ | २ | ३ | | |
| | क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | ५ | ८ | १२ | १५ | | |
| | पशुपालनसम्बन्धी प्रविधि (खोप, कृत्रिम प्रजनन्, क्यासट्रेसन आदि) उपयोग गर्ने घरपरिवार | प्रतिशत | १० | २० | ३० | ४० | | |
| | चिस्यान केन्द्र/संकलन केन्द्र | संख्या | ० | १ | २ | ३ | | |
| **प्रतिफल १.४:** स्थानीय सीप एवं कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगको विकास एवं विस्तार तथा औद्योगिकीकरणको आधार तयार भएको हुनेछ। | उद्योग तथा व्यवसायमा संलग्न जनसंख्या | संख्या | ५६७ | ६०० | ८०० | १००० | –गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>–सर्वेक्षण प्रतिवेदन<br>–प्रगति/अनुगमन प्रतिवेदन | –संघीय शासन व्यवस्था अनुसार उद्यम तथा व्यापार प्रवर्धन सम्बन्धी संघीय तथा स्थानीय कानून तथा नीति तत्काल तर्जुमा भई कार्यान्वयन हुनेछ।<br>–निजी क्षेत्र बीच स्वस्थ्य प्रतिस्पर्धा हुनेछ।<br>–औद्योगिक विकास नीति तर्जुमा हुनेछ। |
| | सुचारु व्यापार व्यवसाय | संख्या | १०७ | १३० | १६० | २०० | | |
| | चालु लघु उद्योग | संख्या | ० | ३ | ७ | १० | | |
| | चालु घरेलु उद्योग | संख्या | २ | ४ | ७ | १० | | |
| | चालु साना उद्योग | संख्या | ७ | १० | १२ | १५ | | |
| | कच्चा पदार्थको निकासी परिमाण | रु.हजारमा | ० | ५०० | १५०० | ३५०० | | |
| | उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | १ | ३ | ५ | १० | | |
| | उद्यम सृजना र विकास सम्बन्धी तालिम लिने उद्यमी | संख्या | ० | २५ | ५० | १०० | | |
| | व्यवसायिक प्राविधिक सीपयुक्त दक्ष व्यक्ति | संख्या | ६९ | ७५ | ८५ | १०० | | |
| **प्रतिफल १.५:** बैंक तथा वित्तीय सेवामा स्थानीयको सहज पहुँच कायम भएको हुनेछ। | सहकारी तथा वित्तीय संस्थामा आवद्ध घरपरिवार | प्रतिशत | ४० | ६० | ८० | ९० | –गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>–सर्वेक्षण प्रतिवेदन<br>–प्रगति/अनुगमन प्रतिवेदन | –संघीय संरचना अनुसार वित्तीय सेवा प्रदायकको सेवा समायोजन हुनेछ।<br>–वित्तीय सेवा र सुविधा स्थानीय तहमा विस्तार हुनेछ। |
| | सेवा सुचारु बैंक शाखा र वित्तीय सेवा प्रदायक | संख्या | २ | २ | ३ | ३ | | |
| | बैंक र वित्तीय संस्थाबाट औद्योगिक, व्यवसायिक क्षेत्रमा लगानी रकम | रु.लाखमा | १५०० | २००० | २५०० | ३००० | | |
| | बैकमा खाता हुने वा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ४० | ६० | ८० | ९० | | |
| **प्रतिफल १.६:** स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा सम्बर्द्धन एवं | पर्यटन विकास गुरुयोजना तर्जुमा | भए/नभएको | नभएको | भएको हुने | भएको हुने | भएको हुने | –गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>–सर्वेक्षण प्रतिवेदन<br>–प्रगति/अनुगमन प्रतिवेदन | –संघीय संरचना अनुसार पर्यटन प्रर्वधन संबन्धी संघीय कानून तथा नीति तर्जुमा हुनेछ।<br>–संघ, प्रदेश तथा स्थानीय सरकार, विकास साझेदार र निजी क्षेत्रबाट |
| | पर्यटन प्रवर्धनमा संलग्न संघ/संस्था | संख्या | ० | २ | ४ | ८ | | |
| | पर्यटनसँग सबन्धित संयन्त्र/समिति | वटा | ० | १ | २ | ३ | | |
| | पर्यटन र सँस्कृतीसँग सम्बन्धित अध्ययन र | संख्या | ० | १ | २ | ३ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| पर्यटकीय सेवा सुविधाको स्तरबृद्धि हुने तथा आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा बृद्धि भएको हुनेछ । | सर्वेक्षण विषय | | | | | | | पर्यटन विकासमा लगानी हुनेछ ।<br>– स्थानीय कला तथा संस्कृति संरक्षणमा जनस्तरमा अग्रसरता बढेको हुनेछ । |
| | भमण गर्ने वार्षिक पर्यटक (बाह्य) | संख्या | ७१०० | ८००० | ९००० | १००० | | |
| | भ्रमण गर्ने वार्षिक पर्यटक (आन्तरिक) | संख्या | १००० | २००० | ३००० | ५००० | | |
| | तालिम प्राप्त टुर गाइड | संख्या | १५ | २० | ३५ | ५० | | |
| | व्यवस्थित पर्यटकीय स्थल | संख्या | १ | ३ | ७ | ९ | | |
| | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | ३ | ५ | ७ | १० | | |
| | पर्यटकीय स्तरका होटेल तथा रेष्टुरेण्ट | संख्या | १० | १२ | १६ | २० | | |
| | कृषि पर्यटन संचालन स्थान | संख्या | ० | २ | ४ | ६ | | |
| | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदा | संख्या | १ | ३ | ७ | ९ | | |
| | संचालित तथा व्यवस्थित पदमार्गको लम्बाई | कि.मि. | ० | ७ | १४ | २० | | |
| | संरक्षित कला, सँस्कृति र सम्पदा | संख्या | ७ | ७ | ८ | ९ | | |
| | मातृभाषा पढाइ हुने आधारभूत विद्यालय संख्या | संख्या | ० | ० | १ | १ | | |
| | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य संबन्धी अध्ययन तथा अनुसन्धान | संख्या | ० | १ | २ | ३ | | |
| | स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन | संख्या | ० | २ | ३ | ४ | | |
| **असर २**: स्वस्थ, प्रतिस्पर्धी र दक्ष मानव संशाधनको विकास हुनेछ । | साक्षर जनसंख्या | प्रतिशत | ७३.७९ | ७५ | ८३ | ९० | – गाउँ वस्तुस्थिति विवरण ( प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – राजनीतिक स्थिरता सहित संघीय शासन व्यवस्था संस्थागत हुनेछ ।<br>– संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>– सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित कार्यक्रममा निरन्तरता हुनेछ । |
| | स्नातक तह उतीर्ण जनसंख्या | जना | १६४० | १७५० | २२५० | २६०० | | |
| | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | १३७७ | १४०० | १५५० | १७०० | | |
| | सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग | संख्या | २०१९ | २०८० | २१५० | २३०० | | |
| | सरकारी, गैर सरकारी र निजी क्षेत्रमा रोजगार | जना | १०५४ | ११०० | १३०० | १५०० | | |
| | प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल पुग्न लाग्ने औसत समय | मिनेट | ९० | ८५ | ६० | ६० | | |
| | कक्षा १० को जिपिए औसत | प्रतिशत | २.६९ | २.८ | ३.१ | ३.५ | | |
| | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल जाने जनसंख्या | प्रतिशत | ७०.९३ | ७२ | ८० | ९० | | |
| **प्रतिफल २.१**: पूर्व प्राथमिक तथा प्राविधिक शिाक्षामा | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | १९१ | २०० | २५० | ९० | – गाउँ वस्तुस्थिति विवरण ( प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ । |
| | स्नातक तह उत्तिर्ण गर्ने महिला | जना | ८०० | ८५० | ११५० | ३०० | | |
| | विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | जना | ३ | २ | १ | १७०० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| पहुँच तथा विद्यालय शिक्षाको गुणस्तरमा वृद्धी भएको हुनेछ । | प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४-५ बर्षका बालबालिका | जना | १६८२ | १६९५ | १७२० | १३०० | – प्रगति/अनुगमन प्रतिवेदन<br>– विद्यालय सुधार योजना प्रतिवेदन | – अभिभावक तथा स्थानीय सरोकारवालाको प्रतिबद्धता र सहभागितामा अभिबृद्धि हुनेछ ।<br>– सरकारी, गैर सरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>– गाउँपालिकाबाट सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रम तर्जुमा र पालना हुनेछ ।<br>– स्थानीयस्तरमा सरकारी, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ । |
| | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ९५ | ९६ | ९७ | ० | | |
| | कक्षा १० को निरन्तरता दर | प्रतिशत | ९३ | ९४ | ९६ | १७५० | | |
| | बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | ५० | ५५ | ७५ | ९९ | | |
| | पानी तथा सरसफाइ सुविधासहित छात्र तथा छात्रा शौचालय निर्माण भएका विद्यालय | संख्या | ८ | १२ | २५ | ९९ | | |
| | कम्प्युटर र इन्टरनेट सुविधा उपलब्ध विद्यालय | संख्या | ४ | ५ | १० | १०० | | |
| | बालमैत्री पुर्वाधार (पर्खाल, कक्षा कोठा र खेल मैदान) भएका विद्यालय | संख्या | १६ | १८ | २५ | ३१ | | |
| | बालक्लव गठन भएका विद्यालय | संख्या | २४ | ३१ | ३१ | १० | | |
| | महिला शिक्षकको अनुपात | संख्या | ७४/११५ | | | ३१ | | |
| | विज्ञान र कम्प्युटर प्रयोगशाला भएका | संख्या | ३ | ४ | ६ | ३१ | | |
| | प्राविधिक विद्यालय | संख्या | १ | १ | २ | ९०/११५ | | |
| | उच्च शिक्षा क्याम्पस | संख्या | १ | १ | १ | ६ | | |
| **प्रतिफल २.२:** आधारभूत तथा चिकित्सकिय स्वास्थ्य सेवामा पहुँच तथा गुणस्तर बृद्धि भएको हुनेछ । | स्थानीय स्वास्थ्य संस्था | संख्या | ६ | ७ | १० | १२ | – गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ ।<br>– राजनीतिक प्रतिबद्धता तथा स्थानीय तहका सरोकारवाला बीच समन्वय, सहकार्य र साझेदारीमा बृद्धि हुनेछ । |
| | कम तौल भएका ५ बर्षमूनीका बालबालिका | प्रतिशत | २० | १८ | १० | ६० | | |
| | पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने गर्भवती | प्रतिशत | २७.८५ | ३५ | ७० | ९० | | |
| | जन्मदा २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु | प्रतिशत | १० | | ७ | ४.९ | | |
| | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ३५ | ४५ | ८० | १०० | | |
| | झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | संख्या | २५० | २४० | २०० | १५० | | |
| | स्वाशप्रश्वासको संक्रमण (ARI) दर (प्रति हजारमा) | संख्या | २५० | २४० | २०० | १५० | | |
| | चिकित्सक वा हे.अ. जनसंख्या अनुपात | संख्या | ४३३८ | ४००० | २५०० | २००० | | |
| | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ४३ | ४५ | ५५ | ६० | | |
| | स्वास्थ्य विमा गर्ने परिवार | संख्या | ३ | १० | १३०० | २००० | | |
| | निजी तथा समुदायमा आधारित स्वास्थ्यकर्मी | जना | ३ | ४ | ७ | १० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | आयोडिनयुक्त नून प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ९८.४२ | ९८.५ | ९९ | १०० | | |
| | आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध स्वास्थ्य संस्था | संख्या | २ | ३ | ६ | ६ | | |
| **प्रतिफल २.३:** स्वच्छ खानेपानीको सहज उपलब्धता र सरसफाइजन्य व्यवहारमा अभिबृद्धि भएको हुनेछ । | निजीधारा उपलब्ध घरपरिवार | संख्या | ५६४ | ७५० | ३००० | ४०३२ | – गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | पाइपलाइनबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | प्रतिशत | ७९.३५ | ८५ | १०० | १०० | | |
| | उपचार गरिएको/सुरक्षित खानेपानी सुविधा उपयोग गर्ने जनसंख्या | संख्या | ० | ३०० | ४०३२ | ४०३२ | | |
| | स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | प्रतिशत | ७७.६३ | ८० | ९० | १०० | | |
| | सार्वजनिक शौचालय | संख्या | १ | २ | ४ | ५ | | |
| | जोखिमयुक्त अवस्थामा साबुन पानीले हात धुने | प्रतिशत | ७५ | ७८ | ८५ | ९५ | | |
| | फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | १० | १२ | ३५ | ५० | | |
| | सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | संख्या | २५ | ३० | १०० | १५० | | |
| **प्रतिफल २.४:** लक्षित वर्गको निर्णय निर्माण प्रकृयामा सहभागिता, सामाजिक मर्यादा र आत्मनिर्भरतामा बृद्धि भएको हुनेछ । | नेतृत्वदायी पदमा महिला र अन्य लक्षित वर्गको प्रतिनिधित्व भएका स्थानीय समिति/संरचना | संख्या | १५ | १६ | २२ | २५ | – गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ । |
| | समावेशी (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्ग) प्रतिनिधित्व भएका समिति, संयन्त्र तथा संजाल | संख्या | ६३ | ६७ | ७० | ८० | | |
| | लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (बार्षिक) | संख्या | ५० | ४५ | २५ | १० | | |
| | सीपमुलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | ४३ | ६५ | १३८ | १९३ | | |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | ७३८ | ८५० | १५०० | २००० | | |
| | जेष्ठ नागरिक दिवा सेवा केन्द्र | संख्या | ० | ० | १ | १ | | |
| | विगत ३ वर्षमा बाल विवाह गर्ने संख्या | संख्या | ४३३ | ४०० | २२० | १५० | | |
| | घर व्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार | प्रतिशत | ५० | ५२ | ६० | ७० | | |
| | संरक्षण प्राप्त अनाथ बालवालिका | संख्या | ० | ० | ७० | १०० | | |
| **प्रतिफल २.५:** युवाका लागि | वैदेशिक रोजगारीमा गएका युवा | संख्या | ६१८ | ६१० | ५९० | ५५० | – गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल) | – स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य |
| | सकृय युवाक्लव, संजाल तथा संस्था | संख्या | ३ | ४ | ६ | १० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| व्यवसायिकता तथा आत्मनिर्भरताका अवसर सृजना भएको हुनेछ । | क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | संख्या | ८५ | ११० | १५० | २५० | – सर्वेक्षण प्रतिवेदन | एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | ८३ | १०० | १८० | २५० | – प्रगति/अनुगमन प्रतिवेदन | – युवामैत्री वातावरण र लगानीमा बृद्धि हुनेछ । |
| | कभर्ड हल तथा खेलकुद मैदान | संख्या | ० | १ | ३ | ६ | | |
| | अभियन्ता वा स्वयंसेवक युवा | संख्या | | | | | | |
| | जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | २ | २ | ३ | ५ | | |
| **असर ३:** गुणस्तरीय पूर्वाधार, व्यवस्थित बजार तथा आधारभूत सुविधाको पहुँचमा बृद्धि हुनेछ । | सडक घनत्व (प्रति वर्ग कि.मी. सडक लम्बाई) | कि.मि. | २.४६ | २.५१ | २.६६ | ३.१० | – गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल) | – संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | पक्की सडकमा पुग्न लाग्ने औषत समय | मिनेट | १२० | ९० | ७५ | ६० | – सर्वेक्षण प्रतिवेदन | – समुदायको योगदान र निगरानीमा बृद्धि हुनेछ । |
| | १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | ९ | ९ | ४८ | ८४ | – प्रगति प्रतिवेदन | |
| | गापामा सूचारु ४ पाँग्रे सार्वजनिक सवारी साधन | संख्या | ३८ | ५० | ६० | ७० | | |
| **प्रतिफल ३.१:** यातायात सेवा नियमित भई आवागमनमा सहजता पुगेको हुनेछ । | कालोपत्रे सडक | कि.मि. | ९ | १० | १५ | २० | – गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल) | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ । |
| | ग्राभेल सडक | कि.मि. | ८ | १५ | ३० | ४० | – सर्वेक्षण प्रतिवेदन | – स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | धुले सडक | कि.मि. | १५० | १४० | १२० | १०० | – प्रगति/अनुगमन प्रतिवेदन | – संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | पक्की पुल (वेली व्रिज समेत) | वटा | ९ | ९ | १० | १० | | |
| | नियमित मर्मत संभार भएको सडकको लम्बाई | संख्या | २ | २ | ४ | ६ | | |
| | वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक किनार वृक्षारोपण सडक लम्बाई | कि.मि. | ० | १ | ३ | ५ | | |
| **प्रतिफल ३.२** आवास, बजार क्षेत्र र वस्तीहरु व्यवस्थित एवं सुरक्षित भएको हुनेछ । | आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | स्थान | ० | ० | २ | ५ | – गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल) | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ । |
| | सुरक्षित वस्तीमा बसोबास गर्ने परिवार | प्रतिशत | ३९३२ | ३९३२ | ३९८२ | ४०३२ | – सर्वेक्षण प्रतिवेदन | – स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | मापदण्ड अनुसार बनेका आवास घर | प्रतिशत | ९० | १०० | १०० | १०० | – प्रगति प्रतिवेदन | |
| | भूकम्प प्रतिरोधी भवन निर्माणसम्बन्धी दक्ष व्यक्ति | जना | १०० | १०० | १०० | १०० | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | १७ | १७ | १८ | १९ | | |
| **प्रतिफल ३.३:** | टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | ५०.६८ | ६० | ६५ | ७५ | – गाउँ वस्तुस्थिति विवरण ( | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| सूचना तथा संचार प्रविधिको पहुँचमा बृद्धि भएको हुनेछ । | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ३.२५ | २५ | ४० | ६० | प्रोफाइल)<br>–सर्वेक्षण प्रतिवेदन<br>–प्रगति प्रतिवेदन | स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>–संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | टेलिफोन/मोबाइल प्रयोगकर्ता | प्रतिशत | ७९.२ | ८५ | ९० | ९५ | | |
| | नियमित पत्रपत्रिका प्रयोग परिवार | प्रतिशत | ५० | ५० | ५० | ५० | | |
| | स्थानीय स्तरमा भएका प्रकाशन र प्रसारण | संख्या | ० | ० | १ | १ | | |
| | विद्युत् सेवा उपलब्ध घरधुरी | प्रतिशत | ८६.८५ | ९० | ९५ | १०० | | |
| | सुधारिएको ऊर्जा प्रयोग गर्ने परिवार | प्रतिशत | १०.३३ | १५ | २० | २५ | | |
| | घरायासी बायोग्याँस प्लान्ट | संख्या | ४ | ४ | १० | १५ | | |
| | धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | १५० | १५० | १५० | १५० | | |
| | संचालित जलविद्युत आयोजना (साना, मझौला र ठूला) | संख्या | १ | १ | १ | १ | | |
| **असर ४:** जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलन कायम भएको हुनेछ । | काठदाउरा र दहत्तर बहत्तर बिक्री शुल्क | रु. हजार | ० | १०० | ६०० | १००० | –गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>–सर्वेक्षण प्रतिवेदन<br>–प्रगति प्रतिवेदन | –संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>–संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>–वन, वातावरण नीतिको पालना हुनेछ । |
| | रुख विरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | हेक्टर | १००० | ११०० | १३५० | १५०० | | |
| | जैविक विविधतायुक्त क्षेत्र | हेक्टर | १०० | १०५ | १०८ | ११० | | |
| | संरक्षित खेतबारीको क्षेत्रफल | हेक्टर | १५ | ३० | ६० | ११० | | |
| | संरक्षित पहिरो | संख्या | ७ | १२ | २० | ३० | | |
| | विपद्बाट भएको मानवीय क्षति (विगत ३ वर्षको) घाइते समेत | संख्या | १५ | १२ | १० | ८ | | |
| | विपद्बाट प्रभावित र विस्थापित घरपरिवार (विगत ३ वर्ष) | संख्या | ७४ | ७० | ६० | ५० | | |
| **प्रतिफल ४.१:** वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन र उत्पादन तथा उत्पादकत्व बृद्धि भएको हुनेछ । | संरक्षित तथा व्यवस्थित वन क्षेत्र | हेक्टर | ७३८ | ११३८ | १८३८ | २८३८ | –गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>–सर्वेक्षण प्रतिवेदन<br>–प्रगति/अनुगमन प्रतिवेदन<br>–डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन | –संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>–संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>–वन, वातावरण नीतिको पालना हुनेछ । |
| | संरक्षित चरन क्षेत्र | हेक्टर | १० | | | १० | | |
| | उत्पादित काठ | क्यूफिट | २५० | ५२० | ८२० | ११७० | | |
| | उत्पादित गैह्रकाष्ठ वन पैदावर | के.जि. | ५०० | १००० | २००० | ४००० | | |
| | वनमा आधारित उद्योग तथा व्यवसाय | संख्या | १५ | २० | ३० | ४५ | | |
| | दर्ता निजी वन क्षेत्र | हेक्टर | ० | १ | ३ | ५ | | |
| | दर्ता धार्मिक वन क्षेत्र | हेक्टर | १ | | | १ | | |
| | आयमूलक कार्य संचालित वन क्षेत्र | हेक्टर | ० | ५ | १० | १५ | | |
| | बिरुवा उत्पादन र वितरण | हजारमा | ४० | ९० | १७० | २७० | | |
| **प्रतिफल ४.२:** भू | संरक्षित बाढी संवेदनशील क्षेत्र | संख्या | ४ | ६ | १० | १५ | –गाउँ वस्तुस्थिति विवरण ( | –संघ, प्रदेश र गैरसरकारी र निजी |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| तथा जलाधार क्षेत्रको संरक्षण र भूक्षयमा न्यूनीकरण भएको हुनेछ । | संरक्षित र व्यवस्थित सिमसार क्षेत्र | संख्या | ० | ४ | ८ | १२ | प्रोफाइल)<br>– डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | बायोइन्जिनियरिङ प्रविधि प्रयोग संरचनाको क्षेत्रफल | हे. | ७ | १७ | ४२ | ७७ | | |
| | वृक्षारोपण गरिएको क्षेत्रफल | हे. | ५ | १० | २५ | ४५ | | |
| **प्रतिफल ४.३** वातावरणीय स्वच्छता कायम भएको तथा जलवायु परिवर्तनको प्रभाव न्यून भएको हुनेछ । | कम्पोष्ट-विन प्रयोग गर्ने तथा फोहोर वर्गीकरणको अभ्यास गर्ने परिवार | प्रतिशत | ३ | १८ | ४८ | ९८ | – गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>– डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी बृद्धि हुनेछ ।<br>– जनस्तरमा जलवायु परिवर्तनको प्रभाव सम्बन्धी जनचेतना बृद्धि हुनेछ । |
| | नियमित पूर्ण सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | १० | १५ | २० | २५ | | |
| | सार्वजनिक कार्यालय (वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी) परिसरमा फलफूल वृक्षारोपण | कार्यालय संख्या | ० | २ | ५ | ६ | | |
| | खुला तथा सार्वजनिक ठाउँमा प्लाष्टिक तथा बोतल लगायतका फोहोरमुक्त टोल | संख्या | ० | ३ | १० | १५ | | |
| **प्रतिफल ४.४:** स्थानीय विकास व्यवस्थापनमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन मूलप्रवाहीकरण भएको हुनेछ । | विपद् व्यवस्थापन स्थानीय कोष रकम (बार्षिक) | लाखमा | ० | ५०० | १००० | २००० | – गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– जलवायु परिवर्तनको असरमा कमी हुनेछ । |
| | विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्था | संख्या | २ | ४ | ६ | ८ | | |
| | प्राथमिक उपचार तालिम प्राप्त जनशक्ति | संख्या | २४ | ९६ | २१६ | ३६० | | |
| | तालिमप्राप्त स्थानीय खोज, उद्दार कार्यकर्ता | संख्या | २४ | ९६ | २१६ | ३६० | | |
| | सुरक्षित खुल्ला स्थान तथा आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | ० | २ | ५ | ७ | | |
| **प्रतिफल ४.५:** विपद् जोखिम तथा विपद्जन्य क्षति न्यूनीकरण भएको हुनेछ । | विपदबाट भएको वार्षिक क्षती (जग्गा, संरचना, बाली नाली, पशु र अन्य सम्पत्ती) | रु. करोड | ५ | ४ | ३ | २ | – गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– विपद जोखिम न्यूनीकरण हुनेछ । |
| | पहिरो वा नदि कटानबाट प्रभावित क्षेत्र | हेक्टर | ६० | ५५ | ४० | ३० | | |
| | सुरक्षित, एकीकृत र व्यवस्थित आवास क्षेत्र/वस्ती | संख्या | १ | १ | १ | २ | | |
| **असर ५:** सेवा सुविधा, | गाउँपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाह बाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ८० | ८५ | ९० | ९५ | – सर्वेक्षण प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| कार्यसम्पादन तथा जवाफदेहिताको स्तरमा अभिबृद्धि भएको हुनेछ । | बार्षिक आन्तरिक आय (लाख) | रु. | १६ | १०० | १५० | २०० | –प्रगति/अनुगमन प्रतिवेदन | । –संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | कूल बजेटमा आन्तरिक आयको योगदान | प्रतिशत | १.१ | २.७ | ३.० | ३.४ | | |
| | विभिन्न सेवा प्राप्त गर्ने सेवाग्राही (बार्षिक) | संख्या | २७७२० | २८००० | ३०००० | ३२००० | | |
| **प्रतिफल ५.१:** कार्यसम्पादन, कार्य प्रक्रिया तथा प्रणाली सरल, स्पष्ट र पारदर्शी भएको हुनेछ । | गाउँपालिकाले स्वीकृत गरेका कानून तथा नीतिको कार्यान्वयन<br>● ऐन<br>● नीति (लैंगिक हिंसा विरुद्ध, सामाजिक कुरुती)<br>● नियम तथा विनियम<br>कार्यविधि, निर्देशिका, आदेश, दिग्दर्शन | संख्या | ६<br>०<br>२<br>६ | १६<br>१<br>४<br>८ | १६<br>२<br>६<br>१० | २२<br>४<br>८<br>१२ | –सर्वेक्षण प्रतिवेदन<br>–प्रगति/अनुगमन प्रतिवेदन | –संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>–संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>–स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | ● क्रियाशिल नीतिगत समिति तथा संयन्त्र ( विधायन, सुशासन, न्यायिक, लेखा, राजस्व, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, शिक्षा, विपद, योजना तथा बजेट तर्जुमा, अनुगमन आदि) | संख्या | १३ | १६ | १८ | २० | | |
| | ● अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजार (क्षतिपूर्ति सहिको नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, समुदाय स्कोर कार्य आदी) | संख्या | २ | ३ | ३ | ५ | | |
| | ● स्थानीय नीति, ऐन तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव लिने माध्यमहरु (संचार माध्यम, सुचना पाटी, अन्तरक्रिया, लिखित प्रतिक्रिया, सुभाव पेटिका, सामाजिक सञ्जाल आदी) | संख्या | २ | ३ | ४ | ५ | | |
| | गाउँपालिकामा पेश भई सम्बोधन भएका सेवा प्रवाह र विकास निर्माण सम्बन्धी गुनासो | प्रतिशत | १०० | १०० | १०० | १०० | | |
| **प्रतिफल ५.२:** | गाउँपालिकामा कार्यरत जम्मा कर्मचारी | संख्या | ६४ | ८० | १०० | १२० | –गाउँ वस्तुस्थिति विवरण ( | –संघीय प्रणाली अनुसार संघ, प्रदेश |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिबृद्धि भएको हुनेछ । | गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारी | संख्या | ४९ | ५५ | ६० | ६५ | प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | उपलब्ध कार्यालय भवन (केन्द्र, वडा, शाखा, श्रोत तथा सेवा केन्द्र अन्य आदी) | संख्या | ० | ३ | ५ | ८ | | |
| | क्षमता विकास कार्यक्रमबाट लाभन्वित जनप्रतिनिधी, कर्मचारी र नागरिक समाज | जना | ६१६ | ७०० | ८०० | १२०० | | |
| | संगठन विकास सम्बन्धी अनुसन्धान/सर्भेक्षण | पटक | ० | २ | ४ | ६ | | |
| | सशक्तिकरण र क्षमता विकास कार्यक्रमबाट लाभन्वित विपन्न र पिछडिएको वर्ग (बार्षिक) | संख्या | ३३० | ४०० | ५०० | ६०० | | |
| | गाउँपालिकाबाट संचालित स्थानीय शासन, योजना तर्जुमा तथा सेवाप्रवाह सम्बन्धी क्षमता विकास कार्यक्रम (बार्षिक) | पटक | १ | १५ | १८ | २० | | |
| **प्रतिफल ५.३:** गाउँपालिकाको आन्तरिक र वाह्य श्रोत परिचालन क्षमतामा अभिबृद्धि भएको हुनेछ । | आन्तरिक आय रकम | रु. हजारमा | २६९५ | १०६९३ | १५३९८ | २२१७३ | – गाउँ वस्तुस्थिति विवरण ( प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन<br>– वित्तीय प्रतिवेदन | – संघीय तथा प्रदेश राजस्व कानून उपलब्ध हुने तथा स्थानीय कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश, विकास साझेदार, गैसस र समुदायको लगानी आकर्षण हुनेछ । |
| | संघ सरकारको राजस्व बाँडबाँड प्राप्त कुल रकम | रु. हजारमा | ४०४१९ | ५८१०० | ७६८३७ | १०१६१७ | | |
| | प्रदेश सरकारको राजस्व बाँडबाँड प्राप्त कुल रकम | रु. हजारमा | ७९२२ | ७८१० | १०३२९ | १३६६० | | |
| | रोयल्टीबाट प्राप्त रकम | रु. हजारमा | ० | १५४५ | २२२५ | ३२०४ | | |
| | संघ सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | रु. हजारमा | ६७७० | ७८००० | १०३१५५ | १३६४२२ | | |
| | संघ सरकारबाट प्राप्त सशर्त अनुदान | रु. हजारमा | १०६७०० | १३२२०० | १७४८३५ | २३१२१९ | | |
| | संघ सरकारबाट प्राप्त विशेष अनुदान रकम | रु. हजारमा | ० | ० | ० | ० | | |
| | संघ सरकारबाट प्राप्त समपुरक अनुदान रकम | रु. हजारमा | ० | ० | ० | ० | | |
| | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | रु. हजारमा | ७७०३ | ९९३६ | १३१४० | १७३७८ | | |
| | प्रदेश सरकारबाट प्राप्त ससर्त अनुदान | रु. हजारमा | ३४४५२ | ६२६० | ८२७९ | १०९४९ | | |
| | प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान | रु. हजारमा | ० | ० | ० | ० | | |
| | प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | रु. हजारमा | ० | ० | ० | ० | | |
| | गैसस, अगैसस, विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रममा लगानी रकम | रु. हजारमा | २०००० | ३०००० | ३६३०० | ४३९२३ | | |
| | समुदायको लगानी तथा योगदान रकम | रु. हजारमा | २००८९ | ३५१७८ | ४२५६५ | ५१५०४ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | निजी क्षेत्रको लगानी रकम | रु. हजारमा | ० | १५००० | १८१५० | २१९६२ | | |
| | कूल बार्षिक बजेट | रु. हजारमा | २४६७५० | ३८४७२२ | ५०१२१३ | ६५४०१० | | |
| | बार्षिक वास्तविक खर्च रकम (प्रतिशत) | प्रतिशत | ९० | ९२ | ९५ | ९८ | | |
| | औषत वार्षिक वेरुजु रकम | रु. हजारमा | ८५९७७ | ७२४८२ | ५५००० | ४३४४२ | | |
| **प्रतिफल ५.४:** सूचना प्रविधिमा आधारित, सहभागितामूलक तथा नतिजामूलक विकास व्यवस्थापन प्रणालीको विकास भएको हुनेछ । | गाउँपालिकामा क्रियाशिल गैसस, अगैसस, विकास साझेदार संस्था | संख्या | ६ | ८ | १० | १२ | –गाउँवस्तुगत विवरण (प्रोफाइल)<br>–सर्वेक्षण प्रतिवेदन<br>–प्रगति/अनुगमन प्रतिवेदन<br>–वित्तीय प्रतिवेदन | –संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>–संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>–स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | खण्डीकृत विषय क्षेत्र र श्रोत नक्शा सहित वस्तुगत विवरण तयारी तथा अद्यावधिक | भए/नभएको | नभएको | हुने | हुने | अद्यावधिक हुने | | |
| | स्थानीय गौरवका आयोजनाको सूची | संख्या | ४ | ८ | १२ | १६ | | |
| | तर्जुमा भएका रणनीतिक योजनाको विषय क्षेत्र (पर्यटन, यातायात, भूउपयोग, जलश्रोत, कृषि आदी) | विषय क्षेत्र संख्या | १ | २ | ३ | ४ | | |
| | नतिजामूलक ढाँचामा आवधिक योजना तर्जुमा | भए/नभएको | नभएको | हुने | हुने | हुने | | |
| | नतिजामूलक अनुगमन ढाँचामा आधारित अनुगमन तथा मूल्याङ्कन योजना | भए/ नभएको | नभएको | हुने | हुने | हुने | | |
| | कूल मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात | प्रतिशत | ८५ | ९० | ९५ | ९० | | |
| | आयोजना/कार्यक्रम अनुगमनमा अभ्यास गरिएका विधि (स्थलगत अवलोकन, प्रगति विवरण समीक्षा, नतिजा अनुगमन, प्रभाव मूल्याङ्कन, सामाजिक परीक्षण आदि) | संख्या | ३ | ४ | ५ | ५ | | |
| **क्र.सं.** | **प्रतिफल अनुसार प्रमुख आयोजना र कार्यक्रम** | | | | | | | |
| १.१.१ | दस्तावेजको परिच्छेद ३, ४, ५, ६, ७, ८, ९ र १० मा प्रस्तुत छ । | | | | | | प्रगति तथा अनुगमन प्रतिवेदन | स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |

# परिच्छेद ३
# आर्थिक विकास योजना

## ३.१ पृष्ठभूमि

नागरिकको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आयको संवैधानिक अधिकार कार्यान्वयन गर्न स्थानीय तहको सरकार लगायत तीनै तहको सरकारको महत्वपूर्ण भूमिका रहेको छ। संघ तथा प्रदेशको कानून, नीति, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध प्रयास मार्फत उपरोक्त अधिकार सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ । यसलाई केन्द्रविन्दुमा राखी गाउँपालिकाको समग्र विकासको अग्रणी क्षेत्रको रुपमा रहको कृषि, जलश्रोत, पर्यटन, तथा पूर्वाधार विकासको माध्यमबाट उत्पादन, रोजगारी र आयबृद्धि गर्ने गरी विकासका विषय क्षेत्रमा विकास प्रयासलाई डोऱ्याउन यस सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ।

## ३.२ वर्तमान अवस्था

संघीय संरचना अनुसार प्रदेश नं. ३ को मध्य उत्तर क्षेत्रमा अवस्थित यस गाउँपालिकामा कृषि, पर्यटन विकास, जलश्रोत र वन विकास जस्ता अवसरहरु उपलब्ध रहेका छन् । यो गाउँपालिका राष्ट्रिय महत्वको जैविक विविधताले सम्पन्न संरक्षण क्षेत्र लाङटाङ राष्ट्रिय निकुञ्ज जाने रुटमा पर्दछ । यसबाट पर्यटनको विकास गरी गाउँबासीले प्रत्यक्ष लाभ लिन सक्ने संभावना रहेको छ। यसैगरी यस गाउँपालिका देशको संघीय राजधानीसँग नजिक रहेको हुँदा स्थानीय उत्पादन र उत्पादित जनशक्तिको बजार सहज रहेको छ।

यस गाउँपालिका भएर वग्ने महत्वपूर्ण तादी नदीको माथिल्लो क्षेत्रमा विद्युत प्राधिकरण तथा निजी क्षत्रेको लगानीमा जलविद्युत आयोजना गाउँपालिका क्षेत्रमा निर्माणाधिन रहेका छन् । यसबाट उद्योग व्यवसाय विकास र विस्तार गरी उत्पादन र रोजगारी वृद्धिको संभावना रहेको छ। यस गाउँपालिकामा पर्यटकीय स्थल, कृषि तथा पशुजन्य उपज, वन र जडिबुटीको विकासको लागि नुवाकोट जिल्लाका विभिन्न बजार र संघीय राजधानी काठमाडौंको बजारसँग सहज पहुँच रहेको छ। यस गाउँपालिका विकास साझेदार, अन्तरराष्ट्रिय र राष्ट्रिय संघ/संस्था तथा निजी क्षेत्रको लगानीको आकर्षण केन्द्रको समेत हुने अवस्था रहेको छ।

गाउँपालिकामा प्रमुख रुपमा मकै, धान, आलु, गहुँ खेती नै आर्थिक विकासको प्रमुख साधनको रुपमा रहेको छ। तरकारी बाली, दलहन बाली, तेलहन बाली, नगदे वालीका साथै मसला बालीको समेत उत्पादन भईरहेको भएता पनि व्यवसायिक तवरले उत्पादन हुन नसक्दा यस क्षेत्रको समुचित विकास हुन सकिरहेको छैन।

आर्थिक विकास संभावनाका क्षेत्रहरु प्रचुर भएपनि आवश्यक व्यवसायिक ज्ञान तथा सूचनाको कमी, आधुनिक तथा महिलामैत्री प्रविधिको अभाव, कृषि बजारको कमी, वितिय संस्थाको कमी, कृषि विमाको अभ्यासको कमी, संकलन केन्द्रको अभाव, जंगली जनावरले बालीको नोक्सानी, सिंचाईको कमी, अनुसन्धानमूलक कृषि प्रणालीको कमी, कर्जामा पहुँच कम, वजारोन्मुख खेती प्रणाली नहुनु मुख्य चुनौतीको रुपमा रहेको छ । गाउँवासीको प्रमुख पेशा कृषि भएतापनि अधिकांश कृषकहरू परम्परागत तौरतरिकामा नै सिमित रहेको हुँदा व्यवसायिक खेती प्रणालीको समेत विकास हुन सकेको छैन।

संचालित सिंचाई पूर्वाधारको उचित व्यवस्थापन गर्न सकेमा एवं कृषि एवं पशुपालनमा व्यवसायिक प्रणाली अपनाउन सकिने एवं व्यवसायिकतामा जोड दिन सकिने सम्भावना प्रसस्त रहेको छ।

यस गाउँपालिका क्षेत्रमा पर्यटकीय महत्वको दृष्टिकोणले बागमारा, वच्छलादेवीको कोतघर, लामटाङ राष्ट्रिय निकुञ्ज तथा गोसाईकुण्ड जाने पदमार्ग यसै गाउँपालिका अन्तर्गत समेत रहनुले यस क्षेत्रको विकासको संभावना प्रसस्त देखिन्छ।

यस गाउँपालिकाको कृषि तथा पशु विकास, पर्यटन विकास र विस्तार, उद्योग व्यापार तथा व्यवसाय, सहकारी, बैंक तथा वित्तिय सेवा सुविधा लगागत स्थानीय तहको लागि उपलब्ध आर्थिक अधिकार क्षेत्रको उद्धेश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ।

### ३.२.१ कृषि विकास

#### संभावना, अवसर र विद्यमान अवस्था

दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा भोकमुक्त विश्व बनाउने लक्ष्य लिएको सन्दर्भ तथा संघीय सरकारको घोषणा अनुरुप वि.सं. २०७७ सम्मा खाद्यान्नमा आत्मनिर्भर हुने एवम् पाँच वर्षभित्र कृषि उत्पादकत्व दोब्बर गर्ने प्रतिवद्धता जनाएको छ । यसका लागि मूलभूत रुपमा १५ वर्षीय कृषि विकास रणनीति कार्यान्वयनबाट कृषिको यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने विश्वास लिईएको छ ।

गाउँपालिकाको कृषितर्फको अवस्था विश्लेषण गर्दा कृषियोग्य जमिन ३७७७ हेक्टर रहेको छ । खेती कार्यमा करीव ९० प्रतिशतभन्दा बढी परिवार संलग्न रहेको एवं ती परिवारहरुले हाल ३०६७० रोपनी क्षेत्रफलमा खेती गरिरहेका छन् । खाद्य सुरक्षाको अवस्था हेर्दा आफ्नै उत्पादनले १२ महिना खान पुग्ने परिवार १७.२३ प्रतिशत रहेको छ ।

प्रमुख खाद्यान्नको रुपमा धान, गहुँ, मकै, कोदो गरी ५७५१८ रोपनीमा खेती भैरहेको र वार्षिक १४३०८१ क्वीण्टल उत्पादन हुने गरेको देखिएको छ । दलहन तथा तेलहनको उत्पादन क्रमशः ७९० क्वीण्टल र १४५६ क्वीण्टल हुने गरेको देखिन्छ । यसैगरी स्थानीय रैथाने धान झिनुवा मसिनोको प्रसस्त खेती हुने गरेको तथा फलफूल, अलैंची तथा कफी खेतीका लागि उपयुक्त हावापानी रहेको छ ।

व्यवसायिक हिसावले आलुखेती व्यवसायिक रुपमा नै खेती भैरहको एवं वार्षिक रुपमा करीव ५०० क्वीण्टल वरावरको आलु निर्यात हुने गरेको व्यवसायिक तरकारी खेतीको शुरुवात भएको करीव ५०० वटा प्लाष्टिक घरमा खेती भईरहेको, ८ वटा कृषि सहकारी, ३० वटा कृषक समूह र ११ वटा व्यवसायिक कृषि फर्म क्रियाशील रहेको, ३१ जना अगुवा कृषक, ४ जना कृषि कार्यकर्ता क्रियाशील रहेको देखिन्छ । आवश्यक जनशक्तिको विकास, वजार पूर्वाधारहरुको विकास तथा वजार संजाल निर्माण गर्नेजस्ता कार्य गर्न सकेमा यस उपक्षेत्रको विकास गर्न सकिने संभावना रहेको देखिन्छ ।

#### समस्या तथा चूनौती

उन्नतजातको वीउवीजन, मल खाद्य, आधुनिक कृषि औजार समयमा उपलब्ध हुन नसक्नु, व्यवसायिक रुपमा तरकारी लगायत उच्च मोलको खेती प्रसार हुन नसक्नु, खाद्यान्न तथा आलु भण्डारणको सुविधा उपलब्ध हुन नसक्नुजस्ता समस्या विद्यमान देखिन्छन् । रैथाने जातको धानको संरक्षण नहुनु, फलफूल खेती (लिची, आँप, कटहर, अनार आदि) व्यवसायिक नहुनु, उपजको वजार पहुँच एवं उत्पादनका सामग्रीको ढुवानीका लागि पर्याप्त कृषि सडक नहुनु कृषिक्षेत्रको व्यवसायिकरणका लागि चुनौतीको रुपमा रहेका छन् ।

स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातीका बीउ बिजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरुले माग र आवश्यकता अनुसारको वोट विरुवा प्राप्त हुन नसकेको अवस्था विद्यमान छ । रैथाने बीउ विजनको उपलब्धता र संरक्षण नहुँदा वाह्य तथा आनुबांशिक जातिय शुद्धता र गुणस्तर कम हुने बीउविजनको प्रयोग गर्नु पर्ने वाध्यता रहेको छ । सो बीउ विजन समेत समयमा उपलब्ध हुन सकिरहेको अवस्था छैन । जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने हानीकारण झार तथा किराहरुको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा बृद्धि भइरहेको छ ।

### ३.२.२ सिंचाई विकास

#### संभावना, अवसर र विद्यमान अवस्था

गाउँपालिका क्षेत्रमा ४५ वटा मौसमी तथा वर्षैभरी संचालन हुने सिंचाई योजनाहरु संचालनमा रहेका छन् । संचालित सिंचाई योजनाहरुबाट बरीव १०८० हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा पुगेको छ भने सिंचाईका लागि प्रमुख श्रोतको रुपमा गाउँपालिकामा ३ वटा नदि तादी, दोर्खु र घट्टे खोलाजस्ता स्रोतहरुको दीगो व्यवस्थापनबाट खेतीयोग्य भूमीमा सिंचाई सुविधा विस्तार गर्न सकिन्छ ।

#### समस्या तथा चूनौती

संचालित सबै सिंचाई योजनाको नियमित रुपमा मर्मत सम्भार नहुन, सिंचाईका श्रोतहरुको संरक्षण नहुनु एवं सिंचाई सुविधाबाट बञ्चित क्षेत्रका लागि बैकल्पिक सुविधाको कमी मुख्य चुनौतीको रुपमा देखिन्छ ।

### ३.२.३ पशुपन्छी विकास

#### संभावना, अवसर र विद्यमान अवस्था

गाउँपालिकामा करीव ६७ प्रतिशत घरपरिवार पशुपालन कार्यमा संलग्न रहेको देखिएको छ । दूग्ध उत्पादनका लागि ६२४० पशु चौपाया रहेको जसबाट दैनिक ४२१३ लिटर दूध उत्पादन हुने गरेको छ भने मासुका लागि ८७४३ वटा खसीबोका पालन भैरहेको छ । पशुपालनका लागि चरण क्षेत्रको रुपमा २६ हेक्टर क्षेत्रफल जग्गाको उपयोग भैरहेको छ ।

पशुसेवा प्राविधिकको अवस्था हेर्दा ५ जना ग्रामीण पशु कार्यकर्ता रहेको देखिन्छ । पशुपालन कार्यमा १० वटा पशुपालन फर्म संचालनमा रहेका छन् । व्यवसायिक पशुपालन कार्यबाट करीव ४५ जना रोजगार भएको देखिन्छ ।

पशु विकासका लागि गाउँपालिका क्षेत्रमा पर्याप्त चरण क्षेत्रको विकास गर्न सकिने, पशुजन्य उत्पादनको वजारको सम्भावना रहेको एवं उत्पादकत्व बृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिबृद्धिजस्ता कार्य गर्न सकेमा यस क्षेत्रमा पशुपालन कार्यलाई थप व्यवसायिक वनाउन सकिने देखिन्छ ।

#### समस्या तथा चूनौती

उन्नत जातको गाईभैसी, बाखापालन नहुनु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी, उन्नत घाँसको व्यवस्था नहुनु तथा दक्ष प्राविधिकको सेवा विस्तार हुन नसक्नु, सरल कर्जा र वीमाको व्यवस्था नहुनु उत्पादकत्व बृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिबृद्धिजस्ता कार्य अझैपनि चुनौतिको रुपमा रहिरहेको छ । एग्रोभेटको अभाव, उन्नत जातको घाँसहरुको कमी, दक्ष जनशक्तिको अभाव, पशु स्वास्थ्य उपकरणको कमी, नश्ल सुधारको कमी, भेटेरीनरी प्रसार सेवाको कमीजस्ता पक्षपनि थप समस्याको रुपमा रहेको छ ।

### ३.२.४ उद्योग र व्यापार

#### संभावना, अवसर र विद्यमान अवस्था

गाउँपालिकामा आर्थिक कारोवार गर्ने व्यापार व्यवसायको संख्या करीव ५६५ रहेका, संचालित व्यापार व्यवसायमा १६३२ जना संलग्न रहेको (पुरुष ९३७ र महिला ६९५) देखिन्छ । गाउँपालिकामा २० वटा परम्परागत र ८ वटा सुधारिएको पानी घट्ट संचालनमा रहेका, २६ वटा मिलहरु संचालनमा रहेका, ६ वटा फर्निचर र ३ वटा मेटल वर्कशप संचालनमा रहेको

वडा नं. ५ मा १ वटा ईंटाभट्टा संचालनमा रहेको देखिन्छ । यसैगरी वैदेशिक रोजगारबाट रेमिट्यान्सलाई व्यवसायमा लगाउनका साथै वैदेशिक रोजगारीबाट भित्रिएको दक्ष जनशक्तिलाई स्थानीयस्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी संचालन गर्न सकिने संभावना रहेको देखिन्छ ।

#### समस्या तथा चूनौती

व्यवसायको सोच र सस्कारको अभाव, पुर्वाधारको अभाव (व्यावसायिक सडक, कृषि सडक), तालिम तथा प्रशिक्षण केन्द्रको अभाव, व्यवसायिक प्रविधिको अभाव, व्यवसायिक सेवा प्रदायक संस्थाको अभाव, बैंक तथा वित्तिय सस्थाको अभाव, महिला, दलित, पिछडिएका वर्गहरुलाई उद्योग व्यवसायमा आकर्षण गर्न नसकेको, स्थानिय श्रोत, साधन, सिप, जनशक्तिको परिचालन गरी विकासको लागि नीति तथा रणनीतिको कमी तथा प्राविधिक तथा व्यवसायिक शिक्षा नीतिको कमी रहेको देखिन्छ । यसका अतिरिक्त उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक सुचना केन्द्रको कमिजस्ता पक्षपनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रुपमा रहेको छ ।

### ३.२.५ वैक, सहकारी र वित्तीय सेवा

#### संभावना, अवसर र विद्यमान अवस्था

वित्तीय पहुँच तथा सेवाको लागि गाउँपालिकामा २ वटा वाणिज्य वैंक शाखा, ७ वटा लघु वित्त संस्था तथा २८ वटा वचत तथा ऋण सहकारी संचालनमा रहेका छन् भने आमा समूह, सामुदायिक संस्था लगायत बचत समूहबाट समेत वित्तिय सेवा उपलव्ध रहेको छ ।

### समस्या तथा चूनौती

सहकारी संचालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमतामा कमी, सहकारीहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु, वित्तीयसंस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी, स्थानीयहरुमा आम्दानी तथा बचतको मात्रामा अत्यन्तै कमी रहनु यस क्षेत्रको विस्तारका लागि चुनौतीको रुपमा रहेको छ ।

## ३.३ लक्ष्य

यस गाउँपालिकाको आर्थिक विकास क्षेत्रको लक्ष्य देहाय अनुसार रहेको छः

- उत्पादन, रोजगारी र आयमा दीगो बृद्धि गर्ने

## ३.४ उद्देश्य

गाउँपालिकाको आर्थिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. व्यवसायिक कृषिको विकास, संस्थागत तथा समूहगत क्षमतामा सुदृढीकरण एवं उत्पादन तथा उत्पादकत्व बृद्धि भएको हुनेछ ।
२. खेतीयोग्य जमीनमा भरपर्दो र दीगो सिंचाई सुविधा विस्तार भएको हुनेछ ।
३. पशुजन्य उत्पादनको व्यवसायीकरणमा बृद्धि भएको हुनेछ ।
४. स्थानीय सीप एवं कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगको विकास एवं विस्तार तथा औद्योगिकीकरणको आधार तयार भएको हुनेछ ।
५. स्थानीय कला तथा संस्कृतिको संरक्षण/सम्बर्द्धन सहित पर्यटकीय सेवा सुविधाको स्तरबृद्धि हुने तथा आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा बृद्धि भएको हुनेछ ।
६. बैंक तथा वित्तीय सेवामा स्थानीयको सहज पहुँच कायम भएको हुनेछ ।

## ३.५ रणनीति तथा कार्यनीति

योजनाको आर्थिक विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालन देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

***तालिका २ : आर्थिक विकासका लागि लिईने रणनीति तथा कार्यनीति***

| रणनीति | कार्यनीति |
|---|---|
| **क. कृषि तथा पशु विकास** | |
| १. वडास्तरमा कृषि तथा पशुपन्छी सेवा केन्द्रको रुपमा विकास गर्ने | १. वडागत रुपमा कृषि, पशुपन्छी, माछा, मौरी लगायतका पकेट क्षेत्रहरु पहिचान तथा निर्धारण गरी आवश्यक सहयोगहरु एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>२. पकेट क्षेत्र विकास मार्फत व्यवसायिक उत्पादन गर्न कृषक, कृषक समूह वा सहकारी र निजी क्षेत्र परिचालन गरिनेछ ।<br>३. कृषि तथा पशुपालन पकेट क्षेत्रहरुमा कृषि तथा पशुजन्य उत्पादन, संकलन तथा प्रसोधन केन्द्रको विकास गरिनेछ ।<br>४. व्यवसायिक कृषि उत्पादनलाई प्रोत्साहन तथा व्यवस्थापन गर्न विशिष्ट वालीसंग सम्बन्धित सहकारी (अलैंची, कफी, अदुवा आदि)को प्रवर्द्धन तथा विकास गरिने छ ।<br>५. स्थानीय लोपोन्मुख बीउविजन, नश्ल, कृषि तथा पशुपन्छीजन्य जैविक विविधताको संरक्षण र व्यवसायीकरण गरिनेछ ।<br>६. पशु विकास पकेट क्षेत्रहरुको सार्वजनिक तथा निजी जग्गामा भुईघाँस तथा डालेघाँसको ब्लक स्थापना गरी पशु आहारको न्यूनतालाई गरी पुरा गरिनेछ ।<br>७. स्थानीय उद्यमी, व्यवसायी, सहकारीको साझेदारीमा कृषि प्रशोधन, पशु |

| रणनीति | कार्यनीति |
|---|---|
| | वधशाला, दाना उद्योग, चिज र छुर्पी उत्पादन उद्योग तथा केन्द्र स्थापनामा जोड दिइनेछ ।<br>८. सबै वडाका युवा, लक्षित वर्ग र कृषकहरुको सहभागितामा कृषि उद्यम सिर्जना र विकास सम्बन्धी तालिम संचालन गरिनेछ ।<br>९. स्थानीय लोपोन्मुख बीउविजन, नश्ल, कृषि तथा पशुपन्छीजन्य जैविक विविधताको संरक्षण र व्यवसायीकरण गरिनेछ ।<br>१०. बाँझो जमीन राख्ने प्रवृतिलाई नियन्त्रण गर्न गाउँपालिकाबाट प्रवाह गर्ने सेवा तथा सुविधामा कडाई गर्ने नीतिगत व्यवस्था गरिनेछ ।<br>११. खाद्य तथा तरकारी उत्पादन बृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सविधा विस्तार गर्दै जाने नीति लिइने छ ।<br>१२. संचालित सिंचाई कूलोको नियमित मर्मत सम्भारका लागि आवश्यक कोषको व्यवस्था गरिने छ ।<br>१३. नियमित घरदैलो गरी पशु स्वास्थ्य सेवा सहज र भरपर्दो बनाइनेछ । |
| २. कृषि व्यवसायलाई विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने | १. कृषि, पशुपन्छी, माछा लगायत औद्योगित वस्तु उत्पादन र प्रशोधन उद्योगहरुको स्थापना, स्तरोन्नति र प्रवर्धन गरिनेछ ।<br>२. कृषि र पशुपालन सम्बन्धी तरकारी, कफी, मसलाबाली, माछा, गाईभैसी र वाखापालनमा केन्द्रित गरी एक वडामा एक-एक वटा नमूना कृषि फर्म मोडेलको रुपमा संचालन गरिनेछ ।<br>३. तरकारी, फलफूल, मसलाबाली, दुध उत्पादन पकेट क्षेत्रलाई लक्षित गरी कृषि तथा पशुपन्छीजन्य उपजहरुको संकलन, प्रशोधन र चिस्यान केन्द्रको विकास र विस्तार गरिनेछ ।<br>४. जैविक उत्पादन केन्द्रको विकास गर्न कृषकलाई सचेतना, जैविक उत्पादन प्रविधि र प्रसार कार्यक्रम संचालनको व्यवस्था गरिनेछ ।<br>५. एक वडामा एक वहुउद्देश्यीय कृषि नर्सरीको स्थापना गरी विरुवाको उपलब्धतालाई सहज गराइनेछ ।<br>६. फूल, कफि, टिमुर, अलैची, मसलाजन्य बाली, किवी, भूँई काफल, एभोकाडो, मेकाडामिया, सिस्नु आदीको पकेट क्षेत्र पहिचान गरी स्थान, माटो र हावापानी अनुसारको बाली छनौट गरी व्यवसायिक उत्पादनको लागि कृषि प्रसार तथा प्रविधि हस्तान्तरण गरिनेछ । |
| ३. दक्ष जनशक्तिको व्यवस्थापन मार्फत प्रभावकारी सेवा प्रवाह गर्ने | १. कृषि तथा पशुपालन व्यबसायलाई प्रवर्द्धन गर्न स्थानीय स्तरमा तालीम प्राप्त प्राविधिक जनशक्ति उत्पादन गर्दै जाने नीति लिइने छ । |
| ४. कृषकलाई कृषि यान्त्रिकीकरण सहयोग गर्ने | १. कृषकलाई अत्यावश्यक यन्त्र उपकरण उपलब्ध गराउन कस्टम हायरिङ केन्द्र स्थापना र संचालन गरिनेछ ।<br>२. नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्रसँग समन्वय गररी कृषि औजार तथा यन्त्रहरुको उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>३. कृषकहरुको लागि श्रममा आधारित उत्पादन, भण्डारण, प्रसोधन र बजारीकरणका प्रविधि हस्तान्तरण व्यवस्था गरिनेछ ।<br>४. कृषि सामग्री, अनुदान, बिमा, ऋण, शित भण्डार, संकलन, प्रशोधन र विक्री केन्द्र, बजारीकरण र कृषि सूचनामा किसानको सहज पहुँच अभिबृद्धि गरिनेछ । |
| **ख. उद्योग र व्यापार** | |
| १. स्थानीय स्रोत साधन, , कच्चा पदार्थ तथा सीप र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने | १. उद्योग स्थापनाका लागि संभाव्यता अध्ययन गरी संभाव्य उद्योगहरुको स्थापनामा जोड दिईनेछ<br>२. कृषि, पशु, माछा र वनमा आधारित उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योगको स्थापना र संचालन गरिनेछ<br>३. युवालाई लक्षित गरी सीप र उद्यमशिलता विकास सम्बन्धी तालिम कार्यक्रम संचालन गरिनेछ<br>४. स्थानीय समुदायलाई उद्योगको लागि आवश्यक कच्चा पदार्थको |

| रणनीति | कार्यनीति |
|---|---|
| | उत्पादनमा आधारित सचेतना, सीप र प्रविधि हस्तान्तरण गरिने छ<br>१. स्थानीय उत्पादनको संकलन र प्रसोधनमा आधारित उद्योगको स्थापनामा जोड दिने |
| २. औद्योगिक विकासको आधार तयार गर्ने | १. नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी गाउँपालिकाको उपयुक्त क्षेत्रमा औद्योगिक ग्राम स्थापना गरी औद्योगिक विकासको ठोस आधार तयार गरिनेछ ।<br>२. उद्योग संचालनको लागि काठमाण्डौका औद्योगिक प्रतिष्ठान र ठूला उद्यमी व्यापारी सम्पर्क र संचार गरिनेछ ।<br>३. संघ तथा प्रदेश सरकारसँग समन्वय गरी औद्योगिक विकासको लागि आवश्यक सडक र अन्य पूर्वाधारको विकास र विस्तार गरिनेछ । |
| **ग. बैंक, सहकारी तथा वित्तीय सेवा** | |
| १. व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच बृद्धि गर्ने | १. बैंकिङ लगानी कृषि क्षेत्रमा बृद्धि गर्न पैरवी गरिने छ ।<br>२. वित्तीय साक्षरताका कार्यक्रम संचालन गरिने छ ।<br>३. आर्थिक कारोवारका लागि बैंक तथा वित्तीयसंस्था मार्फत हुने कारोवारलाई प्रोत्साहन गरिने छ ।<br>४. सहकारीहरुवीचमा गाभ्ने प्रक्रियालाई सहजीकरण गरिने छ ।<br>५. सहकारीहरुको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिबृद्धि गरिने छ । |
| २. बैंकिङ कारोवारमा गाउँवासीको सहज पहुँच कायम गर्ने | १. वडाका विभिन्न भागमा बसोवास गर्ने अशक्त, असाहय, जेष्ठ नागरिकहरुको वित्तीय सेवामा पहुँच सुनिश्चित गर्न घुम्ति बैंकिङ प्रणाली संचालन गर्न समन्वय गरिने छ । |
| **घ. श्रम र रोजगारी** | |
| १. युवालाई लक्षित गरी उत्पादन, रोजगारी आयमा बृद्धि गर्ने | १. वेरोजगार युवालाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यावसाय र आयोजना संचालन गरिनेछ ।<br>२. वैदेशिक रोजगारीबाट फर्केका र जान लागेका युवालाई कृषि, पशुपालन, वन, माछा र पर्यटनमा आधारित उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योग व्यवसाय संचालनको लागि उद्यमशिलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज कार्यक्रम संचालन गरिनेछ । |

## ३.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको आर्थिक विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

***तालिका ३ : आर्थिक विकासका लागि संचालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना***

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | | |
| **१.१ कृषि विकास** | | | | | |
| १.१.१ उत्पादन पकेट विकास कार्यक्रम (कृषि फार्म स्थापना समेत) | संख्या | ० | १२ | ३०००० | प्रत्येक वडामा २-२ (रैथाने जातको धान, तरकारी, कफी, मसलाबाली र मौरीपालन केन्द्रित) |
| १.१.२ जैविक मल तथा विषादी प्रयोग प्रवर्द्धन कार्यक्रम (गोठ सुधार कार्यक्रम समेत) | पटक | ० | ५ | ९००० | गापास्तर |
| १.१.३ कृषि प्राविधिक शिक्षालय स्थापना गर्ने | संख्या | ० | १ | २०००० | उपयुक्त स्थानको छनौट |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य ( २०८१/८२) | | |
| | | | | | गरी स्थापना गर्ने |
| १.१.५ बहुउद्देश्यीय कृषि नर्सरी स्थापना र संचालन गर्ने | संख्या | ० | ६ | १५००० | स्थानीय आवश्यकता अनुसार विउ विरुवा उत्पादन गर्ने |
| १.१.६ फलफूल, कफि, किवी, भूईं काफल, अलैची, मसलाजन्य खेतीको विकास र विस्तार गर्ने | रोपनी | १८७ | ७०० | ८४०० | पकेट पहिचान गरी स्थान, माटो र हावापानी अनुसारको बाली छनौट गरी व्यवसायिक उत्पादन गर्ने |
| १.१.७ संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्ने | स्थान | ० | २ | १०००० | पकेट क्षेत्रमा तरकारी, फलफूल, मसलाबाली दुध जन्य पदार्थमा लक्षित गर्ने |
| १.१.८ खाद्यान्न तथा वीउ भण्डारण गृह निर्माण | मेट | ० | २००० | ३५००० | गापास्तरमा उपयुक्त स्थानको पहिचान गरी |
| १.१.९ शीतभण्डार गृह निर्माण | मेट | ० | १००० | ७५००० | गापास्तरमा उपयुक्त स्थानको पहिचान गरी |
| १.१.१० कृषि यान्त्रिकीकरणमा अनुदान सहयोग कार्यक्रम | संख्या | ० | ५ | १५००० | व्यवसायिक फर्म, कृषि सहकारी तथा कृषक समूह मार्फत व्यवसायिक उत्पादनमा सहयोग गर्ने |
| १.१.११ कृषि सम्बन्धी सालबसाली कार्यक्रम | पटक | ० | ५ | ५००० | मागको आधारमा |
| | | | | २२२४०० | |
| **१.२ सिंचाई** | | | | | |
| १.२.१ सिंचाई योजना पुनर्निमाण | किमि | ० | ३५ | ३०००० | दोर्खु राल्का, दोर्खु अँधेरी, तादी घट्टे बुदुने, घट्टे खोला बोहरे दोर्खु सिम्ले बुदुने आदि |
| १.२.२ सिंचाई कूलो निर्माण | किमि | १५७ | १८० | ५५००० | स्थान पहिचान गर्ने |
| १.२.३ बैकल्पिक सिंचाई प्रवर्द्धन कार्यक्रम | संख्या | ० | ५ | २०००० | लिफ्ट तथा पोखरी (वडा नं. १ र २ तथा वडा नं. ३, ४, ५ र ६ को आंशिक भाग) |
| १.२.३ सिंचाई सम्बन्धी सालवसाली कार्यक्रम | संख्या | १ | ५ | ३०००० | नियमित कार्यक्रम |
| | | | | १३५००० | |
| **१.३ पशु विकास** | | | | | |
| १.३.१ नश्ल सुधार तथा पशु उपचार केन्द्र स्थापना | संख्या | १ | ४ | १५००० | ३ प्रमुख स्थानमा ( सातविसे, खरानीटार र बाहुनवेसी) |
| १.३.२ उन्नत घाँसेबाली विस्तार कार्यक्रम | रोपनी | ० | १००० | १०००० | सार्वजनिक र निजी जग्गामा कृषि सहकारी मार्फत प्रवर्धन गर्ने |
| १.३.३ व्यवसायिक पशु तथा पन्छीपालन कार्यक्रम | संख्या | १ | ५ | ८०००० | व्यवसायिक रुपमा गाईभैंसी, बाखापालन, बंगूरपालन, कुखुरापालन गर्ने समूह, सहकारी तथा व्यवसायिक फर्म |
| १.३.४ उन्नत जातको वाखा स्रोत केन्द्र स्थापना गर्ने | संख्या | ० | १ | ६००० | कृषक समहू/सहकारी मार्फत संचालन गर्ने |
| १.३.५ दुग्ध चिस्यान केन्द्र स्थापना | संख्या | ० | ३ | ७५०० | ३ प्रमुख स्थानमा ( सातविसे, खरानीटार र बाहुनवेसी) |
| १.३.६ मासु वजार विकास कार्यक्रम | संख्या | ० | १ | २५००० | ३ प्रमुख स्थानमा ( सातविसे, खरानीटार र बाहुनवेसी) |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | | |
| १.३.७ पशुसेवा सम्बन्धी सालवसाली कार्यक्रम | पटक | १ | ५ | ५००० | गापास्तरमा |
| | | | | **१४८५००** | |
| **१.४ उद्योग र व्यापार** | | | | | |
| १.४.१ उद्योगको संभाव्यता अध्ययन | पटक | ० | १ | ५००० | गापास्तरमा |
| १.४.२ कृषि, जडिबुटी र पशुपंक्षीजन्य उपजको प्रशोधन उद्योग स्थापना | संख्या | ० | ५ | २५००० | प्रदेश सरकारसँग समन्वय गरी कृषिको २, जडिबुटी सम्बन्धी १, पशुपंक्षी उपज सम्बन्धी १ र बाँसको १ गरी ५ वटा उपयुक्त पाँच स्थानमा संचालन गर्ने |
| १.४.३ दक्ष जनशक्ति उत्पादन कार्यक्रम | संख्या | ० | २०० | ३००० | |
| | | | | **३३०००** | |
| **१.५ बैंक, सहकारी तथा वित्तीय सेवा** | | | | | |
| १.५.१ जैविक उत्पादन, प्रसोधन र बजारीकरणका लागि सहकारी विकास कार्यक्रम | वटा | ० | २० | ५००० | तरकारी, पर्यटन र पशुपालनमा केन्द्रित गर्ने |
| १.५.२ बैंकिंग सेवा विस्तार कार्यक्रम | संख्या | ० | ५ | २५०० | शाखारहित सेवा गापा सबै वडामा |
| १.५.३ विप्रेषण पुँजी परिचालन कार्यक्रम | जना | ० | २०० | २००० | वैदेशिक रोजगारीबाट फर्केका वा परिवारलाई लक्षित गर्ने |
| १.५.४ कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय वेरोजगार उद्यमशिलता विकास कार्यक्रम | जना | ० | ६०० | ६००० | वाहिर गएका र वेरोजगारलाई केन्द्रित गर्ने |
| | | | | **१५५००** | |
| **कूल जम्मा** | | | | **५५४४००** | |

# परिच्छेद ४
# संस्कृति तथा पर्यटन योजना

## ४.१ पृष्ठभूमि

नेपालको संविधानले सुनिश्चित गरेको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आयको अधिकारलाई साकार पार्न संघ, प्रदेश र स्थानीय सरकारको संयुक्त भूमिका रहन्छ । यसका लागि संघ, प्रदेश तथा स्थानीय कानून, नीति, योजनाको आधारमा स्थानीय सरकारले योजनाबद्ध तथा विशेष प्रयास गर्नु पर्ने देखिन्छ । साथै नेपालको पर्यटन नीति २०६५ ले राष्ट्रिय सम्पदाहरूलाई दिगो उपयोगको माध्यमबाट पर्यटकीय क्रियाकलापमा प्रयोग गरी राष्ट्रिय आयमा पर्यटन क्षेत्रको उल्लेख्य मात्रमा बृद्धि गराई जनताको जीवनस्तरमा सुधार ल्याउने लक्ष्य राखेको छ। उपरोक्त संवैधानिक अधिकार क्षेत्र र राष्ट्रिय नीतिलाई मध्यनजर गरी गाउँपालिकाको समग्र विकासको एक अग्रणी क्षेत्रको रुपमा पर्यटन विकास तथा प्रवर्द्धनलाई उत्पादन, रोजगारी र आयवृद्धि तर्फ डोऱ्याउन पर्यटन र साँस्कृतिक सम्पदा सम्बन्धी क्षेत्रको संभावना, अवसर र विद्यमान अवस्था समेत समस्या तथा चुनौति र चाल्नु पर्ने कदम बारे संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ।

## ४.२ वर्तमान अवस्था

### संभावना, अवसर र विद्यमान अवस्था

यस गाउँपालिकामा ९ वटा धार्मिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरु रहेको, वडा नं. ४ को वाग्मारा ऐतिहासिक एवं पर्यटकीय हिसाव अत्यन्त महत्वपूर्ण मानिएको छ। वार्षिक ७१०० आन्तरिक पर्यटकहरु आउने गरेको तथा लामटाङ राष्ट्रिय निकुञ्ज जाने पदमार्ग वडा नं. ४ र १ मा पर्ने भएको हुँदापनि यसक्षेत्रको संभावना निकै रहेको देखिन्छ। स्थानीयस्तरका १० भन्दा बढी होटल तथा रेष्टुरेण्टहरु संचालनमा रहेका छन्।

धार्मिक तथा साँस्कृतिक विविधता र सहिष्णुता रहेको यस क्षेत्रमा बौद्ध तथा हिन्दु धर्मसँग सम्बन्धित धार्मिक सम्पदा रहेको पाईन्छ। तामाङ, नेवारी र शेर्पा भाषाहरु मातृभाषाको रुपमा बोलिने गरिएको पाईन्छ। सोनाम ल्होसार यहाको मौलिक चाँड हो भने लामा नाच, झाँक्री नाच, सेलो नाँच तामाङ जातिको मौलिक सँस्कृति हुन्। लाखेजात्रा, नवमीको दिन कोतपूजा तथा जात्रा यहाँको लोकप्रिय प्रचलनहरु हुन्। यसका साथौ हरिकिर्तन, सोरटी, असारे, लोक दोहोरी जस्ता साँस्कृतिक प्रचलन समेत जिवित छन्। खैंजडी, डम्फु र टुंना यहाका मौलिक बाजागाजा रुपमा प्रचलित छन्।

### समस्या तथा चूनौती

गाउँपालिकाभित्र पर्ने पर्यटकीय स्थल, सम्पदा र उपजको पहिचान, नक्शाकंन, संरक्षण र व्यवस्थापन हुन सकेको छैन। महत्वपूर्ण पर्यटकीय क्षेत्र, सम्पदा र उपजलाई ध्यान दिई अत्यावश्यक पूर्वाधार तथा सेवा सुविधा विकास र विस्तार लगायत पर्यटकीय विकास सम्बन्धी स्पष्ट योजना नहुनु समस्याको रुपमा रहेको देखिन्छ। भएका पर्यटकीय सम्पदा, विशेषता, सेवा सुविधाको बारेमा पनि सूचना र प्रचारको कमी रहेको छ।

मुलुकभर व्याप्त रहेका पश्चिमी संस्कृतिको प्रभावले तादी क्षेत्रलाई समेत छोडेको छैन। परिणाम स्वरुप नेवारी र शेर्पा भाषा लोप हुने अवस्थामा पुगेको छ। तामाङ तथा नेवार जातिका मौलिक नाच र गितहरुमा क्रमशः ह्रास आइरहेको छ। मौलिक कला संस्कृतिको संरक्षणमा ध्यान पुग्न सकेको छैन। कला तथा संस्कृति संरक्षणको लागि संरचनागत व्यवस्था पनि हुन सकेको छैन। भाषिक समस्याका कारण तामाङ्ग समुदायले नेपाली भाषामा जानकारी हासिल गर्न कठिनाई रहेका छ।

## ४.३ लक्ष

यस गाउँपालिकाको संस्कृति तथा पर्यटन विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- साँस्कृतिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने

## ४.४ उद्धेश्य

गाउँपालिकाको साँस्कृतिक तथा पर्यटन विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१. स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा सम्बर्द्धन एवं पर्यटकीय सेवा सुविधाको स्तरबृद्धि भएको हुनेछ।

२. आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा बृद्धि भएको हुनेछ।

## ४.५ रणनीति तथा कार्यनीति

योजनाको साँस्कृति तथा पर्यटन विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

***तालिका ४ : सांस्कृति तथा पर्यटन विकासका लागि लिईने रणनीति तथा कार्यनीति***

| रणनीति | कार्यनीति |
|---|---|
| १. पर्यटकीय स्थलको पहिचान नक्शाङ्कन, विकास र प्रवर्धन गर्ने | १. गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सो अनुसारको प्राथमिकता आधारमा पर्यटन क्षेत्रको पूर्वाधार विकास र सेवा सुविधा अभिबृद्धि लगायतका कार्यहरु चरणबद्ध रुपमा कार्यान्वयन गरिनेछ ।<br>२. पर्यटकीय स्थल र सम्पदाको संरक्षण, सम्वर्धन गरी पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गरिनेछ ।<br>३. निजी क्षेत्र र समुदायसँग साझेदारीमा पर्यटन विकास कार्यहरु संचालन गरिनेछ । |
| २. पर्यटकीय सम्पदा र सेवाको विशिष्टिकरण गर्ने | १. स्थानीय संस्कृति एवं रितीरिवाजको प्रवर्द्धन सहित होम स्टे कार्यक्रम संचालन गरिने छ ।<br>२. कृषि तथा पशुपालन पकेट क्षेत्रजस्ता एकीकृत कृषि फर्म सहित कृषि पर्यटनको विकास र विस्तार गरिनेछ ।<br>३. प्राकृतिक, दृश्यावलोकन, धार्मिक, साँस्कृतिक कृषि र ग्रामीण जनजीवनमा आधारित दिगो पर्यटनको विकास गरिनेछ ।<br>४. निजी क्षेत्रसँग साझेदारी गरी गाउँपालिकाको संभाव्य पर्यटकीय स्थलहरुमा पर्यटकीय पूर्वाधार लगायत सेवासुविधा सहित पर्यटन विकास गरिनेछ । |
| ३. पर्यटनको विकासको माध्यमद्धारा दिगो रोजगारी सिर्जना र आय वृद्धी गरिनेछ । | १. पर्यटन विकास विशेष गरी युवा, महिला र लक्षित वर्गमा रोजगारी सृजना र आय बृद्धि गरिनेछ ।<br>२. कृषि, उद्यम र पूर्वाधार विकाससँग एकीकृत गरी पर्यटन विकासको कार्यक्रम संचालन गरिनेछ ।<br>३. पर्यटन क्षेत्रबाट प्राप्त आयको लक्षित समुदायसम्म पुऱ्याउन विकास विकासका कार्यक्रमलाई लक्षित वर्ग र समुदाय प्राथमिकता दिई संचालन गरिनेछ । |
| ४. स्थानीय कला तथा संस्कृतिको संरक्षण गरी व्यवसायिकता तर्फ आकर्षित गर्ने । | १. स्थानीय कला तथा संस्कृतिको जगेर्ना गर्न कला तथा संस्कृति संवर्द्धन केन्द्रको स्थापना स्थानीय स्तरमा गरिनेछ ।<br>२. मातृभषाको जगेर्ना गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>३. भाषिक साहित्यिक कार्यक्रम संचालन तथा पुस्तक प्रकाशन गरिनेछ ।<br>४. सँस्कार, सँस्कृति संरक्षणको लागि डकुमेन्ट्री बनाइने छ ।<br>५. साँस्कृतिक महोत्सवहरु नियमित रुपमा आयोजना गरिनेछ । |

## ४.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको सँस्कृति तथा पर्यटन क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

***तालिका ५ : संस्कृति तथा पर्यटन विकासका लागि लागि संचालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना***

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य ( २०८१/८२) | | |
| **१. पर्यटकीय पूर्वाधार, सेवा र सुविधा** | | | | | |
| १.१ पर्यटन गुरुयोजना तयारी | संख्या | ० | १ | ५००० | गापास्तरमा |
| १.२ कृषि पर्यटन कार्यक्रम | स्थान | ० | ६ | २०००० | कृषि पकेट क्षेत्र अनुसार |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य ( २०८१/८२) | | |
| | | | | | कृषि व्यवसायसँग आवद्ध गरी संचालन गर्ने |
| १.३ पर्यटकीय पदमार्ग मार्ग विकास | कि.मि. | ० | २० | ५००० | वडा नं. १ उर्लेनी हुँदै गोसाईकुण्ड जाने |
| १.४ कोतघरको विकास | स्थान | ० | १ | ५००० | वडा नं. ६ को बच्छलादेवी मन्दिरमा |
| १.५ पर्यटकीय पूर्वाधार विकास कार्यक्रम | संख्या | ० | १ | १०००० | पहिचान भएका पर्यटकीय स्थानहरुमा |
| १.६ पर्यटन पूर्वाधार, सुविधा सम्बन्धी सालबसाली कार्यक्रम | पटक | १ | ५ | ३००० | नेपाल सरकार र प्रदेश सरकाको ससर्त अनुदान र |
| | | | | ४८००० | |
| **२. साँस्कृतिक सम्पदा संरक्षण र प्रवर्धन** | | | | | |
| २.१ साँस्कृतिक महोत्सव | पटक | ० | ५ | ५००० | सवै वडाको सहभागितामा खरानीटार |
| २.२ सम्पदा अध्ययन तथा वृतचित्र | वटा | ० | १ | २००० | सबै सम्पदा तथा संस्कृति समेटिने गरी |
| २.३ स्थानीय सम्पदा संरक्षण | वटा | ० | ७ | ५००० | कृष्णमन्दिर, बच्छला देवि, शुन्दरा देवि, टुटुङ्ग गुम्बा, कल्पेश्वरी महादेव महादेव मेला, चण्डेश्वरी मेला, ओखे निमा छोईसार गुम्बा |
| २.४ सँस्कृति सम्बन्धी सालबसाली कार्यक्रम | पटक | १ | ५ | ३००० | नेपाल सरकार र प्रदेश सरकाको ससर्त अनुदान र |
| | | | | १५००० | |
| **कुल जम्मा** | | | | ६३००० | |

# परिच्छेद ५
# सामाजिक विकास योजना

## ५.१ पृष्ठभूमि

वर्तमान संविधानले शिक्षा, स्वास्थ्य र सामाजिक समावेशीकरण जस्ता आधारभूत विषयलाई मौलिक हकको रुपमा सम्बोधन गरेको छ । माध्यामिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य र समाजिक समोवेशीकरणका मुद्धाहरु स्थानीय तहको अधिकार र जिम्मेवारी क्षेत्र भित्र पर्दछन् । उल्लेखित विषयलाई निति तथा विकास योजना मार्फत सम्बोधन गर्न कानुनी तथा नीतिगत आधारहरु समेत तयार भई सकेका छन् । संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँग सहकार्य र समन्वय गर्दै सामाजिक विकासको माध्यमबाट तादीबासीलाई समृद्ध बनाउनु तादी सरकारको दायित्व बन्न पुगेको छ । समृद्ध तादीको लागि सक्षम जनसक्ति उत्पादन र यथोचित अवसरहरु उपलब्ध गराउन शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रमा रहेका संभावना र अवसर, समस्या तथा चूनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

## ५.२ वर्तमान अवस्था

### ५.२.१ शिक्षा तथा सीप विकास

#### संभावना, अवसर र विद्यमान अवस्था

नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता सवालहरुलाई महत्वपूर्ण रुपमा उठान गरिएको छ । १५ औं राष्ट्रिय योजनाको अवधारणा पत्रले उपरोक्त विषयलाई समेत उच्च प्राथमिकतामा राखेको छ । तादी गाउँपालिकामा शिक्षाको अवस्थालाई हेर्ने हो भने जम्मा ३१ वटा सामुदायिक विद्यालय छन् जस्मध्ये ५ वटा मावि र बाँकी आधारभूत तहका छन् । बजार क्षेत्रलाई मध्यनजर राखेर ५ वटा विद्यालय संस्थागत छन् जस मध्ये १ वटामा मावि तह सम्म पढाई हुन्छ । गाउँपालिका भित्र एक वटा बहुमुखी क्याम्पस रहेकोछ । प्रविधिको विकास सँगै ५ वटा माविमा ई हाजिरी र पुस्तकालय रहेको छ भने २ वटा माविमा विज्ञान प्रयोगशाला रहेको छ ।

सामुदायिक विद्यालय प्रति घटिरहेको आकर्षणलाई मध्यनजर गरी २ वटा सामुदायिक विद्यालयमा अंग्रजी माध्यमबाट पठनपाठन गर्ने गरिएको छ । स्थानीय शिक्षा ऐन गाउँसभाबाट पारित भै लागु भैसकेको छ । करिव ९० प्रतिशत विद्यालर्थी विद्यालय जाने गरेको छ । समग्रमा शिक्षा सेवामा स्थानीयहरुले शन्तोष व्यक्त गरेका छन् ।

#### समस्या तथा चूनौती

शैक्षिक क्षेत्रमा आधारभूत, माध्यामिक, उच्च शिक्षा र प्राविधिक शिक्षामा विविध समस्या र चुनौतिहरु विद्यमान रहेका छन् । अधिकांश विद्यालयमा शिक्षकहरु भएता पनि विषयगत शिक्षकको अभाव छ । विद्यालयमा उपलव्ध फर्निचरहरु बालमैत्री र अपांगमैत्री छैनन् । ४ वटाबाहेक विद्यालयमा पुस्तकालयको व्यवस्था हुन सकेको छैन । विद्यालयहरुमा पर्याप्त मात्रमा कक्षा कोठा, शौचालय र खानेपानीको अभाव छ । विद्यार्थीहरुको क्षमता विकासको लागि सवै विद्यालयमा अतिरिक्त कृयाकलापहरु नियमित रुपमा हुन सकेको छैन । विद्यालयहरुमा आवश्यक मात्रमा खेलकुद सामग्री उपलव्ध गराउन सकिएको छैन । समय सापेक्ष शिक्षकहरुको क्षमता बढाउन शिक्षकहरुको लागि तालिमको व्यवस्था मिलाउन सकिएको छैन । विद्यालय र शिक्षकहरुको नियमितताको नियमित अनुगमन गर्ने विधि र प्रणालीको विकास नहुँदा शिक्षाको गुणस्तरलाई अझ प्रभावकारी रुपमा सुधार ल्याउन सकिएको छैन । केहि विद्यालयमा अंग्रजी माध्यमबाट पठनपाठन सुरु गरिएता पनि सवैमा प्रभावकारी रुपमा व्यवस्था गर्न नसकिएको देखिन्छ ।

### ५.२.२ स्वास्थ्य तथा पोषण

#### संभावना, अवसर र विद्यमान अवस्था

यस गाउँपालिका एम्बुलेन्स सेवा र २४ घण्टे इमर्जेन्सी सेवा सहित १५ शैयाको १ वटा अस्पताल, क्षेत्रमा ४ वटा स्वास्थ्य चौकी र १ वटा ग्रामीण सामुदायिक स्वास्थ्य इकाईले आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराइ रहेका छन् । यि मध्ये २ वटा स्वास्थ्य संस्थामा ल्याव टेस्ट सुविधा र तालिम प्राप्त स्वास्थ्यकर्मी सहितको २ वटामा बर्थिङ सेवा सञ्चालनमा रहेको छ । समुदायस्तरको स्वास्थ्यको लागि टोल टोलमा महिला स्वास्थ्य स्वयंसेविकाहरु क्रियाशिल रहेका छन् । यसको अलावा, समुदायमा आमा समूहहरु समेत क्रियाशिल रहेका छन् ।

प्राथमिक स्वास्थ्य केन्द्रमा ७२ प्रकारको र स्वास्थ्यचौकीमा ५२ प्रकारको औषधि उपलव्ध छ । प्रत्येक महिना खोप क्लिनिक र गाउँघर क्लिनिक सञ्चालनमा रहेको छ भने सवै स्थास्थ्य संस्थबाट क्लिनिकल सेवा समेत उपलव्ध गराइएको छ । समग्रमा गाउँपालिकाको स्वास्थ्य सेवा सन्तोषजनक मान्न सकिन्छ ।

### समस्या तथा चूनौती

छिमेकी स्थानीय तहहरु सँगको तुलनामा तादी गाउँपालिकाको स्वास्थ्य स्थिति सन्तोषजनक रहेता पनि पुर्वाधारको कमी, जनसक्तिको कमी र उच्चस्तरीय सेवामा सिमितताका कारण यस क्षेत्रमा स्वास्थ क्षेत्रमा विभिन्न खालका समस्या र चुनौति विद्यमान रहेका छन् । १५ शैयाको अस्पता रहेता पनि चिकित्सक/विशेषज्ञ सेवा सहित पूर्ण रुपमा सञ्चालनमा आउन नसक्नाले काठमाण्डौंका स्वास्थ्य संस्थाहरुको भर पर्नु पर्ने वाध्यता रहेको छ । अस्पतालमा पोष्टमार्टम सुविधा नहुदा दुर्घट्नमा शव बोकेर काठमाण्डौ पुऱ्याउनु पर्ने बाध्यता रहेको छ । खोप क्लिनिक र गाउँघर क्लिनक एकै व्यक्तिबाट एकै दिन सञ्चालन हुदा सेवा नियमित हुन सकेको छैन । स्वास्थ्य संस्थाहरुमा अनुगमन तथा मुल्यांकन प्रणाली नहुँदा कर्मचारीहरुको उपस्थितिमा नियमित हुन सकेको छैन । सवै स्वास्थ्य संस्थामा मापदण्ड अनुसारको भौतिक संरचना, ल्याव र बर्थिङसेन्टर स्थापना हुन सकेको छैन ।

## ५.२.३ खानेपानी तथा सरसफाई

### संभावना, अवसर र विद्यमान अवस्था

खानेपानी र सरसफाईका क्षेत्रमा तादी गाउँपालिकामा पछिल्ला वर्षमा उल्लेखनिय सुधार देखिएको छ । करिव ७० प्रतिशत घरमा खानेपानीका लागि धाराको पानी उपयोग हुने गरेको छ तादीमा पानी मुहानहरुको पर्याप्त उपलब्धताले खानेपानीको उपयोगमा सहज तुल्याएको छ । यहाँ १५ वटा भन्दा बढि खानेपानी व्यवस्थापन समितिहरु क्रियाशिल रहेका छन् । यस क्षेत्रमा सबै बासिन्दालाई स्वच्छ खानेपानीको पहुँच वृद्धि गर्न एक घर एक धारा अभियान कार्यान्वयनमा रहेको छ । गाउँपालिका खुला दिशा मुक्त क्षेत्र घोषणा भइ सकेकोले पुर्ण सरसफाइका अभ्यासहरु हुँदै गरेका छन् । यस क्षेत्रमा धुवाँ रहित चुलो निर्माण र उपयोग गर्ने अभ्यास रहेको छ । खानेपानी र सरसफाईको क्षेत्रमा गैरसरकारी क्षेत्रको सहयोग रहेको देखिन्छ । हालको अवस्था हेर्दा स्वच्छ खानेपानी र सरसफाइ सम्बन्धी चेतनामा क्रमशः बृद्धि हुँदै गएको छ ।

### समस्या तथा चूनौती

यस गाउँपालिकामा स्वास्थ्य तथा सरसफाईको क्षेत्रमा सुधारका बावजुद स्वच्छ पानीको उपलब्धता र खानेपानी प्रणाली व्यवस्थित हुन सकेको देखिदैन । जनचेतनाको कमीको कारण खानेपानीका पाइपलाई अनावश्यक रुपमा क्षति पुऱ्याउने र व्यवस्थापन तथा वितरणमा बाधा पुऱ्याउने काम भैरहेको छ । पानीको मुहान वस्ति भन्दा टाढा हुनाले निर्माण र व्यवस्थापन लागत बढि हुने गरेको । उपलब्ध खानेपानीको ट्यांकी र मुहान खुल्ला हुनाले पानीको स्वच्छतामा असर परेको देखिन्छ । गाउँपालिका खुला दिशा मुक्त क्षेत्र घोषणा भए पनि पूर्ण कार्यान्वयनमा कमी रहेको छ भने सार्वजनिक सौचालयको व्यवस्था नहुँदा असहज अवस्था रहेको छ । सार्वजनिक स्थल तथा निजी घरमा फोहोरको व्यवस्थापनमा कमजोरीका कारण प्लास्टिक तथा सिसाजन्य फोहोर सहित कुहिने फोहोर व्यवस्थापन हुन सकेको छैन ।

## ५.२.४ लैंगिक समानता तथा सामाजिक समावेशिकरण

### संभावना, अवसर र विद्यमान अवस्था

सामाजिक समावेशीकरण र लक्षित वर्गको हितका सम्बन्धमा हालका दिनहरुमा कानुनी तथा नीतिगत व्यवस्था र स्थानीय स्तरमा भए गरेका अभ्यासहरुले केही सकारात्मक परिवर्तन देखा परेका छन् । तादी गाउँपालिकामा ६० भन्दा बढि आमा समूह र महिला समूहहरु आ-आफ्नो विधान बनाई क्रियाशिल रहेको देखिन्छ । एकल महिला समूह गठन गरी खुत्रुके बचत

कार्यक्रम जस्ता महिला शसक्तीकरणका कार्यक्रम सञ्चालनमा रहेको छ । गाउँपालिकास्तरमा बाल संरक्षण समिति रहेको छ । केहि विद्यालयमा बाल क्लव, ईको क्लव र स्काउट गठन भएको छ भने सवै माविमा जुनियर रेडक्रस गठन भई क्रियाशिल रहनुका सार्थ अन्य विद्यालयमा समेत बाल क्लव खोल्ने क्रम सुरु भएको देखिन्छ । जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने प्रचलन रहेको छ । गाउँपालिका भित्र ३४ जना पूर्ण अपांगता, ५४ आंशिक अपांगता भएका छन् । गाउँपालिका भित्र दलित समुदाय पनि रहेको छ । यि सम्पूर्ण लक्षित समुहसँगको विकासका क्रियाकलापलाई व्यवस्थित गर्न महिला तथा बालवालिका शाखा र सामाजिक विकास शाखा क्रियाशिल रहेको छ ।

### समस्या तथा चूनौती

तादी गाउँपालिकामा सामाजिक समावेशीकरणको क्षेत्रमा हालका दिनमा सकारात्मक परिवर्तनहरु देखिएता पनि यथोचित पहल र सुधार हुन सकेको देखिदैन । पालिकास्तरमा लक्षित वर्गको संरचनागत पूर्वाधारको कमी रहेको छ । महिला साक्षरता कमी हुनुले महिला हिंसा अझै कायम रहेको पाईनछ । महिला बेरोजगारको कारण समुदायमा मानवबेचविखन जस्ता जघन्य अपराध हुने गरेको देखिन्छ ।

बुवा बैदेशिक रोजगारीमा जाने र आमाले दोश्रो बिवाह गर्नाले अनाथ बालवालिकाको संख्यामा बृद्धि हुन थालेको छ । बालवालिकालाई घरायसी तथा कृषि कार्यमा काम लगाउने प्रचलनले विद्यालय जानबाट बञ्चित हुने गरेको छ । सवै विद्यालयमा बालक्लवहरु नहुनुका साथै बाल प्रतिभा विकास कार्यक्रमहरु नियमित रुपमा सञ्चालन नहुनाले बालविकास मा कमी आईरहेको छ । गाउँपालिकाका भौतिक पूर्वाधारहरु अपांगमैत्री भैनसेको अवस्था छ भने अपांगता भएकाहरुको क्षमता र सिपमा कमि हुनाले आर्थिक क्षमता र सामाजिक सम्मानमा कमि आएको देखिन्छ । पूर्ण अपांगता भएकाहरुको लागि पर्याप्त मात्रमा सहायक सामग्री पर्याप्त उपलव्ध गराउन नसकिएको अवस्था छ । लक्षित वर्गमा आत्मनिर्भरता र आत्मविस्वासको कमी रहेका छ । सामाजिक सुरक्षा भत्ताको वितरण असजहताका कारण गुनासो व्यापक देखिएको छ ।

## ५.२.५ युवा तथा खेलकुद

### संभावना, अवसर र विद्यमान अवस्था

खेलकुदको क्षेत्रमा यस गाउँपालिकाले राष्ट्रियस्तरमा पनि ख्याती कमाएको छ । यस गाउँपालिकाको प्रतिनिधित्व गर्ने खेलाडी रहेका छन् । खेलकुदको अभ्यासका लागि ३ खेल मैदान रहेका छन् । यस क्षेत्रमा केहि युवा क्लब रहेका छन् । युवाको बैदेशिक रोजगारीको आकर्षणले आय आर्जनको महत्वपुर्ण आधार बनेको छ ।

### समस्या तथा चूनौती

राष्ट्रियस्तरमा ख्याती कमाएका खेलाडीहरु रहेको यस क्षेत्रमा खेलकुदमा प्रोत्साहनको कमी रहेको छ । पर्याप्त संख्यामा खेलमैदान नरहेको, खेल प्रशिक्षकको व्यवस्था नभएको, खेलाडीको सम्मान गर्ने कार्य नगरिने प्रचलन र नियमित खेल आयोजना नहुने कारणले खेलकुदको विकासमा सकारात्मक प्रभाब परेको छैन । स्थानीयस्तरमा स्वरोजगारको अवसरहरु सृजना गर्न नसक्नु र स्थानीय कार्यप्रतिको सम्मानमा ह्रास आउनाले युवा शक्ति पलायन हुने गरेको छ । आवश्यक सिप र ज्ञानको अभावमा बैदेशिक रोजगारी समेत सुरक्षित र सम्मानित हुन नसकेको देखिन्छ ।

## ५.३ लक्ष

यस गाउँपालिकाको सामाजिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- स्वस्थ, प्रतिस्पर्धी र दक्ष मानव संशाधनको विकास गर्नु

## ५.४ उद्धेश्य

गाउँपालिकाको सामाजिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

३. पूर्व प्राथमिक तथा प्राविधिक शिक्षामा पहुँच तथा विद्यालय शिक्षाको गुणस्तरमा बृद्धि भएको हुनेछ ।

४. आधारभूत तथा चिकित्सकिय स्वास्थ्य सेवामा पहुँच तथा गुणस्तर बृद्धि भएको हुनेछ ।

५. स्वच्छ खानेपानीको सहज उपलब्धता र सरसफाइजन्य व्यवहारमा अभिबृद्धि भएको हुनेछ ।

६. लक्षित वर्गको निर्णय निर्माण प्रकृयामा सहभागिता, सामाजिक मर्यादा र आत्मनिर्भरतामा बृद्धि भएको हुनेछ ।

७. युवाका लागि व्यवसायिकता तथा आत्मनिर्भरताका अवसर सृजना भएको हुनेछ ।

## ५.५ रणनीति तथा कार्यनीति

योजनाको सामाजिक विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

***तालिका ६: सामाजिक विकासका लागि लिईने रणनीति तथा कार्यनीति***

| रणनीति | कार्यनीति |
|---|---|
| **क. शिक्षा तथा सीप विकास** | |
| १. आत्मनिर्भर तथा अनुशासित जनसक्ति उत्पादन गर्ने ।<br>२. मानव ससाधन, पुर्वाधार तथा प्रबिधिको बिकास र जिबनोपयोगि ज्ञान र शिपमा आधारित पाठ्यक्रम मार्फत सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने ।<br>३. प्रविधिमा आधारित प्रभावकारी संयन्त्रको स्थापना गरी विद्यालयहरुको अनुगमनको लागि अनुगमन गर्ने<br>४. श्रम बजारमा उपयोगी शिक्षालाई प्रवर्द्धन गर्ने । | १. शिक्षालाई व्यवहरिक, व्यवसायिक र जिवनोपयोगी बनाउन कृषि विद्यालय स्थापना गरी संचालन गरिनेछ ।<br>२. संघ र प्रदेशबाट प्राप्त हुदै आएको अनुदानमा गाउँपालिकाबाट लागत साझेदारि गरिनेछ ।<br>३. नतिजामा आधारित बिद्यालय सुधार कार्ययोजना कार्यान्वयनमा ल्याइने छ ।<br>४. शिक्षण सिकाइमा टेवा पुऱ्याउने डिजिटल पाठ्यसामाग्रीको व्यवस्था मिलाईनने छ ।<br>५. सवै विद्यालयहरुको शैक्षिक क्यालेन्डर प्रकाशित गर्ने व्यवस्था मिलाईने छ ।<br>६. विद्यार्थीको टिकाउदरमा बृद्धि गर्न ६ कक्षा भन्दा माथिका लागि पनि दिवा खाजा दिने निति अवलम्बन गरिनेछ ।<br>७. खेलकुद मैदानको व्यवस्थापन गर्दै विद्यालयहरुमा खेलकुदलाई प्रवर्द्धन गरिने छ ।<br>८. आकस्मिक घटना र विपदलाई मध्यनजर गरी विद्यायलहरुमा प्रथमिक उपचारका सामग्री राख्ने व्यवस्था मिलाइने छ ।<br>९. स्नातकोत्तर तह सम्मको अध्ययन अध्यापनको लागि क्याम्पसको स्तरवृद्धि गरिने छ ।<br>१०. सामुदायिक विद्यालयहरु प्रतिको आकर्षण घट्न नदिन सवै विद्यालयहरुमा अंग्रेजी माध्यमबाट पढाई गराउने व्यवस्था मिलाईने छ ।<br>११. ई हाजिरी र सिसि क्यामेरा जडान गरी विद्यालयहरुको अनुगमन गर्ने प्रणालीलाई मजबुत बनाईने छ ।<br>१२. विद्यार्थी संख्याको आधारमा विद्यालयहरुलाई मर्ज निति अवललम्बन गरिने छ ।<br>१३. विद्यालयहरुमा अनलाइन (दूर शिक्षा) को सुरुआत गरी प्रविधिमा आधारित शिक्षालाई प्रबर्द्धन गरिने छ । |
| **ख. स्वास्थ्य तथा पोषण** | |
| १. स्थानीयवासीको आधारभूत स्वास्थ्यमा पहुँच तथा पोषणको अवस्थामा गुणस्तरमा वृद्धि गर्ने ।<br>२. स्वास्थ संस्थाहरुलाई ब्यवस्थित गर्दै सर्वसूलभ र स्थानीयबासीको पहुँचमा बृद्धि गर्ने ।<br>३. बहुक्षेत्रीय पोसण योजना लाई समन्वय र साझेदारि मार्फत अभिब्रिधि गरिनेछ ।<br>गाउँपालिकास्थित अस्पतालमा थप विशेषज्ञ, अत्याधुनिक ल्याव र पोष्टमार्टम जस्ता अनिवार्य सेवहरुको व्यवस्था गरी काठमण्डौसँगको परर्भिरता कमि गर्ने | १. सवै वडामा एम्बुलेन्स सेवालाई विस्तार गरिने छ ।<br>२. हरेक वडामा कम्तिमा एक आधारभूत स्वास्थ सेवा केन्द्र स्थापना गरिनेछ ।<br>३. गाउँपालिकास्थित अस्पतालमा आकस्मिक सल्यक्रिया र प्राथमिक ट्रमा केयेर सहितको सेवा सञ्चालनमा ल्याईने छ ।<br>४. अस्पताललाई व्यवस्थित बनाई चिकित्सक सहितको सेवालाई २४ घण्टा सञ्चालन हुने बनाईने छ ।<br>५. मापदण्ड अनुसार सवै स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधार तयार गर्दै लगिने छ ।<br>६. दरबन्दी अनुसार स्वास्थ्यकर्मीको पदपूर्तिमा ध्यान दिईने छ ।<br>७. स्वास्थ्यकर्मीहरुलाई आवश्यक सेवा सुविधा र तालिमको व्यवस्था मिलाउदै लगिने छ ।<br>८. सवै स्वास्थ्य संस्थामा बर्थिङ सेन्टर बनाई पूर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणा गर्ने अभियान सञ्चालन गरिने छ ।<br>९. सम्पूर्ण ५ वर्ष मुनिका बालवालिकाको बृद्धि अनुगमन गरी पोषण स्थितिमा |

| रणनीति | कार्यनीति |
|---|---|
| | सुधार ल्याउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ।<br>१०. अस्पतालमा मापदण्ड अनुसारको फोहरमैला व्यवस्थापन प्रणालीको स्थापना गरी सञ्चालन गरिने छ।<br>११. आमा समुह र महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता बिकास र सुविधामा सुधार गरी सामुदायिक स्वस्थ्यलाई प्रभावकारी बनाईने छ। |
| **ग. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** | |
| १. लक्षित वर्गको आत्मनिर्भरताको लागि अवसरहरु सृजना गर्ने।<br>२. लै.स.सा.स. सम्बन्धि क्षेत्रगत निति, कानुन तथा कार्यक्रम तर्जुमा गर्ने<br>३. लैगिक उत्तरदायी बजेट बिनियोजन पद्दतिलाई संस्थागत गर्ने<br>४. महिला बिरुद्द हुने सबै प्रकारका हिसा, शोषण र भेदभाव अन्त्य गर्न न्यायमा पहुच अभिबृद्धि गर्ने<br>५. अपांगमैत्री, बालमैत्री र महिलामैत्री पुर्वाधार निर्माणमा जोड दिने।<br>६. बालश्रमको अन्त्य गर्ने।<br>७. ज्येष्ठ नागरिकको सुरक्षा र सहजताका लागि सामाजिक सुरक्षा सेवालाई ब्रिद्दि गरिनेछ। | १. लाक्षित वर्गको लागि आय आर्जन र क्षमता विकास गराउन सिपमुलक र व्यवसायमुलक तालिमहरुको व्यवस्था गरिने छ।<br>२. महिला, अपांग, दलित, जेष्ठ नागरिक प्रति हुने दुर्व्यवार र हिंसालाई सचेतना तथा न्यायिक उपचारको माध्यमबाट न्यूनीकरण गर्दै लगिने छ।<br>३. समान रुपमा अवसर, पहुँच, प्रतिफल र लाभ सुनिश्चित गर्न लैससास निति अबलम्बन गरिनेछ।<br>४. लक्षित बजेट बिनियोजन निति अवलम्बन गरिनेछ।<br>५. लैगिक हिसा अन्त्यका लागि निगरानी समूहहरुको क्षमता अभिबृद्धि गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ।<br>६. हिंसा पिडित महिला तथा प्रभावित (अनाथ समेत) बालबच्चाको राहत र उद्दारको लागि आपतकालिन पुनर्स्थापना कोष तथा केन्द्र स्थापना गरिनेछ।<br>७. मानव बेचविखन विरुद्ध विशेष अभियान सञ्चालन गरने छ।<br>८. विद्यालयहरुमा बाल क्लव र गापास्तरीय बाल सञ्जाल गठन गरी क्रियाशिल बनाईने छ।<br>९. विद्यालय जान नसकेका र विचमा पढाई छोडेका बालवालिकालाई विद्यालय सम्म ल्यउने, टिकाउने र सिकाउने वातावरण मिलाईने छ।<br>१०. बालप्रतिभा प्रस्फुटन गराउने खाल्का कार्यक्रमहरु विद्यालय भित्र र बाहिर सञ्चालन गर्ने वातावारण मिलाईने छ ।<br>११. अपांगता भएकाहरुको लागि सिप, सहायक सामग्री वितरण गरी व्यवसायी बनाउदै समाजमा सम्मानजनक वातावरण तयार गरिने छ।<br>१२. अपांगमैत्रि भौतिक पूर्वाधार निर्माणमा जोड दिइने छ।<br>१३. गाउँपालिकालाई जातीय भेदभावमुक्त बनाउन जागरण अभियान सञ्चालन गरिने छ। |
| **घ. खानेपानी तथा सरसफाई** | |
| १. स्वच्छ र सुरक्षित खानेपानीको पुर्वाधार तयार पार्दै स्वच्छ र सफा सरसफाई सेवा बाट बन्चित रहेका समुदायलाई खानेपानी तथा सरसफाई सेवा पुर्याउने। | १. एक घर एक धाराको अबधारणा अनुरुप सम्पूर्ण गाउँबासीलाई स्वच्छ खानेपानी सेवा उपलब्ध गराइने छ।<br>२. सञ्चालनमा रहेका खानेपानी आयोजनाहरुलाई सुरक्षित र व्यवस्थित बनाउन खानेपानी व्यवस्थापन सम्बन्धी सचेताना कार्यक्रमहरु सञ्चालन गरिने छ।<br>३. गाउँपालिकालाई प्लाष्टिकमुक्त क्षेत्र घोषणा अभियान चलाईने छ।<br>४. पानीको मुहान संरक्षण र पौराणिक पोखरीहरुको संरक्षण मार्फत खानेपानी तथा सरसफाईको आधार तयार गरिने छ। |
| **ङ युवा तथा खेलकुद** | |
| १. युवापिढीमा स्वरोजगार र आत्म विश्वासको अभिवृद्धि गर्ने।<br>२. बैदेशिक रोजगारीलाई सुरक्षित र सम्मानित बनाउन पहल गर्ने<br>३. खेलाडिको पहिचान, क्षमता बिकास र प्रोत्साहनको व्यबस्था गर्ने।<br>४. युवा वर्गमा स्वयमसेवी सँस्कृतिको | १. युवा उद्यमशिलता अभिवृद्धि गर्न संघीय र प्रादेशिक कार्यक्रमसँग तादम्यता मिलाई स्थानीय स्तरमा युवा उद्यमी र उद्यमशिलता बिकास गरिने छ।<br>२. राष्ट्रियस्तरका सफल युवा उद्यमीहरुका अनुभव स्थानीय युवाहरुमाझ प्रदान गरी उद्यमतर्फ अभिप्रेरित गरिनेछ।<br>३. युवा उद्यमीलाई सहज कर्जा र सीप हासिल गर्न अवस्यक पहल गरिने छ।<br>४. अक्षयकोषको स्थापना गरी खेलाडिको सामाजिक सुरक्षा सुनिश्चित गरिने छ। |

| रणनीति | कार्यनीति |
|---|---|
| बिकास गर्ने | ५. गाउँपालिकाको आर्थिक र सामाजिक बिकासमा युवालाई जिम्मेवार बनाउन स्वयंमसेवा कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ। |

## ५.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको सामाजिक विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ/ संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

***तालिका ७: सामजिक विकासका लागि संचालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना***

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| **१.१ शिक्षा तथा सीप विकास** | | | | | |
| १.१.१ दिवा खाजा कार्यक्रम | विद्यालय संख्या | ३१ | ३१ | ३०००० | ६ कक्षा भन्दा माथिका सवै विद्यालय |
| १.२.२ कृषि विद्यालय स्थापना तथा संचालन | वटा | ० | १ | ४०००० | सुन्दरा वा नर्जा |
| १.२.३ विद्यालय पुर्वाधार सुधार कार्यक्रम | पटक | ० | १ | ४३०००० | • ६ विद्यालयमा खेल मैदान<br>• १७ वटा विद्यालयमा खानेपानी सुविधा विस्तार<br>• ७ वटा विद्यालय भवन निर्माण<br>• ६ वटा माविमा विद्युतिय पुस्तकालय स्थापना<br>• विज्ञान मावि र अमरज्योति माविमा छात्रावास निर्माण<br>• विद्यालयमा सुचना प्रविधि विस्तार ( इन्टरनेट, प्रोजेक्टर, ल्यापटप)<br>• विद्यालय तारवार २२ वटा विद्यालयमा<br>• विज्ञान प्रयोगशाला |
| १.२.४ विद्यालय गुणस्तर सुधार कार्यक्रम | पटक | ० | ५ | १०००० | • विद्युतिय हाजिरी तथा सिसि क्यामरा स्थापना (२६ वटामा ई हाजिरी र ३१ वटामा सिसि क्यामेरा)<br>• शिक्षण विधि सुधार (श्रव्य दृष्य विधिको उपयोग)<br>• अविभावक, शिक्षक जनप्रतिनिधि अन्तरकृया (अर्धवार्षिक रुपमा)<br>• अतिरिक्त कृयाकलाप कार्यक्रम ( पालिकास्तरीय बौद्धिक प्रतिस्प्रर्धा) |
| १.२.५ स्नातकोत्तर तहको क्याम्पस संचालन | वटा | ० | १ | १०००० | अमरज्योति क्याम्पस |
| १.२.६ अंग्रेजी माध्यमबाट पठनपाठन | वि. संख्या | २ | ३१ | १५००० | सवै विद्यालयमा |
| २.२.७ सालवसाली कार्यक्रम | पटक | १ | ५ | २०००० | क्षमता विकास, मर्मत, नियमित सहयोग |
| | | | | **५५५०००** | - |
| **२.२ स्वास्थ्य तथा पोषण** | | | | | |
| २.२.१ स्वास्थ्य सेवा गुणस्तर सुधार कार्यक्रम | वटा | १ | १ | ५००० | • २४ घण्टे आकस्मिक सेवा व्यवस्थापन<br>• स्वास्थ्य संस्था फोहोर व्यवस्थापन<br>• विद्युतिय हाजिरी मेसिन स्थापना<br>• स्वास्थ्य संस्थामा बैकल्पिक उर्जा |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | | | | व्यवस्थापन |
| २.२.२ स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | पटक | ० | ५ | १५००० | • १ वटा स्वास्थ्य चौकी भवन निर्माण<br>• गाउँघर क्लिनिक तथा खोप क्लिनिक भवन १५ वटा<br>• ३ वटा सामुदायिक स्वास्थ्य इकाइ भवन |
| २.२.३ स्वास्थ्य सेवा विस्तार कार्यक्रम | पटक | ० | ५ | २०००० | • खरानीटार अस्पतालमा पोसमार्टम सेवा विस्तार<br>• स्वास्थ्य चौकीमा भिडियो एक्सरे सेवा (महिनाको एक पटक)<br>• वर्थिङ्ग सेण्टर सुधार ( एसविए उपस्थिति सुनिश्चित गर्ने)<br>• एम्बुलेन्स सेवा विस्तार ( वडा नं. १, २, ४, र ५/ ६ लाइ १) गरी वटा ४<br>• ल्याव सेवा ४ वटा स्वास्थ्य चौकीमा |
| २.२.४ क्षमता विकास कार्यक्रम | पटक | ० | ५ | ३००० | • स्वास्थ्यकर्मी तालिम<br>• करार/अस्थाइ स्वास्थ्य कर्मचारी अभिमुखिकरण<br>• स्वास्थ्यकर्मी पुरस्कार तथा दण्ड<br>• महिला स्वास्थ्य स्वयमसेविका प्रोत्साहन |
| २.२.५ बर्थिङ सेन्टर स्थापना | वटा | १ | ५ | ६००० | - १, २, ४, ५ वडामा |
| २.२.६ बर्थिङ्ग सेण्टरमा कुरुवा घर निर्माण | संख्या | ० | ६ | ३००० | सबै वर्थिङ्ग सेन्टरमा |
| २.२.७ नसिंङ्ग कलेज स्थापना तथा संचालन | वटा | ० | १ | २०००० | - खरानीटार |
| २.२.८ सालवसाली कार्यक्रम | पटक | १ | ५ | १०००० | मर्मत, क्षमता विकास |
| | | | | ८२००० | - |
| **२.३ खानेपानी तथा सरसफाई** | | | | | - |
| २.३.१ एकघर एकधारा कार्यक्रम | प्रतिशत | ७० | ९९ | १२०००० | - सबै वडामा |
| २.३.२ खानेपानी उपभोग र सरसफाई तालिम | जना | ० | ६० | ५०० | - हरेक वडाबाट १० जना |
| २.३.४ खानेपानी प्राविधिक तालिम | जना | ० | ६० | २००० | - प्रत्येक वडाबाट १० जना |
| २.३.५ खानेपानी मुहान संरक्षण कार्यक्रम | वटा | ० | ६ | ४००० | - मुहान भएको ठाउँमा |
| २.३.६ खानेपानी टंकी निर्माण तथा मर्मत | वटा | ४ | १० | ६००० | - ४ वटा मर्मत, ६ वटा नयाँ |
| २.३.७ खानेपानी गुणस्तर सुधार कार्यक्रम | पटक | ० | ५ | १०००० | - सबै खानेपानी प्रणाली |
| २.३.८ सालवसाली कार्यक्रम | पटक | १ | ५ | ५००० | मर्मत, अभियान |
| | | | | १४७५०० | - |
| **२.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण** | | | | | - |
| २.४.१ महिला सशक्तिकरण कार्यक्रम (साक्षरता, सिपमूलक, नेतृत्व विकास, आयआर्जन) | जना | ० | ३००० | ८००० | - सबै वडाका महिलाहरु |
| २.४.२ बाल संरक्षण कार्यक्रम | जना | ० | १०० | ७०५० | - अनाथ बालवालिका सबै |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| २.४.३ बाल विकास कार्यक्रम (बाल क्लव, संजाल गठन, तालिम, विविध कार्यक्रम) | वटा | १ | ३० | ३९० | - सवै सामुदायिक विद्यालयहरुमा |
| २.४.४ अपाङ्ग स्वरोजगार कार्यक्रम | जना | ० | ६० | २००० | - तरकारी खेती, हस्तकला |
| २.४.५ असहाय जेष्ठ नागरिक आश्रय स्थल निर्माण | संख्या | ० | १ | ३००० | - वाउन वेसी |
| २.४.६ सालवसाली कार्यक्रम | पटक | १ | ५ | २००० | नियमित कार्यक्रम |
| | | | | २२४४० | - |
| **२.५ युवा तथा खेलकुद** | | | | | - |
| २.५.१ युवा उद्यमशीलता कार्यक्रम | जना | ० | ३०० | २००० | - सवै वडाका युवाहरु |
| २.५.२ युवा क्षमता विकास कार्यक्रम | जना | ० | ३०० | १००० | - सवै वडाका युवाहरु |
| २.५.३ लोकसेवा तयारी कक्षा सञ्चालन | पटक | ० | ५ | २००० | - खरानीटार |
| २.५.४ खेलकुद विकास कार्यक्रम | पटक | ० | ५ | १०००० | - खेल प्रशिक्षण<br>- खेल आयोजना<br>- खेलाडी प्रोत्साहन<br>- खेल मैदान मर्मत |
| २.५.५ दुर्वसन नियन्त्रण कार्यक्रम | पटक | ० | ५ | २००० | - विद्यार्थी सचेतना<br>- युवा सचेतना |
| २.५.६ सालवसाली कार्यक्रम | पटक | १ | ५ | २००० | - नियमित कार्यक्रम |
| | | | | १९००० | |
| **कूल जम्मा** | | | | ८२५९४० | |

# परिच्छेद ६
# पूर्वाधार विकास योजना

## ६.१ पृष्ठभूमि

गाउँपालिकाको समष्टिगत आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाह गर्न भौतिक पूर्वाधार विकास क्षेत्रको भूमिका प्राथमिक तथा महत्वपूर्ण हुन्छ । भौतिक विकास पूवाधारले अन्तरआवद्धता, अन्तरसम्बन्ध विकासद्धारा, बजार सूचना, सेवा सुविधाको स्तर, पहुँच र उपयोग जस्ता विकास प्रतिफलको नतिजा हासिल प्रत्यक्ष योगदान गर्दछ । तर पूर्वाधार विकास र विस्तारबाट दीगो लाभ लिन पूर्वाधारको दिगो संचालनका साथसाथै वातावरणमा पर्ने नकारात्मक असरलाई न्यून गर्न संरक्षणका उपायहरु अवलम्बन गर्न जरुरी हुन्छ । विकास प्रतिफललाई सकारात्मक दिशातर्फ उन्मुख गराउन तथा अपेक्षित नजिता हासिल गर्न पूर्वाधार विकास क्षेत्रमा मूलतः सडक, पुल तथा यातायात, आवास, वस्ती विकास, भवन र शहरी विकास, विद्युत तथा वैकल्पिक उर्जा र सूचना, संचार र प्रविधि जस्ता विषय क्षेत्रको विकास, विस्तार दीगो संचालन सम्बन्धी यस विश्लेषणमा समावेश गरिएको छ । तादी गाउँपालिकाको सन्दर्भमा पूर्वाधार विकास क्षेत्रको विद्यमान अवस्था, संभावना र अवसर, समस्या तथा चूनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

## ६.२ वर्तमान अवस्था

### ६.२.१ सडक, पुल तथा यातायात

#### संभावना, अवसर र विद्यमान अवस्था

यस गाउँपालिकालाई गंगटे गोल्फुभञ्ज्याङ्ग जोड्ने पक्की सडक यस गाउँपालिकामा ९ कि.मी. पर्दछ । यस सडकले वडा नं १ बाहेकका सबै वडाहरुलाई छोएर गएको छ । ६ वटा पक्की पुल रहेको यस गाउँपालिकामा ११ वटा झोलुङ्गे पुलहरु रहेका छन । गाउँपालिकाको केन्द्र खरानीटार देखि ६ वटै वडा तथा प्रमुख वस्तीसंम पुग्नकालागि कच्ची बाटोको ट्र्याक खोलिएको छ । करीब ८ कि.मी सडक ग्राभेल गरिएको छ भने १५० कि.मी सडक कच्ची अवस्थामा रहेको छ । सडकहरुको वर्गीकरण गरी मापदण्ड निर्धारण गरिएको छ । यस गाउँपालिकाका विभिन्न स्थानबाट काठमाण्डौ तथा जिल्ला सदरमुकाम विदुर संमको लागि बस तथा जीपबाट यातायात सेवा प्रदान गरिदै आएको छ । वर्षाको समय बाहेक अन्य समयमा यातायात सेवा नियमित रुपमा सञ्चालन गर्न सकिन्छ ।

#### समस्या तथा चूनौती

यस गाउँपालिकामा पक्की बाटो ९ कि.मी.मा मात्र बाह्रै महिना यातायातका साधन चलाउन सकिने अवस्था छ । गंगटे गोल्फुभञ्ज्याङ्ग सडक अन्तर्गत पर्ने स्थानहरुमा मात्र १२ है महिना यातायात सेवा सञ्चालनमा ल्याउन सकिने अवस्था छ । दोर्खु खोला लगायत अन्य साना खोला गरी गाउँपालिकामा ११ वटा झोलुङ्गे पुल रहेता पनि अझै थप १ स्थानमा झोलुङ्गे पुल र करीब ५० स्थानमा कल्भर्ट तथा ट्रस बनाउन पर्ने अवस्था छ । भिरालो धरातल भएको यस गाउँपालिकाका बस्तीहरुमा पक्की बाटो बनाउन ढलान तथा सोलिङ्ग गर्नुपर्ने हुँदा लागत बढी लाग्ने अवस्था छ । यातायात गुरुयोजना तयार नहुँदा प्राथमिकताका आधारमा सडक निर्माण गर्न असुविधा भएको छ । सडकको क्षेत्राधिकारलाई सुरक्षित गर्न सकिएको छैन ।

### ६.२.२ आवास, भवन तथा शहरी विकास

#### संभावना, अवसर र विद्यमान अवस्था

भुकम्पबाट प्रभावित १४ वटा जिल्ला मध्ये नुवाकोट जिल्लाको उत्तरी भागमा पर्ने यस गाउँपालिकामा भुकम्प प्रतिरोधी मापडण्ड अनुसार हाल ९० प्रतिशत घरहरु निर्माण सम्पन्न भइसकेको अवस्था छ । वडा नं १ को काल्चेबाट भुकम्प पछिको पहिरोबाट विस्थापित ७१ घर परिवारलाई वडा नं ३ को बुदुनेमा एकिकृत वस्तीको अवधारणा अनुरुप सारिएको छ ।

#### समस्या तथा चूनौती

यस गाउँपालिकामा सातविसे, खरानीटार तथा बाहुन बेसीमा बजार बस्ने सम्भावना रहेतापनि हालसम्म व्यवस्थित बजार बनिसकेको छैन । भु उपयोग योजना नभएकोले व्यवस्थित रुपमा वस्ती बसाउने कार्य हुन नसकेको पाईन्छ । यसै गरी

अवस्थित बसोबासले गर्दा सामान ढुवानीमा कठिनाई भएको छ । वडा नं ३ को बुदुनेमा एकिकृत बस्तीमा जाने बाटो कच्ची हुँदा आवागमनमा कठिनाई भएको भएको छ । बस्ती पूर्ण रुपमा व्यवस्थित नहुँदा पहिरोको जोखिम रहेको छ । यस बाहेक रालुकादेवी,आले डाँडा, बतासे, ओक्रे, स्यान्ताङ्ग टोल, तल्लो स्याङलेमा बसोबास गर्ने करीब २०० घरधुरीलाई सुरक्षित स्थानमा सार्नुपर्ने अवस्था रहेको छ ।

### ६.२.३ सूचना तथा संचार

#### संभावना, अवसर र विद्यमान अवस्था

यस गाउँपालिकामा गापा र वडामा गरी ७ वटा कार्यालयमा इन्टरनेट सुविधा उपलब्ध गराइएको छ । खरानीटार अस्पताल र अन्य ५ वटा स्वास्थ्य चौकीमा इन्टरनेट सुविधा भएको उपलब्ध छ । ३१ वटा विद्यालय मध्ये ६ वटा विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध छ । नेपाल टेलिकम तथा एन सेलबाट टेलिफोन सेवा उपलब्ध गराइएकोछ । गाउँपालिका कार्यालयमा सबै राष्ट्रियस्तरका दैनिक पत्रिका गाउँपालिकामा ल्याउने गरिएको छ ।

#### समस्या तथा चूनौती

तीन वटा कम्पनीले मोबाइल सेवा उपलब्ध गराएको भएता पनि मोबाइल फोनको पहुँच सबै वडाको सबै ठाउँमा पुग्न सकेको छैन । अप्टिकल फाइबर सञ्चालनमा नहुँदा टावर बेसमा उपलब्ध गराइएको सेवाको गुणस्तरीयता कम छ । सरकारी भवन, सडक, तथा सार्वजानिक स्थलहरुमा सी.सी क्यामेरा जडान गरिएको छैन ।

## ६.३ लक्ष्य

यस गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- गुणस्तरीय पूर्वाधार, व्यवस्थित बजार तथा आधारभूत सुविधाको पहुँचमा बृद्धि गर्ने

## ६.४ उद्देश्य

गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१. यातायात सेवा नियमित भई आवागमनमा सहजता पुगेको हुनेछ ।

२. आवास, बजार क्षेत्र र वस्तीहरु व्यवस्थित एवं सुरक्षित भएको हुनेछ ।

३. सूचना तथा संचार प्रविधिको पहुँचमा बृद्धि भएको हुनेछ ।

## ६.५ रणनीति तथा कार्यनीति

योजनाको पूर्वाधार विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

***तालिका ८ः पूर्वाधार विकासका लागि लिईने रणनीति तथा कार्यनीति***

| रणनीति | कार्यनीति |
|---|---|
| **क. सडक तथा यातायात** | |
| १. कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, ढुवानी सेवा, जनसंख्यालाई प्रत्यक्ष फाइदा पुग्ने गरी गुणस्तरीय पूर्वाधार तथा यातायात सेवा विस्तार गर्ने । | • सबै सडकहरुमा नियमित रुपमा मर्मत संभारको व्यवस्था मिलाइनेछ ।<br>• पहिरो जाने संभावित स्थानमा बायोइन्जिनियरिङ्ग प्रविधिबाट रोकथाम गरिनेछ ।<br>• सडकहरु स्तरोन्नति गर्दा अनिवार्य रुपमा नाली सहितको बनाइनेछ । |
| २. सडकको मापदण्ड, वर्गीकरण, नामाकरण र प्राथमिकताक्रम किटान गरिएको यातायात गुरुयोजना अनुसार सडक सञ्जाल विस्तार गर्ने | • सडक निर्माण गर्दा यातायात गुरुयोजना तयार पारी सडकको प्रकति अनुसार मापदण्ड निर्धारण, वर्गीकरण तथा प्राथमिकता निर्धारण गरिनेछ ।<br>• ग्रामिण सडकहरुको स्तर तथा मापदण्ड अनुसार सडकहरुको लगत कट्टा गर्न पहल गरिनेछ ।<br>• जिर्ण अवस्थामा रहेका झोलुङ्गे पुलहरुको मर्मत संभार नियमित रुपमा |

| रणनीति | कार्यनीति |
|---|---|
| | गरिनेछ । |
| **ख. आवास, भवन तथा शहरी विकास** | |
| १. सुरक्षित आवास तथा एकिकृत वस्तीको विकास गर्ने | • बस्ती विकास बढ्दै जाने संभावित क्षेत्रहरुमा योजनाबद्ध विकासकोलागि एकिकृत शहरी विकास योजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>• असुरक्षित स्थानमा बसोबास गरिरहेका बासिन्दालाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरण लगायत अन्य सम्बद्ध संघसंसस्थाहरुसंग समन्वय गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्न पहल गरिने छ ।<br>• नयाँ घरहरु बनाउँदा भवन निर्माण आचारसंहिता २०७२ लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ । |
| २. गाउँपालिकाको बजार उन्मुख क्षेत्रमा बजार व्यवस्थापनकालागि भौतिक पूवार्धारको विकास गर्ने | • बजार व्यवस्थापनका लागि खानेपानी, बाटो तथा पार्किङ्ग सुविधा जस्ता पूर्वाधारहरुको निर्माण गरिनेछ ।<br>• गाउँपालिका क्षेत्रमा रहेका सार्वजानिक जग्गाको अभिलेख तयार गरी अतिक्रमित सार्वजानिक जग्गामा वस्ती विकासका लागि भौतिक पूर्वाधार निर्माण गरिनेछ । |
| **ग. सूचना तथा संचार** | |
| १. इन्टरनेट सेवाको पहुँच अभिवृद्धि गर्ने | • धार्मिक पार्क तथा पर्यटकीय क्षेत्रहरुमा निशुल्क वाइफाईको व्यवस्था गरिनेछ ।<br>• गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था मुख्य बजारमा सिसिटिभी क्यामेरा जडान गरिनेछ । |
| २. सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधि बनाउने | • नेपाल टेलिकम तथा अन्य सेवा प्रदायक संस्थाहरुसंग समन्वय तथा सहकार्य गरीगुणस्तरीय भरपर्दो मोबाइल तथा इन्टरनेट सेवाको सुनश्चितता गरिनेछ ।<br>• विद्यालय लगायत सरकारी कार्यालयहरुमा ल्याण्डलाइन टेलिफोन जडानकालागि सेवा प्रदायक संस्थासंग पहल गरिनेछ ।<br>• एफ. एम रेडियो स्थापना गरी सञ्चारको पहुँच बढाइनेछ । |

## ६.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको पूर्वाधार विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ/ संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

***तालिका ९ : पूर्वाधार विकासका लागि संचालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना***

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | | |
| **१.१ सडक तथा यातायात** | | | | | |
| १.१.१ कालोपत्रे सडक | कि.मी. | ९ | २० | ६००००० | |
| १.१.२ ग्राभेल सडक | कि.मी. | ८ | ४० | २४०००० | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | | |
| १.१.३ सोलिङ्ग गरिएको सडक | कि.मी. | ५ | १० | १६५००० | |
| १.१.४ झोलुङ्गे पुल निर्माण | संख्या | ११ | २० | ४००० | दोर्खु दोभान र कविलास दोभान जोड्ने |
| १.१.५ पक्की पुल | संख्या | ९ | १० | ३०००० | खाप्सिङ्ग खोला वडा नं १ र ३ जोड्ने |
| १.१.६ कल्भर्ट ट्रस | संख्या | १५ | २५ | १२५०० | आवश्यक स्थानहरुमा |
| | | | **जम्मा** | **१०५१५००** | |
| **१.२ आवास, भवन तथा शहरी विकास** | | | | | |
| १.२.१ सार्वजानिक शौचालयको निर्माण | संख्या | १ | ५ | ५००० | |
| १.२.२ एकिकृत वस्ती विकास | संख्या | १ | २ | ४०००० | |
| १.२.३ बजार व्यवस्थापन | संख्या | ० | ३ | १५००० | |
| १.२.४ वडा कार्यालय भवन | संख्या | ५ | १ | १५००० | वडा नं २ |
| १.२.५ सि.सि.टि.भि. जडान | स्थान | १ | ३ | १५०० | प्रमुख बजार, गाउँपालिका तथा वडा कार्यालय |
| | | | **जम्मा** | **७६५००** | |
| **१.३ सुचना तथा संचार** | | | | | |
| १.३.१ ल्याण्डलाइन टेलिफोनको विस्तार | संख्या | १ | १२० | ० | वडा कार्यालय, सरकारी कार्यालय तथा अन्य बजार क्षत्रहरु |
| १.३.२ फ्री वाइफाई क्षेत्र निर्धारण गर्ने | संख्या | ० | १ | ६०० | बाघमारा पर्यटकीय स्थल |
| १.३.३ एफ.एम.रेडियो सञ्चालन | संख्या | ० | १ | २०००० | |
| १.३.४ तादी विकास वुलेटिन | संख्या | ० | ५ | १२५० | |
| १.३.५ जनप्रतिनिधि सेवाग्राही संवाद कार्यक्रम | संख्या | ० | ५ | ७५०० | |
| | | | **जम्मा** | **२९३५०** | |
| | | | **कुल जम्मा** | **११५७३५०** | |

# परिच्छेद ७
# उर्जा विकास योजना

## ७.१ पृष्ठभूमि

विद्युत तथा उर्जा विकास आर्थिक सामाजिक रुपान्तरणको एक महत्वपूर्ण साधन हो । यो प्रविधि हस्तान्तरण विकासको उज्यालो श्रोत पनि हो । यसले विकासका पूर्वाधारलाई चलायमान र गतिशिल बनाउँछ । उर्जा विना प्रविधि र विकास उपलब्धीको कल्पना सम्म गर्न सकिदैन । नेपालमा विद्युत उत्पादनको इतिहास फर्पिङ्ग विद्युत आयोजनाबाट शुरुवात भएको तथ्यबाट देखिन्छ । उर्जाका परम्परागत श्रोत दाउरा, कोइला र गुईठा हुँदै विद्युत र अन्य नविकरणीय उर्जाको उपयोग विस्तार भरहेको छ । परम्परागत उर्जाको प्रयोग देखी विद्युत, सौर्य तथा उर्जाका अन्य उर्जाको प्रयोगमा भएको बढोत्तरीसँगै विद्युतको उपयोगको २० घण्टे लोडसेडिङ बेहोर्दै अब विद्युत उर्जाको प्रमुख स्रोत बनको छ । संघीय संरचना अनुसार १ मेगावाट सम्मको विद्युत गाउँपालिका आफैले उत्पादन र विक्री तिवरण गर्ने सक्ने संवैधानिक तथा कानूनी अधिकार रहेको छ । सो अधिकार समेत गाउँपालिकाको विद्युत तथा वैकल्पिक उर्जाको संभावना, विद्यमान अवस्था, असर तथा समस्या र चूनौति विद्यमान, उर्जा विकास सम्बन्धी लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरूसमेत संलग्न गरी यस क्षेत्रगग योजना तर्जुमा गरिएको छ ।

## ७.२ वर्तमान अवस्था

### संभावना, अवसर र विद्यमान अवस्था

यस गाउँपालिकामा करीब ८६.८२ प्रतिशत घरहरुमा राष्ट्रिय प्रशारणबाट उत्पादित विजुलीबाट विद्युतीकरण भएको छ । १०.३३ प्रतिशत घरहरुमा सोलारबाट विद्युत आपूर्ति गरिएको छ । तादी खोलामा ५ मेघावाटको आदिशक्ति हाइड्रोपावर सञ्चालनमा रहेको छ । करीब १५० घरहरुमा सुधारिएको चुलो सञ्चालनमा ल्याइएको छ ।

### समस्या तथा चूनौती

भुकम्पको पश्चात सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले अनुदानमा उपलब्ध गराइएको सोलारहरु बिग्रीएको अवस्थामा रहेका छन । ३ फेजको लाइनबाट विद्युत वितरण नहुँदा सबै वस्तीहरुमा साना उद्योगहरु सञ्चालनमा ल्याउन सकिएको छैन । विजुलीको तारले रुखका हाँगाहरुलाई छुनाले विद्युत आपूर्ति बेला बेलामा बन्द हुने गर्दछ । सुधारिएको चुलोको फाइदा सम्बन्धी जानकारी नभएको नहुँदा दाउराको बढी खपत हुने देखि लिएर धुवाले आँखामा असर पारेको पाइन्छ ।

## ७.३ लक्ष्य

यस गाउँपालिकाको उर्जा क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ:

- जलविद्युत तथा बैकल्पिक उर्जाको उत्पादन, उपलब्धता र उपयोगमा अभिबृद्धि भएको हुने

## ७.४ उद्देश्य

गाउँपालिकाको उर्जा क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- विद्युतको उत्पादन र पहुँच बृद्धि भएको हुनेछ ।
- वैकल्पिक उर्जाको प्रवर्धन र विस्तार भएको हुनेछ ।

## ७.५ विषयगत रणनीति तथा कार्यनीति

योजनाको उर्जा विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालन देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

**तालिका १० : उर्जा विकास लागि लिईने रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्युत उत्पान र लाईन विस्तार गरी सवै घरपरिवार र स्थानमा उज्यालो पुर्‍याउने | १. स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने १ मेगावाट सम्मका जलविद्युत आयोजना सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने<br>२. लागत साझेदारीमा संभाव्य स्थानमा विद्युत उत्पादन गरिनेछ ।<br>३. लागत साझेदारीमा विद्युत नपुग भएका घरधुरीमा विद्युत लाइन विस्तार गरी सबै घरधुरीमा विद्युत सेवा उपलब्ध गराइनेछ ।<br>४. विद्यूत लाईन र पोल जिर्ण भएका स्थानमा जिर्ण पोल र तार मर्मत गरिनेछ खुलातार प्रणालीलाई केबल प्रणालीमा रुपान्तरणको व्यवस्था लागि नेपाल सरकारको सम्बन्धित निकाय तथा विद्युत प्राधिकरणसँग पैरवी गरिनेछ । |
| २. सूचना प्रविधिमा आधारित सेवा प्रवाहको कार्यालय तथा सेवा केन्द्रमा वैकल्पिक पावरको व्यवस्था गर्ने | १. गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालयमा सोलार प्रणालीमा आधारित पावर व्याकअपको व्यवस्था सूचना प्रविधिको प्रयोगलाई सहज बनाइनेछ ।<br>२. स्वास्थ्य संस्था र माद्यामिक विद्यालयमा पावर व्याकअप र इन्टरनेटको व्यवस्था र सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाइने छ । |
| ३. नवीकरणीय ऊर्जा प्रविधिको विकास र प्रवर्धन गर्ने | १. दाउराको प्रयोगलाई कम गर्दै लैजान वायोग्यास तथा सुधारिएको चुलो, बायोब्रिकेट जस्ता किफायती नविकरणीय ऊर्जा प्रविधिहरूको प्रवर्द्धन एवम् विस्तार गरिनेछ ।<br>२. गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ र सरल पहुँच पुर्‍याउन प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| ४. नविकरणीय उर्जाको पहुँच र उपयोग बृद्धि गर्ने | १. वैकल्पिक उर्जा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ग र योजना तर्जुमा गरी कार्यान्यन र नियमनको व्यवस्था गरी स्वच्छ उर्जामा गाउँपालिकाबासीको पहुँच बृद्धि गरिनेछ ।<br>२. राष्ट्रिय प्रसारण लाईनको विद्युत नपुगेका स्थानमा र विद्युत सेवा पुग्न प्राविधिक रुपमा कठिनाई हुने स्थानमा सोलार, वायोग्यास र सुधारिएको चुल्होको विस्तार गरिनेछ ।<br>३. अति विपन्न तथा एकल महिला, अपाङ्गता भएका व्यक्ति र असहाय ज्येष्ठ नागरिकका लागि वैकल्पिक उर्जा उपलब्ध गराउन थप प्रोत्साहन गरिनेछ । |

## ७.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको विद्युत तथा उर्जा क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ/ संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

**तालिका ११ : उर्जा विकासका लागि संचालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | | |
| **१. विद्युत विस्तार** | | | | | |
| १.१ थ्री फेज सहित विद्युत लाइन विस्तार | कि.मी. | ३० | ४० | २००,००० | आवश्यक स्थानहरुमा |
| | | | | २०००० | |
| **२. वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम** | | | | | |
| २.१ वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम | संख्या | ० | १ | ५००० | गापास्तर |
| २.२ प्रत्येक टोल तथा सडकमा सौर्य बत्तीको व्यवस्था गर्ने | संख्या | ३६ | १०० | ५००० | प्रमुख टोलहरु तथा सडकहरुमा |
| | | | | १०००० | |
| | | | **कुल जम्मा** | ३०००० | |

# परिच्छेद ८
# वन तथा वातावरण व्यवस्थापन योजना

## ८.१ पृष्ठभूमि

नेपालको संविधानको भाग ३, धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ वातावरणको मौलिक हक प्रदान गरेको छ भने प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीतिअन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने प्रावधान राखेको छ । विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्वतयारीसम्बन्धी अवधारणाहरूको प्रभावकारी कार्यान्वयनमार्फत् प्रभावकारी विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय सहितको विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ । वातावरण व्यवस्थापन, राष्ट्रिय वन नीति, कार्बन सेवा, वातावरण अनुकूलन संघको एकल अधिकार क्षेत्रभित्र राखेको छ भने प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्व तयारी, उद्दार तथा राहत पुनर्लाभलाई संघ तथा प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ ।

वर्तमान संविधानको अनुसूची ८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ । अनुसूची ६ ले प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन प्रदेशको अधिकार सूची अन्तर्गत राखेको छ । यस परिवेशमा यस योजनामा प्रस्तावित कार्यक्रमहरु स्थानीय वन समूहहरुलाई क्षमता विकासमा सहयोग गर्ने तथा सम्बन्धित तह, निकायसँग सहकार्य गर्ने दृष्टिकोणले तय गरिएका छन् ।

गाउँपालिकाले दीगो विकासको लक्ष्यसहितको दीर्घकालीन सोच कायम गरेर अगाडि बढिरहेको तथा संविधान तथा प्रचलित ऐन, कानुनले लिएका लक्ष्य तथा दीगो विकास लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्यहरूसमेत हासिल गर्न वर्तमान संघीय व्यवस्थामा स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, भूसंरक्षण तथा जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन, क्षेत्रका लागि आवधिक विकासको मार्गचित्र स्पष्ट गर्न आवधिक योजनाको विषय क्षेत्रगत योजनाका रुपमा यो योजना तर्जुमा गरिएको छ । यस योजनामा उल्लिखित क्षेत्रहरूमा यस गाउँपालिकाका संभावना तथा अवसर र समस्या तथा चुनौती सहित विद्यमान अवस्था तथा रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरूसमेत संलग्न गरी यो योजना तर्जुमा गरिएको छ ।

## ८.२ वर्तमान अवस्था

### ८.२.१ वन तथा वातावरण

#### संभावना, अवसर र विद्यमान अवस्था

तादी गाउँपालिकाको कुल क्षेत्रफल ६९.७९ व.कि.मी.मध्ये ९.६ व.कि.मी. अर्थात् १३.७६ व.कि.मी. क्षेत्रफलमा वन क्षेत्र रहेको छ । यहाँ साल, सल्लो, चिलाउने, उत्तीस, मौवा, धुपी, खस्रु, लालीगुराँस, काफल, सिरिस, च्यामुनुलगायत १५ भन्दा बढी प्रजातिका काठजन्य वनस्पति पाइन्छन् भने प्रमुख वन्यजन्तुमा मृग, कालिज, बनेल, बाघ, स्याल, बाँदर रहेका छन् । यस्तै, १० भन्दा बढी प्रजातिका चराचुरुङ्गीहरु कालिज, तित्रा, ढुकुर, कोइली, जुरेली, सुगा, डाँफे, मयुर पाइन्छन् भने जडीबुटीअन्तर्गत चिराइतो, असुरो, क्यामुनो, चुत्रो, तीतेपाती, रुदिलो, आकासबेली, पारिजात, जटामसी, कुरिलो, रातोपाते, तथा गुर्जो मुख्य रहेका छन् ।

यहाँ वन क्षेत्रमा स्पष्ट रेखांकन भएको हुँदा वन सीमाना सम्बन्धी विवाद कम रहेको छ । सामुदायिक वनको संख्या १७ रहेको छ भने आवद्ध घरधुरी संख्या २३०२ रहेको छ । गाउँपालिकामा कवुलियती वन रहेको छैन भने निजी वन २ वटा रहेको छ । वनमा आधारित उद्योगअन्तर्गत साना फर्निचर उद्योग ६ वटा रहेका छन् । कुल चरिचरन क्षेत्र ८ वटा रहेको छ ।

वन क्षेत्रको संरक्षणमा सामुदायिक वन समूहहरु सक्रिय रुपमा लागि रहेका छन् ग्रामीण जीवनमा दैनिक रुपमा आवश्यकीय घाँस, दाउरा वन क्षेत्रबाट आपूर्ति हुँदै आएको छ । कृषि वन तथा जडीबुटीलगायत अन्य गैरकाष्ठ वन पैदावारहरुको उत्पादन तथा व्यवस्थापन गरी वन वन क्षेत्रलाई वातावरणीय गुणस्तर सुधारका अलावा नियमित आय आर्जनको स्रोतको रुपमा समेत विकास गर्न सकिने सम्भावना रहेको छ ।

### समस्या तथा चुनौती

नेपाल सरकारले ४० प्रतिशत वन क्षेत्र कायम गर्ने नीति लिएको छ । यस गाउँपालिकामा वनले ढाकेको क्षेत्रफल कुल जमिनको १३ प्रतिशत मात्र रहेको छ । उपलब्ध वन क्षेत्रमा पनि उच्च गुणस्तर कायम हुन सकेको छैन । वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन गरी उत्पादन र उत्पादकत्व बढाउनुपर्ने खाँचो रहेको छ । धेरै ठाउँमा नाङ्गा पाखाहरु रहेका छन् । वन क्षेत्रको संरक्षण सँगसँगै वन क्षेत्रबाट स्थानीय समुदायले परम्परागत रुपमा उपभोग गर्दै आएको घाँस, दाउरा बाहेक वनको वैज्ञानिक व्यवस्थापनबाट हासिल गर्न सक्ने खाद्यान्न, आश्रय, औषधी, ऊर्जालगायत वन स्रोतको संरक्षणका साथसाथै प्राप्त गर्न सक्ने आयआर्जन तथा जीविकोपार्जन सम्बन्धी अन्य थप लाभ प्राप्त गर्न सकेको छैन । वन डढेलो वार्षिक नियमित समस्याका रुपमा रहेको छ । डढेलो नियन्त्रणका लागि स्थानीय समुदायमा पर्याप्त ज्ञान, सीप, उपकरण, औजार तथा कार्ययोजनाको कमी रहेको छ । जिम्मेवारीबोधको भावना विकसित हुन सकेको छैन । चरिचरनको व्यवस्था हुँदा हुँदै पनि वन क्षेत्रमा गाई, बाखालगायतका घरपालुवा जनावर चराउने गर्नाले वनको वृद्धि र विकासमा नकारात्मक असर परिरहेको छ । गाउँपालिका क्षेत्रमा रहेको वन र जैविक विविधताको अभिलेखीकरण हुन नसकेको हुँदा लोपोन्मुख प्रजातिहरुको संरक्षण संवर्द्धनमा काम हुन सकेको छैन । नदी तथा खोलामा करेन्ट तथा विषादीको प्रयोग गरी माछा मार्ने प्रचलन पूर्ण रुपमा नियन्त्रणमा आउन नसक्दा स्थानीय माछा तथा अन्य प्रजातिहरुको विनाश हुने खतरा कायमै रहेको छ ।

अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार विकासमा वृद्धि, प्राकृतिक श्रोतहरूको अनियन्त्रित दोहन, वन वातावरणसम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु लगायतका कारणले वन क्षेत्रमाथि चाप बढ्न गएको छ ।

ग्रामीण क्षेत्रमा प्लाष्टिक तथा प्लाष्टिकजन्य पदार्थहरुको विसर्जन व्यवस्थित हुन नसक्दा र बजारीकरण हुँदै गएका क्षेत्रहरुमा प्लाष्टिक तथा प्लाष्टिकजन्य पदार्थहरुलगायत संस्थागत रुपमा (स्वास्थ्य संस्था, विद्यालय, कार्यालयहरु आदिबाट) दैनिक उत्सर्जन हुने फोहोरको उचित व्यवस्थापन हुन सकेको छैन र कतिपय अवस्थामा नदी/खोलामा लगेर फाल्ने प्रवृत्ति रहेको छ । कृषि क्षेत्रमा रासायनिक मलको प्रयोग सिफारिश गरिएको परिणाम अनुसार हुन नसक्दा एकातिर उत्पादन र उत्पादकत्व अपेक्षित हुन सकेको छैन भने अर्कातिर माटोको गुणस्तर खस्किरहेको छ । वन तथा वातावरण र सम्बन्धित सम्पदाप्रति स्थानीय नागरिकमा जिम्मेवारीबोध तथा जवाफदेहिताको वृद्धि गर्नुपर्ने खाँचो रहेको छ ।

## ८.२.२ भू–संरक्षण तथा जलाधार व्यवस्थापन

### संभावना, अवसर र विद्यमान अवस्था

भिरालो जमिनमा हुने खेती तथा रासायनिक मलको प्रयोग बाहेक गाउँपालिकाको भूमि र जलस्रोत संरक्षणको अवस्था सामान्य रहेको छ । गाउँपालिकामा वर्षैभरि जलस्रोत उपलब्ध गराउने तीन वटा नदी/खोला रहेका छन् । यहाँ तादी, दोर्खु तथा घट्टे खोलामा वर्षैभरि पानी बहने गर्दछ भने अन्य खहरेहरु रहेका छन् जुन वर्षायाममा विनाशकारी हुने हुँदा खहरेखोला नियन्त्रण खासगरी खेतीयोग्य जमिनको संरक्षणका लागि बढी महत्वपूर्ण छन् । पर्याप्त खेतीयोग्य जमिन तथा जलस्रोत उपलब्ध भएको हुँदा यी क्षेत्रको उचित व्यवस्थापन गरी आर्थिक विकास तथा वातावरण र जैविक विविधताको संरक्षणमा महत्वपूर्ण टेवा पुऱ्याउन सक्ने सम्भावना रहेको छ । यस योजनाको तर्जुमाका क्रममा गाउँपालिकाले तयार गरेको वस्तुवगत विवरण अनुसार गाउँपालिकामा कुल ४२ वटा संरक्षित खानेपानी मुहान रहेका छन् । गाउँपालिकाको वडा नं. १, २, ३ तथा ४ को कुल २८५ व.कि.मी. क्षेत्रफल लाङटाङ मध्यवर्ती क्षेत्रअन्तर्गत पर्दछ । आर्थिक गतिविधिका रुपमा पर्यापर्यटनको प्रवर्द्धन गरी स्थानीय समुदायलाई लाभान्वित बनाउने तथा भूसंरक्षण र जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ ।

### समस्या तथा चुनौती

गाउँपालिकामा बजारीकरण वृद्धि हुँदै जाँदा दैनिक रुपमा उत्सर्जन हुने फोहोर नदी तथा खोलामा लगेर विसर्जन गर्ने प्रवृत्ति बढ्दै गएको छ । गाउँपालिकाको करिब आधी हिस्सा (५० प्रतिशत) जमिन १५ देखि ३० डिग्रीसम्म भिरालो भएको पाइन्छ । र, भिरालो जमिनमा समेत खेती गर्ने परिपाटी, नाङ्गा डाँडाको उपस्थिति तथा अव्यवस्थित चरीचरनका कारण जलाधार क्षेत्रमा चाप बढ्न गई भूस्खलनको जोखिम बढ्दो छ ।

गाउँपालिकाको छुट्टै जलाधार व्यवस्थापन योजना र कार्यक्रम रहेको छैन र जमिन र जलाधार क्षेत्रको वैज्ञानिक तथा दीगो

संरक्षण सुनिश्चित हुन सकेको छैन । भूसंरक्षणका लागि पर्याप्त बजेट आवश्यक पर्ने र सो अनुसार स्रोत उपलब्ध नभएको हुँदा आवश्यक सबै ठाउँमा भूसंरक्षणका कार्यक्रमहरू सञ्चालन गर्न सकिने अवस्था रहेको छैन । सीमसार क्षेत्र सीमित मात्रामा रहेका छन् । सीमसार क्षेत्रको महत्वका बारेमा समुचित ज्ञानको कमी रहेको छ र ती पनि अतिक्रमणको चपेटामा रहेका छन् ।

जलाधार क्षेत्रको माथिल्लो क्षेत्रका गतिविधिबाट तल्लो तटीय क्षेत्रका गतिविधिमा असर पुग्न सक्ने अवस्था रहन्छ । यसर्थ माथिल्लो तथा तल्लो क्षेत्रका गतिविधिमा सामञ्जस्यता ल्याउनुपर्ने तथा यस्ता विषयसमेत मध्यनजर गरी जलाधार क्षेत्रको संरक्षणलाई उच्चतम महत्व प्रदान गरिएको भूउपयोग योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने खाँचो रहेको छ ।

### ८.२.३ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

#### संभावना, अवसर र विद्यमान अवस्था

जल, जमिन, वायु सामान्यतया स्वच्छ अवस्थामा रहेको छ । प्रदूषण प्रारम्भिक अवस्थामा रहेको हुँदा समयमै उपयुक्त व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्न सकिने अवस्था रहेको छ । गाउँपालिकामा घाँसे भूमि तथा झाडीयुक्त सुन्दर बन क्षेत्र रहेको छ । ग्याँसको प्रचलन बढ्दै गएको हुँदा वन क्षेत्रमाथिको चाप घट्दै गएको छ । विभिन्न वस्ती तथा बाटोमा फोहोर फाल्ने टोकरीको व्यवस्था गरिएको छ । ल्याण्डफिल साइटका लागि सम्भाव्य जमिन रहेको छ । खुला दिशामुक्त ठाउँ भएको हुँदा स्वच्छ वातावरण कायम राख्न सहयोग पुगेको छ ।

#### समस्या तथा चुनौती

गाउँमा प्लाष्टिक तथा सिसाका बोतलहरुको मात्रा निरन्तर बढ्दै गएको छ । दैनिक उत्सर्जन हुने प्लाष्टिकजन्य पदार्थ तथा बोतलहरु जथाभावी फाल्ने प्रचलन रहेको हुँदा वस्ती तथा बाटोमा फोहोर बढ्दै गएको छ । दैनिक उत्पादन हुने फोहोर वर्गीकरण गर्ने तथा व्यवस्थापन गर्ने आनाबानीको कमी रहेको छ । गाउँमा प्लाष्टिक, सिसा तथा बोतल निरन्तर बढ्दै जाँदा प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थहरु डढाउने परिपाटी रहेको हुँदा वायु प्रदूषित हुनुका अतिरिक्त मानव स्वास्थ्यमा समेत असर पुग्ने भएकाले फोहोर व्यवस्थापनका लागि स्पष्ट अवधारणा र प्रक्रिया सहित अघि बढ्नुपर्ने अवस्था छ । पशुपालनको कमी हुँदै जाँदा कृषि भूमिमा जैविक मलको प्रयोग घट्दै गएको छ र रासायनिक मलको प्रयोग अनियन्त्रित रुपमा बढ्दै गएको छ । यसबाट कृषि भूमिको गुणस्तरमा ह्रास हुँदै गएको छ । स्वास्थ्य संस्था तथा संस्थागत क्षेत्रबाट उत्पादन हुने फोहोर व्यवस्थापनका लागि प्रभावकारी पद्धति नहुँदा प्रदूषण बढ्दै गएको छ ।  खोला खोल्सामा जथाभावी फोहोर फाल्ने तथा फोहोर जम्मा गरेर नदी, खोलामा बगाउने चलन रहेको हुँदा प्रदूषित हुने क्रम बढ्दो छ ।

## ८.३ लक्ष्य

यस गाउँपालिकाको वन तथा वातावरण व्यवस्थापन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलन कायम भएको हुनेछ ।

## ८.४ उद्देश्य

गाउँपालिकाको वन तथा वातावरण व्यवस्थापन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन र उत्पादन तथा उत्पादकत्व बृद्धि भएको हुनेछ ।

२. भू तथा जलाधार क्षेत्रको संरक्षण र भूक्षयमा न्यूनीकरण भएको हुनेछ ।

३. वातावरणीय स्वच्छता कायम भएको तथा जलवायु परिवर्तनको प्रभाव न्यून भएको हुनेछ ।

## ८.५ विषयगत रणनीति तथा कार्यनीति

योजनाको वन तथा वातावरण व्यवस्थापन सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालन देहाय अनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

*तालिका १२ : वातावरण तथा विपद् व्यवस्थापनका लागि लिईने रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **क. वन संरक्षण तथा व्यवस्थापन** | |
| डिभिजन वन कार्यालय तथा वन उपभोक्ता समूहहरुसँग सहकार्य मार्फत् वन व्यवस्थापनमा वैज्ञानिक विधि अवलम्बन गरी वन संरक्षण तथा आयआर्जनका क्रियाकलापलाई एकसाथ अघि बढाउने । | ▪ सामुदायिक वन उपभोक्ता समूह, डिभिजन वन कार्यालय, विषयगत विशेषज्ञ तथा अन्य सरोकारवालाहरुसँग चरणवद्ध छलफल गरी स्पष्ट सोचका साथ वैज्ञानिक वन व्यवस्थापन सुरु गरिनेछ ।<br>▪ अनुदान तथा सहकार्यमा आधारित कार्यक्रममार्फत् वन समूहहरुलाई वन व्यवस्थापनमा वैज्ञानिक विधि अवलम्बन गर्न प्रोत्साहित गरिनेछ ।<br>▪ औजार, उपकरण तथा सीपयुक्त जनशक्तिको व्यवस्था तथा दण्ड र पुरस्कारसहितको जनजागरण अभियान मार्फत् वन डढेलो नियन्त्रणलाई प्रभावकारी बनाइनेछ ।<br>▪ वृक्षरोपण गरिएका क्षेत्र तथा जन्यजन्तुले बालीनाली नष्ट गर्ने वन क्षेत्रमा तारबारका लागि जनसहभागितामा आधारित क्रियाकलापहरु सञ्चालन गरिनेछन् ।<br>▪ वन उपभोक्ता समूहहरुलाई बहुमूल्य जडीबुटीको पहिचान, उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी क्षमता विकास तालिम उपलब्ध गराई जडीबुटी खेतीलगायत अन्य गैरकाष्ठ वन पैदावारको उत्पादन प्रवर्द्धनमा प्रोत्साहन गरिनेछ ।<br>▪ डिभिजन वन कार्यालयसँग समन्वय गरी वन पैदावारमा आधारित लघु, घरेलु र साना उद्योग प्रवर्द्धन गर्न निजी क्षेत्रलाई आकर्षिक गरिनेछ ।<br>▪ वातावरणीय परीक्षण मूल्यांकन र त्यसका सिफारिशलाई अनिवार्य कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।<br>▪ कार्बन व्यापारबाट गाउँपालिकालाई पूँजीगत लाभका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय/पहल गरिनेछ । |
| **ख. भू संरक्षण तथा जलाधार व्यवस्थापन** | |
| जलाधार क्षेत्रको सहभागितामूलक व्यवस्थापन गरी भूमिको उत्पादन र उत्पादकत्व वृद्धिमा टेवा पुऱ्याउने । | ▪ नदी तटबन्धन तथा पहिरो नियन्त्रणका लागि स्थानीय समुदायसँग सहकार्य गरी साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>▪ खोला खोल्साको किनारलगायत जोखिम क्षेत्रमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ तथा किफायती एवम् प्रभावकारी उपायमामा जोड दिइनेछ ।<br>▪ स्थानीयस्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी नाङ्गाडाँडाहरूमा हरियाली र समग्रमा वन क्षेत्रको गुणात्मक वृद्धि गरिनेछ । |
| **ग. वातावरणीय स्वच्छता तथा फोहोरमैला व्यवस्थापन** | |
| आमनागरिकमा जनचेतना तथा जिम्मेवारीबोध अभिवृद्धि गरी वातावरणीय स्वच्छता कायम गर्ने । | ▪ जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्तिलाई नियन्त्रण गर्न नीतिगत तथा व्यवहारिक उपायहरु अवलम्बन गरिनेछ ।<br>▪ टोलस्तरीय विपद् व्यवस्थापन समितिहरूलाई परिचालन गरी समुदाय र टोल सरसफाइका काम नियमित रुपमा सञ्चालन गरिनेछ ।<br>▪ गाउँपालिकाभित्र प्लाष्टिकका गिलास तथा प्लेटजस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ ।<br>▪ टोलस्तरीय प्रतिस्पर्धा कार्यक्रम सञ्चालन गरी समुदाय र घर सरसफाइको अभियान सञ्चालन गरिनेछ । |

## ८.६ प्रमुख रणनीतिक कार्यक्रम/आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको वन तथा वातावरण व्यवस्थापन क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न स्थानीय वन समूह, संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

*तालिका १३ : वन तथा वातावरण व्यवस्थापनका लागि संचालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कुल लक्ष्य (२०८१/८२) | | |
| **१.१ वन संरक्षण तथा व्यवस्थापन** | **स्थान** | | | | |
| १.१.१. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम | समूह | ० | १० | २०००० | वडा नं. २, ३, ४ का सा.व. |
| १.१.२. वन डढेलो नियन्त्रण कार्यक्रम | समूह | ० | ७ | २१०० | सबै सा.व. |
| १.१.३. वृक्षरोपण गरिएका क्षेत्र तथा जन्यजन्तुले बालीनाली नष्ट गर्ने वन क्षेत्रमा तारबार | किमी | ० | १० | २००० | अध्ययनका आधारमा |
| १.१.४. जडीबुटी खेती तथा गैरकाष्ठ वन पैदावार प्रवर्द्धन | समूह | २ | ८ | १५०० | |
| १.१.५. कबुलियती वन गठन तथा प्रवर्द्धन | समूह | ० | ३ | १००० | वडा नं. ५ र ६ |
| १.१.६. वैज्ञानिक वन व्यवस्थापनको उपादेयतासम्बन्धमा अन्तरक्रिया, क्षमता विकास तथा साझेदारीमा आधारित कार्यक्रमहरु | एकमुष्ट | | निरन्तर | ५००० | |
| | | | | **३१६००** | |
| **१.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | | | | | |
| १.२.१ सामुदायिक नर्सरी तथा वृक्षारोपण कार्यक्रम | हेक्टर | ४ | ७५ | ७५०० | |
| १.२.२ पहिरो नियन्त्रण कार्यक्रम | स्थान | ६ | १२ | २०००० | काल्चे हेपाल, सिम्ले, सिमखेत, बञ्चरे, घट्टे खोला, ढाडेखोला पहिरो, घट्टेखेत पहिरो, स्वाँरा खरानीटार पहिरो, घिरौंले पाखा, |
| १.२.२ पानी मुहान संरक्षण | स्थान | १० | १२ | १००० | |
| १.२.३ खहरे खोला नियन्त्रण | स्थान | ५ | १२ | २००० | |
| | | | | **३०५००** | |
| **१.३ वातावरण संरक्षण तथा वातावरणीय स्वच्छता** | | | | | |
| १.३.१ गाउँटोल सरसफाइका लागि वडास्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम (प्लाष्टिक निषेध, फोहोर मैला वर्गीकरण तथा व्यवस्थापन) | घरधुरी | ५०० | ३००० | ३००० | सबै वडा |
| १.३.२ बजार क्षेत्रका लागि ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन/निर्माण | संख्या | ० | ७ | १०००० | बाहुनबेसी बजार, खरानीटार बजार, सातबीसे बजार, अल्छीढुंगा बजार, उर्लेनी बजार, रालुका, नर्जा |
| १.३.३ कृषि भूमिमा जैविक मल प्रवर्द्धन | वडा | | ६ | ३००० | सबै वडा |
| १.३.४ संस्थागत रुपमा उत्सर्जन हुने फोहोर व्यवस्थापन कार्यक्रम | संख्या | ० | ५ | ८००० | स्वास्थ्य संस्थाहरु, विद्यालयहरु, गाउँपालिका तथा अन्य कार्यालयहरु |
| १.३.५ वातावरणीय परीक्षण तथा प्रभाव मूल्यांकन र अन्तरक्रियात्मक कार्यक्रमहरु | सहभागी/पटक | ० | १०००/३० | १००० | सबै वडा |
| **कुल जम्मा** | | | | **२५०००** | |
| | | | | **८७१००** | |

# परिच्छेद ९
# विपद् व्यवस्थापन योजना

## ९.१ पृष्ठभूमि

नेपालको संविधानको प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीतिअन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने व्यवस्था रहेको छ । विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्वतयारीसम्बन्धी अवधारणको प्रभावकारी कार्यान्वयनमार्फत् विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय सहितको विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ । संविधानले प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्व तयारी, उद्दार तथा राहत, पुनर्लाभलाई संघ तथा प्रदेशको साझा अधिकारको सूची र विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकार सूचीमा समेत सूचीकृत गरेको छ ।

प्राकृतिक प्रणालीमा मानवीय हस्तक्षेपसँगै एकातिर विपद्का घटना निरन्तर बढ्दै गएका छन् र परिणामतः विपद् प्रभावितहरुको संख्या पनि हरेक वर्ष बढ्दै गएको छ भने अर्कोतिर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरुले सबै व्यक्तिलाई सुरक्षित रहन र बाँच्न पाउने हकको प्रत्याभूत गरेको छ । यसै परिवेशमा सन् २०१५ मा दीगो विकासको सबाल अन्तर्गत कोही पनि नछुटुन् (Leave No one Behind) को अवधारणा पनि अघि सारियो । नेपालमा पनि हरेक वर्ष एक हजारभन्दा बढी व्यक्तिले विपद्का कारण ज्यान गुमाउँदै आएका छन् भने हजारौं परिवार विस्थापित तथा बेघरबार हुने गरेका छन् । राज्य तथा मानवीय सहायतद्धारा प्रभावित सबैको समुचित राहत उद्दार र पुनर्लाभ प्रदान गर्न सकिएको छैन ।

राज्यको पुनसंरचना प्रक्रियामा नेपालको संविधान बमोजिम स्थापित यस गाउँपालिका पनि २०७२ सालको भूकम्पबाट अति प्रभावित क्षेत्रमा पर्दछ । साथै गाउँपालिकामा पहिरो, बाढी लगायत भूसंवेदनशिल क्षेत्रमा पर्दछ । पर्यावरणीय र विपदको जोखिमको दृष्टिकोणबाट यस गाउँपालिका संवेदनशील रहेको छ र सो को सम्बोधनको लागि योजनाबद्ध प्रयासको आवश्यकता रहेको छ ।

## ९.२ वर्तमान अवस्था

### विद्यमान अवस्था, संभावना तथा अवसर

वि.सं. २०७२ को भूकम्पपछि भूकम्प प्रतिरोधी घरहरुको निर्माण भएको हुँदा भूकम्पीय जोखिमका दृष्टिकोणले सोभन्दा अगाडिको तुलनामा गाउँपालिकाका वस्तीहरु बढी सुरक्षित भएको आँकलन गर्न सकिन्छ । गाउँपालिकाभरिमा एकवटा आपत्कालीन आश्रयस्थल रहेको छ । हरेक वडामा क्रियाशील विपद् व्यवस्थापन समितिहरु रहेका छन् । गाउँपालिकास्तरमा खोज उद्दारका लागि तालिम तथा खोज उद्दारका लागि सामग्री वितरण भएको छ । स्थानीय समुदायमा विपद् व्यवस्थापनका लागि परम्परागत ज्ञान, सीप रहेको छ । विद्यमान विपद् व्यवस्थापन समितिहरुको क्षमता विकास गर्दै स्थानीय समुदायलाई पहिलेभन्दा बढी उत्थानशील बनाउन सकिने आधार तयार भएको छ । गाउँपालिकाले विपद् व्यवस्थापन योजना तर्जुमा गरेको छ र विपद् व्यवस्थापन कोष स्थापना गरेको छ । आपत्कालीन प्रतिकार्यको लागि सामुहिक आश्रयस्थल निर्माण गर्न उपयुक्त जमिन उपलब्ध रहेको छ । संघीयताको कार्यान्वयनसँगै स्थानीय तहमा आफ्नै तथा नियमित स्रोतहरुसहितको स्थानीय तहहरु कार्यान्वयन भइरहेको परिप्रेक्ष्यमा गाउँपालिकाको विपद् व्यवस्थापनमा स्थानीय आवश्यकता तथा परिवेशअनुरुप विपद् व्यवस्थापन योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउने तथा विपद् व्यवस्थापनलाई समग्र विकास प्रक्रियामा मूल प्रवाहीकरण गर्ने अवसर समेत प्राप्त भएको छ ।

### समस्या तथा चूनौति

विगत केही दशकदेखि विश्वभरि नै जलवायुजन्य र अन्य विपद्हरु बढ्दै गएका छन् । बढ्दै गएको विपद्को आवृत्ति, प्रवृत्ति र सघनता अनुरुप स्थानीय तह तथा स्थानीय समुदायसँग आकस्मिक प्रतिकार्यको क्षमता र विपद् पूर्वतयारी रहेको छैन । गाउँपालिकाका मुख्य प्रकोपहरुमा पहिरो, बाढी, भूकम्प, वन डढेलो, खडेरी, रोग कीरा, असिना, हुरी बतास रहेका छन् । गाउँपालिकाको विपद् प्रोफाइलअनुसार पहिरो, बाढी, वन डढेलो, खडेरी, रोग कीरालगायतका प्रकोपको समुचित प्रतिकार्यका लागि प्रभावकारी विपद् व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने खाँचो रहेको छ । भूमिको व्यवस्थित तथा वैज्ञानिक रुपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दीगो नहुने जोखिम रहेको छ । विभिन्न स्थानमा नांगाडाँडा रहेका हुँदा भूस्खलनको जोखिम रहेको छ । जलवायु परिवर्तनजन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि

बालीहरूको विस्तार हुन सकेको छैन ।

हेपाल, बागखोर, काल्चे, भिउटार, तितुङटोल, सिम्ले, मुसुरे, मुडुरे, चिलाउनेगाउको गैरीटोल, प्रभुडाँडा, रिमालडाँडा, भीरकुना, कोईरालचेत, बञ्चरे, सहरे, रिमाल डाँडा वि.क. टोल गरी पाँच वडाका कुल १६ वस्तीमा गरी कुल ८३२ घरधुरी जोखिमयुक्त वस्तीमा बसोवास गरिरहेका छन् । यी सबै घरधुरीलाई सुरक्षित स्थानमा पुनर्स्थापना गर्नु र उक्त सबै परिवारलाई जीविकोपार्जनमा अवसर उपलब्ध गराउनु चुनौतिपूर्ण कार्य रहेको छ ।

गाउँपालिका तथा स्थानीय समुदायको आकस्मिक प्रतिकार्य क्षमता तथा विपद् उत्थानशीलता वृद्धि गर्दै सुरक्षित वस्ती र समाज सिर्जना गर्ने कार्य विपद् व्यवस्थापनका दृष्टिकोणले मूल समस्याका रुपमा रहेको छ ।

## ९.३ लक्ष्य

यस गाउँपालिकाको विपद् व्यवस्थापन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- स्थानीय विकास प्रक्रिया तथा नतिजालाई उत्थानशील र दीगो बनाउने

## ९.४ उद्देश्य

गाउँपालिकाको विपद् व्यवस्थापन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- स्थानीय विकास व्यवस्थापनमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन मूलप्रवाहीकरण भएको हुनेछ ।
- विपद् जोखिम तथा विपदजन्य क्षती न्यूनीकरण भएको हुनेछ ।

## ९.५ विषयगत रणनीति तथा कार्यनीति

योजनाको विपद् व्यवस्थापन क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालन देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

***तालिका १४ : विपद् व्यवस्थापनका लागि लिईने रणनीति तथा कार्यनीति***

| रणनीति | कार्यनीति |
|---|---|
| १. समुदाय तथा सरोकारवालाहरूसँग साझेदारी तथा सहकार्य गर्ने तथा विपद् व्यवस्थापनका अवधारणाहरुलाई सबै विषयगत क्षेत्रमा मूल प्रवाहीकरण गर्ने | ▪ वस्तीवस्तीमा विपद् व्यवस्थापन समिति तथा कार्यदलहरू गठन गरिनेछ ।<br>▪ समिति तथा कार्यदलहरूलाई तालिमलगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>▪ स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचना अनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ ।<br>▪ प्रमुख वस्तीहरूमा उद्दार सामग्रीहरू भण्डारण गरी नियमित अद्यावधिक गरिनेछ ।<br>▪ बायोइन्जिनिङ प्रविधि प्रवर्द्धन नदी तटबन्धन तथा पहिरो नियन्त्रणलाई दिगोपन दिइनेछ ।<br>▪ हरेक किसिमका विकासका गतिविधि सञ्चालन गर्दा विपद् जोखिमका अवधारणाहरूलाई सम्बोधन गरिनेछ ।<br>▪ आवश्यक पूर्वाधारसहितका सामुदायिक आश्रयस्थलहरू निर्माण गरी आपत्कालका लागि सामुहिक सुरक्षित आवासको प्रवन्ध गरिनेछ ।<br>▪ गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिको प्रतिनिधिलाई गाउँ, वडा तथा वस्तीस्तरीय कार्यक्रमहरूमा अनिवार्य रुपमा सहभागी गराई विपद् व्यवस्थापनलाई मूल प्रवाहीकरण गर्न उत्प्रेरित गरिनेछ ।<br>▪ विकास साझेदारहरुसँग साझेदारी गरी भूकम्पपश्चात् जोखिममा रहेका वस्तीहरुलाई सुरक्षित, एकीकृत, व्यवस्थित वस्तीमा स्थानानान्तरण गरिनेछ । |

## ९.६ प्रमुख रणनीतिक कार्यक्रम/आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको विपद् व्यवस्थापन क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा संस्थागत विकास तथा सुशासनको देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ।

***तालिका १५ : विपद् व्यवस्थापनका लागि संचालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना***

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थान, कार्यक्रम र आयोजना विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८०/८१) | | |
| १.४.१ वडास्तरीय विपद् जोखिम व्यवस्थापन समिति तथा कार्यदलहरूका क्षमता तथा क्रियाशीलता अभिवृद्धि कार्यक्रम (कृत्रिम अभ्यास, वडा सरसफाइ, क्षमतावृद्धि तालिम र अन्य) | वडा | | ६ | ३००० | - सबै वडा |
| १.४.२ वडास्तरमा आपत्कालीन उद्दार सामग्री भण्डारण तथा नियमित अद्यावधिकरणको व्यवस्था | स्थान | १ | ६ | ६०० | - सबै वडा |
| १.४.३ सामुदायिक आपत्कालीन आश्रयस्थल तथा सम्बन्धित पूर्वाधारसहितको बहुउद्देश्यीय भवन निर्माण | वडा | ० | ६ | १२००० | - सबै वडा |
| १.४.३ आपत्कालीन राहत उद्दार कोष स्थापना सुदृढीकरण | रकम रु. | | ५ | ३००० | - |
| १.४.४ विपद् जोखिम व्यवस्थापनको मूल प्रवाहीकरण सम्बन्धी अन्तरक्रिया तथा अन्य जनजागरण कार्यक्रम | सहभागी संख्या | ५०० | १००० | ५०० | - |
| ***जम्मा*** | | | | १९१०० | |

# परिच्छेद १०
# सुशासन तथा संस्थागत विकास योजना

## १०.१ पृष्ठभूमि

स्थानीय सरकार जनताको घरदैलोको सरकार हो । संघीय शासन प्रणाली अनुसार प्रत्यक्ष अधिकारको मोडेलमा आधारित भई संविधानबाट स्थानीय सरकारहरु स्थापना भई संविधानको कार्यान्वयनमा क्रियाशील रहेका छन् । आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा राखेका छन् । संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कूशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारको रहेको छ । स्थानीय सरकारको फराकिलो अधिकार क्षेत्र, साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएकोछ ।

चुलिदै गएका जनआकांक्षा पुरा गर्न परम्परागत र विगतकै सोच र तरिकाबाट संभव देखिदैन । बदलिदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र वैकल्पिक उपायहरु अबलम्बन गर्न जरुरी देखिएको छ । संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, निजी तथा गैर सरकारी साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ गाउँपालिकाले विशेष ध्यान दिन आवश्यक छ । यसलाई मध्यनजर गरी सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिबृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न स्थानीय कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण देहायअनुसार गरिएको छ ।

## १०.२ वर्तमान अवस्था

### १०.२.१ नीति तथा कानून

#### संभावना, अवसर र विद्यमान अवस्था

गाउँसभाबाट शिक्षा ऐन, सहकारी ऐन, न्यायिक समितिको फैसला कार्यान्वयन कार्यविधिलाई व्यवस्थित बनेको ऐन र आर्थिक तथा विनियोजन ऐन समेत ५ वटा ऐन तयारी, प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । यसैगरी गाउँ कार्यपालिकाबाट स्थानीय तहको अधिकार क्षेत्रका कार्यविभाजन तथा कार्यसम्पादन नियमावली लगायत ४ प्रकारका नियमावली, विपद् व्यवस्थापन कोष संचालन छात्रवृत्ती कोष संचालन विपन्न नागरिक स्वास्थ्य उपचार कोष संचालन, घ वर्गको निर्माण व्यवसाय नियमन कार्यविधि र शिक्षक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण भई र सो को अभ्यासमा रहेका छन् । सभाबाट न्यायिक समिति गठन भई स्थानीय मध्यस्थकर्ताको सहजीकरणमा स्थानीय विवाद समाधान प्रयास भैरहेका छन् । यसका लागि गाउँपालिकामा हरेक वडामा संयोजक सहित ३० जना मध्यस्थकर्तालाई तालिम प्रदान गरी परिचालन गरिएको छ । साथै सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिक समाज संस्था समेतको सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास प्रारम्भ गरिएको छ ।

#### समस्या तथा चूनौति

नेपालको संविधान, नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन, संघीय कानून बमोजिम गाउँपालिकाले अझै कृषि प्रसार तथा व्यवसाय प्रवर्धन, आधारभूत स्वास्थ्य तथा सरसफाई, पूर्वाधार विकास, महिला, बालबालिका र सशक्तिकरण लगायतका ३८ भन्दा बढी विषयमा ऐन, नीति, नियम, कार्यविधि निर्माण गर्न सकेको छैन । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सूसूचित गराउने, प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सो को पालना अपेक्षाकृत कमजोर रहेको छ ।

सेवा प्रवाह र कार्यसम्पादनमा गैसस, निजी क्षेत्र र समुदायको साझेदारी हुन सकेको छैन । गाउँपालिकामा स्थानीय गैसस, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन । पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यवसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, सम्पन कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक कार्यहरुमा निजी र गैसस लगायतका सेवा

प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न सकिएको छैन । प्रचुर संभावनाका बाबजुद निजी क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

### १०.२.२ संगठन तथा क्षमता विकास

#### संभावना, अवसर र विद्यमान अवस्था

हाल गाउँपालिकाको केन्द्र वडा नम्बर ३ खरानीटारमा ६ कोठा सहितको वडा कार्यालय भवनमा गाउँ कार्यपालिका कार्यालय संचालनमा रहेको छ भने एकीकृत सेवासहितको गाउँ कार्यापालिका र वडा नं. ५ को वडा कार्याल भवन निर्माण प्रक्रियामा रहेको छ । यसैगरी वडा नम्बर १ र ४ को आफ्नै भवन वडा कार्यालय संचालनमा रहेका छन् र अन्य वडा कार्यालयहरु भाडामा संचालन गरी स्थानीय सरकार संचालन र सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भैरहेको छ । एकीकृत सेवा सहितको गाउँ कार्यपालिका, सवै वडाको केन्द्रमा वडा कार्यालय भवन, स्वास्थ्य संस्था भवनहरुको स्तरोन्नतिको लागि प्रयास भैरहेको छ । कार्यालयमा ४ पाङग्रे १ सवारी साधन, १५ थान मोटरसाईकल र कार्यालयमा इन्टरनेट, विषयगत सेवा प्रवाहको लागि न्यूनतम कार्यकक्ष र भौतिक सामग्रीको व्यवस्थापन गरिएको छ । संघीय संरचना अनुार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल गाउँपालिकामा विषय क्षेत्रगत समेत ६४ जना कर्मचारी कार्यरत रहेका छन् ।

#### समस्या तथा चूनौति

गाउँ कार्यापालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र इकाईहरुमा आवश्यकता र दरबन्दी अनुसार शाखा प्रमुख तथा वडासचिव लगायतका अन्य कर्मचारीको पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादन कठिनाई भैरहेको छ । कार्यपालिका कार्यालय तथा कतिपय वडामा वडा कार्यालय भवन नहुँदा सेवा प्रवाहमा असुविधा रहेको छ । गाउँ कार्यापालिका कार्यालयको आफ्नो भवन नहुँदा विषय क्षेत्रको एकीकृत सेवा प्रवाहमा कठिनाई समस्या रहेको छ ।

### १०.२.३ श्रोत परिचालन

#### संभावना, अवसर र विद्यमान अवस्था

राजस्व परामर्श समितिको अध्ययन र शिफारिशका आधारमा सम्पत्ती कर, भूमि कर, व्यवसाय कर, घरजग्गा वहाल कर लगायत शुल्क, विक्री र दस्तुरका दर निर्धारण गरी सो अनुसार भूमि कर, व्यवसाय कर, अन्य विक्री, दस्तुरबाट चालु आ.व. मा करिब २६ लाख आन्तरिक आय संकलन गरिएको छ । गाउँपालिकाको कूल आय बजेटमा आन्तरिक श्रोतको योगदान मात्र १.१ प्रतिशत रहेको छ । आन्तरिक आयका क्षेत्रको संभाव्यता विश्लेषण गरी सुधारका कार्य संचालन गर्न राजस्व प्रक्षेपणसहितको राजस्व सुधार कार्ययोजना तयार गरी कार्यान्वयनको क्रममा रहेको छ ।

#### समस्या तथा चूनौति

गाउँपालिकाको अधिकार क्षेत्रका विषयमा राजस्वको संभाव्यता विश्लेषण तथा राजस्व प्रशासन सम्बन्धी ज्ञान, सीप, दक्षताको कमी तथा ऐन, कार्यविधि र कार्यप्रणाली नहुँदा आन्तरिक आय सम्बन्धी क्षेत्र पहिचान, संभाव्यता विश्लेषण, कराधान र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा, असुली र अभिलेख व्यवस्थित हुन सकेको छैन । जसको कारण गाउँपालिकाको विकासमा संघीय र प्रदेश सरकारको अनुदान भरपर्नु परेको छ । आन्तरिक राजस्व तथा स्रोत परिचालनको न्यून क्षमताको कारण गाउँपालिकाको ध्यान आन्तरिक आयको बृद्धी भन्दा पनि खर्च गर्ने कुराले बढी प्राथमिकता पाइको छ ।

### १०.२.४ विकास व्यवस्थापन

#### संभावना, अवसर र विद्यमान अवस्था

संघीय शासन व्यवस्था र स्थानीय तहको योजना तर्जुमा नमूना दिग्दर्शनको व्यवस्था अनुसार पहिलो पटक गाउँपालिकाको विषयगत वस्तुस्थिति झल्कने डिजिटल प्रोफाइल तथा गाउँपालिकाको समष्टिगत आर्थिक सामाजिक विकासको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा रणनीतिक कार्यक्रम सहितको आवधिक योजना तर्जुमा तयार गरी विकासको मार्गचित्र तयार गरिएको छ । साथै गाउँपालिकामा खानेपानी तथा सरसफाईका स्रोत र संभावनालाई व्यवस्थित रुपमा संचालन गरी गाउँपालिकाबासीको स्वस्थ्य र सरसफाई अधिकार सुनिश्चित गर्न खानेपानी तथा सरसफाई गुरुयोजना तयारी कार्य

अन्तिम चरण रहेको छ । बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा टोल एवं तथा वस्तीबाटै शुरु गरी सहभागितामूलक प्रक्रिया अभ्यास गरिदै आएको छ । गाउँपालिकाको मुख्य लगानीको क्षेत्रको रुपमा रहेको सडक तथा यातायात क्षेत्रमा आवश्यक स्रोत परिचालन गरी प्राथमिकताक्रम अनुसार व्यवस्थित रुपमा संचालन गर्न सडकको मापदण्ड तयार गरिएको छ । गाउँपालिकामा संचालित स्थानीय संचित कोष र अन्य स्रोतबाट संचालिन आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएकोछ ।

### समस्या तथा चूनौति

गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना, गाउँपालिकाको विकासको अग्रणी क्षेत्रहरु पर्यटन विकास, यातायात र जलश्रोत कृषि सम्बनधी गुरुयोजना आदीको तयार नहुँदा ठोस तथा नतिजामुखी योजना तर्जुमाका साथै प्राथमिकता आधार र प्रक्रिया निर्धारण, मध्यकालिन खर्च संरचना तयार नहुँदा वितरणमुखी हिसाबले धैरै संख्यामा आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने गरेको छ । फलस्वरुप आयोजना तथा कार्यक्रमलाई समयमा सम्पन्न गर्न र गुणस्तर कायम गरी ठोस उपलब्धी हासिल गर्न सकिएको छैन ।

विषय क्षेत्रगत रुपमा बजेट विनियोजन सन्तुलित नभै पूर्वाधार विकास खास गरी सडक निर्माण आयोजनामा बजेटको ठूलो अंश खर्च गर्ने गरिएको छ । रोजगार, उत्पादनमूलक तथा आयमूलक आयोजनामा लगानी ज्यादै कम रहेको छ । आ. व. २०७४/७५ मा वेरुजु अंक ८ करोड ५९ लाख ७७ हजार रहेको देखिन्छ ।

## १०.३ लक्ष्य

यस गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- सेवा सुविधा, कार्यसम्पादन र जवाफदेहिताको स्तरमा बृद्धि गर्ने

## १०.४ उद्देश्य

गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. कार्यसम्पादन, कार्य प्रक्रिया तथा प्रणाली सरल, स्पष्ट र पारदर्शी भएको हुनेछ ।
२. स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि भएको हुनेछ ।
३. गाउँपालिकाको आन्तरिक तथा वाह्य श्रोत परिचालन क्षमतामा बृद्धि भएको हुनेछ ।
४. सूचना प्रविधिमा आधारित, सहभागितामूलक तथा नतिजामूलक विकास व्यवस्थापन प्रणालीको विकास भएको हुनेछ ।

## १०.५ विषयगत रणनीति तथा कार्यनीति

योजनाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालन देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

***तालिका १६ : सुशासन तथा संस्थागत विकासका लागि लिइने रणनीति तथा कार्यनीति***

| रणनीति | कार्यनीति |
|---|---|
| **क. कानून, नीति तथा सुशासन** | |
| २. स्थानीय कानून, नीति, नियम, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने | १. स्थानीय तहको अधिकार क्षेत्रका विषयमा ऐन, नीति, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड निर्माण, प्रकाशन र प्रवोधीकरण गरी परिपालनामा अभिबृद्धि बृद्धि गरिनेछ ।<br>२. स्थानीय सरकारको जवाफदेहिता अभिबृद्धि सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ ।<br>३. आयोजनाको गुणस्तर कायम गर्न स्तरीय<br>४. आयोजनाको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी स्तरीय कार्यविधि तयार गरी टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्था मार्फत सेवाग्राहीलाई जानकारी गराउने तथा सचेतना अभिबृद्धि गर्ने |
| ३. स्थानीय नीति, कानून तथा निर्णय | १. स्वीकृत नीति, ऐन, नियम, कार्यविधिको प्रवोधीकरण, प्रकाशन, प्रसारण र |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रक्रियामा लक्षित समुदाय तथा आम नागरिकको सुझाव प्राप्त गर्ने र अपनत्व बृद्धि गर्ने | वितरण गरिनेछ ।<br>२. गाउँपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राहीसँग मत सर्वेक्षण गरी पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ ।<br>३. स्थानीय तहको ऐन, नीति, नियम, कार्यविधि र मापदण्ड बारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ । |
| ४. मध्यस्थताद्धारा स्थानीय विवाद हरुको समाधान, कानूनी साक्षरता तथा मेलमिलाप माध्यमद्धारा समुदाय तहमा शान्ति र सामाजिक सद्भाव कायम गर्ने | १. न्यायिक समितिको संयोजनमा वडाका मध्यस्थकर्ताद्धारा स्थानीय विवाद समाधान गर्ने<br>२. वडा समिति र टोल विकास संस्थाको सहयोग कानूनी साक्षरता कक्षा संचालन गर्ने<br>३. कानूनी साक्षरता, परामर्श तथा सामुदीयक मेलमिलाप विपन्न तथा लक्षित वर्गको न्यायमा पहुँच र सरकार प्रतिको विस्वसनियतामा अभिबृद्धि गरिनेछ । |
| **ख. संगठन तथा क्षमता विकास** | |
| १. स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राही मैत्री बनाउने | १. सेवा प्रवाह र प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोगमा क्रमशः बृद्धि गरिनेछ ।<br>२. सरोकारवालाको समन्वयमा कम्तीमा घुम्ति सेवा शिविरको सञ्चालन गरिनेछ।<br>३. विकास कार्यमा समुदायको सहभागिता बृद्धि गर्न, वडास्तरका आयोजना संचालन गर्न र संचालित आयोजना संचालन प्रक्रिया तथा गुणस्तरमा समुदायको निगरानी बढाउन वडा भित्रका प्रत्येक टोलमा टोल सुधार समिति गठन गरी परिचालन गरिनेछ ।<br>४. उद्योग तथा व्यवसाय, पर्यटन, खानेपानी तथा सरसफाई क्षेत्रमा सेवा केन्द्र तथा इकाई स्थापना गरी सेवा संचालन गरिनेछ ।<br>५. सार्वजनिक भवन तथा अन्य संरचना निर्माण गर्दा बाल, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, महिला र वातावरणमैत्री रुपमा निर्माण गरिनेछ । |
| २. कार्यविधि निर्माण गरी सेवा प्रवाहलाई व्यवस्थित गर्ने | १. स्थानीय तहको अधिकार क्षेत्रका विषयमा कार्यविभाजन तथा कार्यसम्पादन नियमावली अनुसार सरल र स्पष्ट कार्यविधि निर्माण गरी कार्य सम्पादन र सेवा प्रवाह सुचारु गरिनेछ ।<br>२. नियमित क्षमता विकास कार्यक्रममा समावेश गरी स्वीकृत कार्यविधिको बारेमा जनप्रतिनिधि, कर्मचारी तथा नागरिक समाजलाई अभिमुखीकरण गरिनेछ। |
| ३. सरकारी सम्पत्तीको अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने | १. स्वामित्वमा रहेको, अन्य सरकारी र सार्वजनिक सम्पत्ती (जग्गा, भवन तथा अन्य भौतिक संरचना) अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोत लागि व्यवस्थापन गरिनेछ ।<br>२. कार्यविधि तर्जुमा गरी गाउँपालिकाको सम्पत्तीको भाडा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलामको व्यवस्था गरिनेछ ।<br>३. सरकारी जग्गाहरु पहिचान गरी हालसाविक गरिनेछ । |
| **ग. श्रोत परिचालन तथा व्यवस्थापन** | |
| १. राजस्वको आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने | १. कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, नियम तथा कार्यविधि बारे जनप्रतिनिधि, कर्मचारी र करदारताको क्षमता विकास गरिनेछ ।<br>२. स्थानीय आन्तरिक राजस्व परिचालनको संभाव्यता अध्ययन, विश्लेषण, तथा नियमित छलफल गरिनेछ ।<br>३. व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा, जानकारी र प्रचार प्रसार |

| रणनीति | कार्यनीति |
|---|---|
| | गर्ने<br>४. निजी क्षेत्रलाई कर परामर्श सेवा केन्द्र संचालन गर्न प्रोत्साहन गर्ने |
| २. आन्तरिक राजस्व बृद्धिमा जोड गर्ने | १. राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन, नियम र कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२. सूचना प्रविधिमा आधारित भई आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ ।<br>३. राजस्व परामर्श समितिको क्रियाशिलतामा बृद्धि गरिनेछ ।<br>४. करदाता शिक्षा तथा संकलन अभियान संचालन गरिनेछ । |
| ३. गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रद्रेश र संघीय सरकारका निकायसँग साझेदारी विकास गर्ने | ५. निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा संघीय सरकारका निकायसँग नियमित वैठक, छलफल र संचार समन्वय र साझेदारी गरी स्रोत परिचालनमा बृद्धि गरिनेछ ।<br>६. करदाता शिक्षा र राजस्व संकलनलाई अभियानका रुपमा संचालन गरिनेछ ।<br>७. व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा गरी जानकारी र प्रचार प्रसार गरिनेछ । |
| **घ. विकास व्यवस्थापन** | |
| १. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने | १. पुर्वाधार विकास गर्दा अपाङ्ग, वालमैत्री, ज्येष्ठ नागरिक र वातावरणमैत्री अवधारणा लागु गरिनेछ ।<br>२. योजना तर्जुमा तथा संचालन गर्दा जनसहभागिता अभिवृद्धि गरिनेछ ।<br>३. आयोजना व्यवस्थापनलाई व्यवस्थित, गुणात्मक र परिणाममुखी बनाइनेछ<br>४. आवधिक योजना र मध्यकालिन खर्च संरचना अनुसार नतिजामूलक ढाँचामा बार्षिक योजना तजुमाको गरिनेछ । |
| २. सडक तथा भवन निर्माण मापदण्ड तयार गर्ने | १. जमीनको भूबनौट, क्षमता, वर्तमान उपयोग तथा गाउँपालिकाको आवश्यकता अनुसार भूक्षेत्र निर्धारण गरी भुउपयोग क्षेत्र निर्धारण र योजना तर्जुमा गरी लागु गरिनेछ ।<br>२. भूउपयोग योजना र निर्धारित क्षेत्र अनुसार वस्ती विकास तथा पूर्वाधार विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>३. सडकको वर्गीकरण, नामाकरण र मापदण्ड सहित प्राथमिकता निर्धारण गर्ने |
| ३. गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिबृद्धि गर्ने | १. गैसस तथा समुदायमा आधारित संस्था समन्वय कार्यविधि तयार गरी नियमित वैठक तथा अन्तरक्रिया संचालन गरिनेछ ।<br>२. गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रद्रेश र संघीय सरकारका निकायसँग समन्वय वैठक तथा साझेदारीका क्षेत्र बारे नियमित अन्तरक्रिया गरिनेछ ।<br>३. गैसस र विकास साझेदार कार्यक्रमको स्वीकृत अनुगमन तथा मूल्याङ्कन प्रणाली र संयन्त्र अनुसार अनुगमन तथा समीक्षा गरी नियमन गरिनेछ । |

## १०.६ प्रमुख रणनीतिक कार्यक्रम /आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको संस्थागत विकास र सुशासन क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा संस्थागत विकास तथा सुशासनको देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

***तालिका १७ : सुशासन तथा संस्थागत विकासका लागि संचालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना***

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थान, कार्यक्रम र आयोजना विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष | कूल लक्ष्य | | |

| | | ०७५/०७६ | (२०८०/८१) | (रु. हजार) | |
|---|---|---|---|---|---|
| **१.१ कानून, नीति तथा सुशासन** | | | | | |
| १.१.१ ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण, प्रवोधीकरण तथा प्रकाशन | संख्या | १२ | ३८ | ३८०० | - संविधानको अनुसूची ८ र ९ मा उल्लिखित विषय क्षेत्र मध्ये बाँकी रहेका विषयमा केन्द्रित हुने (ऐन १६, नीति: ४, नियम: ६ वटा र कार्यविधि तथा निर्देशिका: १२ वटा)<br>- स्वीकत नीति, ऐन, नियम, कार्यविधिको प्रवोधीकरण जानकारी, प्रकाशन, प्रसारण र वितरण गर्ने |
| १.१.२ स्थानीय सरकार शासकीय सुधार तथा व्यवस्थापन परीक्षण कार्यक्रम | पटक | ० | १ | २००० | - आवधिक विकास योजनाको मद्यावधी तथा अन्तिम मूल्याङ्कन प्रक्रियासँग एकीकृत गरी संचालन गर्ने |
| १.१.३ सुशासन तथा जबाफदेहिता प्रवर्द्धन कार्यक्रम | पटक | १ | १५ | ३००० | - सामाजिक जवाफदेहिता अभिबृद्धिको एकीकृत औजारहरुको मार्गनिर्देशिका तयारी र नियमित अनुसरण गर्ने |
| १.१.४ सूचना प्रविधिमैत्री शासन प्रवर्धन | पटक | ० | ५ | ४५०० | - घटना दर्ता, योजना, खरिद, SUTRA जिन्सी, सम्पत्तीको अभिलेख, प्रशासन र प्रतिवेदन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग गर्ने |
| १.१.५ विवाद मध्यस्थता, कानूनी साक्षरता, तथा मेलमिलाप कार्यक्रम | पटक | १ | ५ | २००० | - न्यायिक समितिको संयोजनमा वडाका मध्यस्थकर्ताद्धारा स्थानीय विवाद समाधान गर्ने<br>- वडा समिति र टोल सुधार समितिको सहयोग कानूनी साक्षरता कक्षा संचालन गर्ने |
| ***जम्मा*** | | | | १५३०० | |
| **१.२ संगठन तथा क्षमता विकास** | | | | | |
| १.२.१ Local Governance Barometer मापन तथा लेखाजोखा कार्यक्रम | पटक | ० | ३ | १५०० | - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध स्थानीय तह संस्थागत लेखाजोखा प्रणालीको आधारमा संचालन गर्ने |
| १.२.२ गाउँपालिका तथा वडा कार्यालयको भवन निर्माण | संख्या | ५ | २ | ८०००० | - गाउँपालिकाको केन्द्र तथा वडा नं. २, ५ र ६ वडा केन्द्रमा जग्गा व्यवस्थापन गरी एकीकृत सेवा संचालनको व्यवस्थासहित वडा कार्यालय भवन निर्माण गर्ने |
| १.२.३ जनप्रतिनिधि तथा कर्मचारी क्षमता अभिबृद्दि तालिम ( बार्षिक) | विषय | २ | १० | ५००० | - ऐन, नियम तथा कार्यविधि तर्जुमा प्रक्रिया, विषयवस्तु र सम्पादन प्रक्रिया<br>- योजना तर्जुमा र छनौट, अनुगमन तथा गुणस्तर नियन्त्रण<br>- उपभोक्ता समितिका लागि योजना व्यवस्थापन<br>- प्राविधिक कर्मचारीका लागि विद्युतीय खरिद प्रक्रिया, नयाँ, निर्माण सामग्री, गुणस्तर र आयोजना व्यवस्थापन<br>- जनप्रतिनिधि तथा कर्मचारीका लागि |

| रणनीतिक कार्यक्रम तथा | इकाई | योजनाको लक्ष्य | | अनुमानित | स्थान, कार्यक्रम र आयोजना विवरण |
|---|---|---|---|---|---|
| | | | | | सफ्टवयर, इविडिङ्ग, र सूचना प्रविधि प्रयोग<br>- विषयगत तालिम (कृषि, पशु विकास, शिक्षा, स्वास्थ्य, व्यवस्थापन, खानेपानी, सरसफाई, वातावरण र विपद्) |
| १.२.४ कर्मचारी प्रोत्साहन कार्यक्रम | जना | ० | २५ | १५०० | - बढुवा, पुरस्कार र सुविधासहित कर्मचारी प्रोत्साहन कार्यविधि तयार गर्ने<br>- कार्यविधि बमोजिम बार्षिक ३ जनाको दरले १५ जनालाई पुरस्कृत वा तहगत बढुवा गर्ने थप कार्य वापत मासिक सुविधा थप गर्ने |
| १.२.५ अन्तर स्थानीय तह अध्ययन, परामर्श तथा टिम विल्डिङ कार्यक्रम | पटक | ० | ५ | ४५०० | - पदाधिकारी र कर्मचारीलाई उत्कृष्ट कार्यसम्पादन गरीरहेका स्थानीय सरकारसँग परामर्श गर्ने र गाउँपालिकामा पदाधिकारी र कर्मचारी टिम विल्डिङ्ग सेसन संचालन गर्ने |
| १.२.६ संगठन तथा व्यवस्थापन सर्वेक्षण, विकास तथा सुदृढीकरण कार्यक्रम | पटक | ० | ५ | १००० | - कार्यविभाजन र कार्यसम्पादन नियमावली अनुसार संगठन संरचना, दरबन्दी र तह निर्धारण गर्ने<br>- समिति, शाखा, इकाई तथा वडा कार्यालय तथा कर्मचारीको कार्यविवरण तयार गर्ने<br>- एकीकृत सेवा लागि लेआउट सहितको सोधपुछ, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिछालय सहित कार्यकक्षको व्यवस्था गर्ने<br>- संगठन तथा क्षमता विकास रणनीति सहित विस्तृत क्षमता विकास योजना तयार गर्ने |
| १.२.७ टोल सुधार समिति गठन र परिचालन | संख्या | ० | ९० | ७२० | - वडा भित्रका प्रमुख टोलहरुमा टोल सुधार समिति (९० वटा) गठन गरी गाउँपालिकामामा दर्ता तथा नविकरण गर्ने<br>- नमूना विधान र दर्ता तथा अभिलेख, नियमन र क्षमता विकास सम्बन्धी कार्यविधि तयार गर्ने |
| १.२.८ आन्तरिक नियन्त्रण प्रणाली स्थापना र सुदृढीकरण कार्यक्रम | पटक | ० | ५ | १००० | - आन्तरिक लेखा परीक्षण कार्यविधि निर्माण, कर्मचारी र कार्यकक्षको व्यवस्था गर्ने |
| ***जम्मा*** | | | | ९५२२० | |
| **१.३ श्रोत परिचालन तथा व्यवस्थापन** | | | | | |
| १.३.१ आन्तरिक आयको संभावना अध्ययन र प्रक्षेपण तथा सुधार कार्ययोजना | पटक | १ | २ | २५०० | - राजश्व सुधार कार्ययोजना अद्यावधिक गर्ने<br>- करदाता शिक्षा र राजस्व संकलन अभियान संचालन गर्ने |

| रणनीतिक कार्यक्रम तथा | इकाई | योजनाको लक्ष्य | | अनुमानित | स्थान, कार्यक्रम र आयोजना विवरण |
|---|---|---|---|---|---|
| | | | | | - व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा, जानकारी र प्रचार प्रसार गर्ने<br>- निजी क्षेत्रलाई कर परामर्श सेवा केन्द्र संचालन गर्न प्रोत्साहन गर्ने |
| १.३.२ करदाता शिक्षा कार्यक्रम | पटक | ० | ३५ | २००० | - कर, शुल्क, दस्तुरको दर, संकलन प्रक्रिया, छुट तथा दण्डको व्यवस्थाबारे वडा तथा समुदायस्तरमा टोल सुधार समित मार्फत करदाता शिक्षा कक्षा संचालन गर्ने |
| १.३.३ उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम | जना | ० | १० | ५०० | - कार्यविधि तथा आधार बनाएर वार्षिक ७ जना करदातालाई प्रोत्साहन गर्ने |
| १.३.४ राजस्व शाखा स्थापना र सुदृढीकरण | पटक | ० | १ | ५०० | - कर्मचारी क्षमता विकास, सफ्टवेयर सञ्चालन, कर्मचारी तथा भौतिक सामग्री सहित कार्यकक्ष व्यवस्थापन |
| १.३.५ अन्तर स्थानीय तह तथा सरकार समन्वय कार्यक्रम | पटक | ० | ५ | ६०० | - संभावित छिमेकी स्थानीय तह, प्रदेश तथा संघीय सरकारका कार्यालय तथा निकायसँग नियमित वैठक तथा छलफल गर्ने |
| **जम्मा** | | | | ६१०० | |
| **१.४ विकास व्यवस्थापन** | | | | | |
| १.४.१ विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम | विषय | १ | ५ | ७५०० | - पर्यटन, यातायात, भूउपयोग र कृषि सम्बन्धी गुरुयोजना तर्जुमा, मद्यावधी तथा अन्तिम समीक्षा र अद्यावधिक गर्ने |
| १.४.२ प्राविधिक परीक्षण कार्यक्रम | आयोजना | ० | २५ | ५००० | - १० लाख भन्दा माथीका लागतका आयोजनाको स्वतन्त्र प्राविधिक परीक्षकद्धारा प्रभाव मूल्याङ्कन गर्ने |
| १.४.३ उपभोक्ता समिति क्षमता विकास कार्यक्रम | पटक | ० | ५ | २५०० | - आयोजनाको व्यवस्थापकीय र प्राविधिक पक्ष बारे उपभोक्ता समितिका पदाधिकारीलाई तालिम प्रदान गर्ने |
| १.४.४ आवधिक योजना, मद्यकालिन खर्च संरचना तर्जुमा र अद्यावधिक कार्यक्रम | पटक | ० | ५ | ३००० | - आवधिक योजनाको मद्यावधि र अन्तिम मूल्याङ्कन गर्ने र मध्यकालिन खर्च संरचना तयार र वार्षिक अद्यावधिक गर्ने |
| १.४.५ बस्तुस्थिति विवरण तयारी तथा अद्यावधिक कार्यक्रम | पटक | ० | २ | ३००० | - घरधुरी सर्वेक्षण, संस्थागत सूचना तथा श्रोत नक्शा डिजिटल प्रोफाईल अद्यावधिक गर्ने |
| १.४.६ नतिजामूलक अनुगमन, मुल्याङ्कन प्रणाली तथा गुणस्तर सुदृढीकरण | पटक | ० | ५ | २५०० | - नीति, योजना तथा कायोजना, नियमित, बार्षिक, मद्यावधी, र आवधिक अनुगमन तथा मूल्याङ्कन कार्यविधि निर्माण, योजना तयारी र प्रमुख आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने |
| १.४.७ गैसस, निजी क्षेत्र, सहकारी डेस्क संचालन, समन्वय र | पटक | ० | ५ | १२०० | - गैसस तथा समुदायमा आधारित संस्था समन्वय कार्यविधि तयार गरी नियमित वैठक तथा अन्तरक्रिया |

| रणनीतिक कार्यक्रम तथा | इकाई | योजनाको लक्ष्य | | अनुमानित | स्थान, कार्यक्रम र आयोजना विवरण |
|---|---|---|---|---|---|
| साझेदारी | | | | | संचालन गर्ने |
| ***जम्मा*** | | | | २४७०० | |
| ***कूल जम्मा*** | | | | १४१३२० | |

# परिच्छेद ११
# कार्यान्वयन योजना

## ११.१ वित्तिय व्यवस्थापन योजना

### ११.१.१ श्रोत अनुमान तथा प्रक्षेपण

आवधिक योजना अनुसार तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा गाउँपालिकाको आन्तरिक श्रोत तथा राजस्व बाँडफाँडको रकम, अन्तरसरकारी वित्तीय हस्तान्तरण, गैसस तथा समुदायमा आधारित सस्था र समुदाय एवं निजी क्षेत्र, प्रदेश सरकार तथा संघीय सरकारको लगानी समेत प्रक्षेपण गरी योजनाको लागि उपलब्ध अनुमानित स्रोतमा समावेश गरिएको छ । योजनाको लागि संभाव्य श्रोत तथा सो को प्रक्षेपण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

***तालिका १८ : प्रक्षेपण गरिएको आवधिक/बार्षिक बजेट***

| बजेटका श्रोतहरु | वार्षिक प्रक्षेपण (आर्थिक बर्ष अनुसार रकम (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | कूल |
| आन्तरिक आय रकम | १०६९३ | १२८३२ | १५३९८ | १८४७८ | २२१७३ | ७९५७३.०३ |
| संघ सरकारको राजस्व बाँडबाँड प्राप्त कुल रकम | ५८१०० | ६६८१५ | ७६८३७ | ८८३६३ | १०१६१७ | ३९१७३२ |
| प्रदेश सरकारको राजस्व बाँडबाँड प्राप्त कुल रकम | ७८१० | ८९८२ | १०३२९ | ११८७८ | १३६६० | ५२६५८ |
| रोयल्टीबाट प्राप्त रकम | १५४५ | १८५४ | २२२५ | २६७० | ३२०४ | ११४९७ |
| संघ सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ७८००० | ८९७०० | १०३१५५ | ११८६२८ | १३६४२२ | ५२५९०६ |
| संघ सरकारबाट प्राप्त सशर्त अनुदान | १३२२०० | १५२०३० | १७४८३५ | २०१०६० | २३१२१९ | ८९१३४३ |
| संघ सरकारबाट प्राप्त विशेष अनुदान रकम | ० | ० | ० | ० | ० | ० |
| संघ सरकारबाट प्राप्त समपुरक अनुदान रकम | ० | ० | ० | ० | ० | ० |
| प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ९९३६ | ११४२६ | १३१४० | १५१११ | १७३७८ | ६६९९२ |
| प्रदेश सरकारबाट प्राप्त ससर्त अनुदान | ६२६० | ७१९९ | ८२७९ | ९५२१ | १०९४९ | ४२२०७ |
| प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान | ० | ० | ० | ० | ० | ० |
| प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | ० | ० | ० | ० | ० | ० |
| गैसस, अगैसस, विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रममा लगानी रकम | ३०००० | ३३००० | ३६३०० | ३९९३० | ४३९२३ | १८३१५३ |
| समुदायको लगानी तथा योगदान रकम | ३५१७८ | ३८६९६ | ४२५६५ | ४६८२२ | ५१५०४ | २१४७६५.२ |
| निजी क्षेत्रको लगानी रकम | १५००० | १६५०० | १८१५० | १९९६५ | २१९६१.५ | ९१५७६.५ |
| **कूल बार्षिक बजेट** | **३८४७२२** | **४३९०३३** | **५०१२१३** | **५७२४२५** | **६५४०१०** | **२५५१४०४** |

नोट:

- *यस तालिकामा आव २०७५/७६ को संशोधित आयलाई आधार वर्षको आय र आ.व. २०७६/७७ को लागि प्रस्तावित आयलाई नै सो वर्षको अनुमानित आयको रुपमा गणना गरिएको छ ।*
- *कुल आयमा आव २०७५/७६ को संशोधित आयलाई समावेश गरिएको छैन । २०७६/७७ देखि २०८०/८१ (५ वर्षको) आयलाई मात्र कुल अनुमानित आयमा समावेश गरिएको छ ।*
- *सामजिक सुरक्षातर्फको आय एवं अन्य स्थानीय तह, जिल्ला समन्वय समितिबाट प्राप्त हुनसक्ने आयलाई यस प्रक्षेपणमा समावेश गरिएको छैन ।*

### ११.१.२ विषयक्षेत्र अनुसार प्रस्तावित बजेट

आवधिक विकास योजना अनुसार विषय क्षेत्रगत ५ बर्षको बजेट प्रक्षेपण देहाय अनुसार प्रस्तुत गरिएको छ । जसमा ५ वर्षको कुल वजेट रु २ अर्व ८७ करोड ८२ लाख १० हजार अनुमान गरिएको छ । चालू आ.व. २०७५।७६ को संशोधित आय रु. २४ करोड ६७ लाख ५० हजार मात्र गरिएको छ । यसरी चालू आ.व.को संशोधित आय र सो को तुलनामा बृद्धि हुनसक्ने आयको आधारमा ५ वर्षको कुल अनुमानित आय गणना गर्दा गाउँपालिकाको कुल आय करीव रु. २ अर्व ५५ करोड हुने १४ लाख ४ हजार हुनसक्ने देखिन्छ । यसर्थ आवधिक योजनाको प्राथमिकताका आधारमा प्रस्तावित क्रियाकलापहरुको कार्यान्वयनका लागि प्रभावकारी समन्वय एवं व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

*तालिका १९ : विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट*

| विषय क्षेत्र तथा उप क्षेत्र | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|
| **आर्थिक विकास** | ५५४४०० | १९.२६ |
| कृषि विकास | २२२४०० | ७.७३ |
| सिंचाई विस्तार | १३५००० | ४.६९ |
| पशु विकास | १४८५०० | ५.१६ |
| उद्योग र व्यापार | ३३००० | १.१५ |
| वित्तीय सेवा, श्रम र रोजगार | १५५०० | ०.५४ |
| **सँस्कृति तथा पर्यटन** | ६३००० | २.१९ |
| पर्यटकीय पूर्वाधार, सेवा र सुविधा | ४८००० | १.६७ |
| साँस्कृतिक सम्पदा संरक्षण र प्रवर्धन | १५००० | ०.५२ |
| **सामाजिक विकास** | ८२५९४० | २८.७० |
| शिक्षा तथा सीप विकास | ५५५००० | १९.२८ |
| स्वास्थ्य तथा पोषण | ८२००० | २.८५ |
| खानेपानी तथा सरसफाई | १४७५०० | ५.१२ |
| लक्षित वर्ग तथा सामाजिक समावेशीकरण | २२४४० | ०.७८ |
| युवा तथा खेलकुद | १९००० | ०.६६ |
| **पूर्वाधार विकास** | ११५७३५० | ४०.२१ |
| सडक तथा यातायात | १०५१५०० | ३६.५३ |
| आवास, भवन र शहरी विकास | ७६५०० | २.६६ |
| सूचना तथा संचार | २९३५० | १.०२ |
| **विद्युत तथा वैकल्पिक उर्जा** | ३०००० | १.०४ |
| विद्युत विस्तार | २०००० | ०.६९ |
| बैकल्पिक उर्जा प्रवर्द्धन | १०००० | ०.३५ |
| **वन तथा वातावरण** | ८७१०० | ३.०३ |
| वन तथा जैविक विविधता | ३१६०० | १.१० |
| भू तथा जलाधार व्यवस्थापन | ३०५०० | १.०६ |
| वातावरण व्यवस्थापन | २५००० | ०.८७ |
| **विपद व्यवस्थापन** | १९१०० | ०.६६ |
| **संस्थागत विकास र सुशासन** | १४१३२० | ४.९१ |
| नीति तथा कानून | १५३०० | ०.५३ |
| संगठन तथा क्षमता विकास | ९५२२० | ३.३१ |
| श्रोत परिचालन | ६१०० | ०.२१ |
| विकास व्यवस्थापन | २४७०० | ०.८६ |
| **कुल जम्मा** | २८७८२१० | १००.०० |

### ११.१.३ श्रोत परिचालन रणनीति

आवधिक विकास योजना अनुसार विषय क्षेत्रगत ५ बर्षको बजेट कुल वजेट रु २ अर्व ८७ करोड ८२ लाख १० हजार अनुमान गरिएको छ । चालू आ.व.को संशोधित आय र सो को तुलनामा बृद्धि हुनसक्ने आयको आधारमा ५ वर्षको कुल अनुमानित आय गणना गर्दा गाउँपालिकाको कुल आय करीव रु. २ अर्व ५५ करोड हुने १४ लाख ४ हजार अनुमान गरिएकोमा नपुग श्रोत रकमको परिचालनका लागि देहाय अनुसारको रणनीति अख्तियार गरिने छ ।

- आन्तरिक श्रोत (सम्पत्ती कर, व्यवसाय कर, सेवा शुल्क, नदीजन्य पदार्थ विक्री) दायरा र दर बढाउने तथा प्रक्रिया व्यवस्थित गर्ने
- संघीय र प्रदेश सरकारसँग अनुदान रकम बढाउन पैरवी गर्ने
- गैसस तथा विकास साझेदारसँग साझेदारी र सहकार्य वृद्धी गर्ने
- स्वदेश तथा विदेशमा भएका संस्था तथा व्यक्तिबाट सहयोग जुटाउने
- जनश्रम, स्थानीय स्रोत र सामग्री योगदानमा बृद्धि गर्ने
- निजी क्षेत्रको लगानी र साझेदारी अभिबृद्धि गर्ने
- संघ तथा प्रदेश सरकारसँग समपुरक गरी आयोजना संचालन गर्ने
- उत्पादनमूलक आयोजनामा नेपाल सरकारको स्वीकृती लिई ऋण परिचालन गर्ने
- लगानी सम्मेलन तथा पैरवी गरी लगानी भित्राउने

## ११.२ आवधिक योजना कार्यान्वयन

आवधिक योजनामा आधारित भई वार्षिक योजना तथा बजेट तर्जुमा गरी कार्यान्वयन गरिने छ । यसरी वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, विषयक्षेत्रगत उद्धेश्य तथा कार्यक्रमलाई आधार लिईने छ ।

आवधिक योजनाको स्वीकृतीपछि गाउँ कार्यपालिकाले सवै विषयगत समिति एवं शाखा र सवै वडा कार्यालयहरुलाई मार्गदर्शन सहित वार्षिक योजना तर्जुमा प्रयोजनका लागि पठाईने छ । अनुमानित वजेट एवं योजना तर्जुमा मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया मार्फत वार्षिक योजनाको तर्जुमा गरी आवधिक योजनाको कार्यान्वयन सुनिश्चित गरिने छ ।

वार्षिक रुपमा तर्जुमा गरिने कार्यक्रम तथा आयोजनाको एकीकृत योजना तथा बजेट तर्जुमाको ढाँचा ***अनुसूची २*** मा दिईएको छ ।

### ११.२.१ मार्गदर्शन तयारी

आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक वजेट, नीति तथा कार्यक्रममा उल्लेखित विभिन्न विषय क्षेत्रगत कार्यक्रमहरुको संचालन/कार्यान्वयन गरिने छ । कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन हुनुपूर्व सम्वन्धित पक्षलाई मार्गदर्शन तथा आवश्यकता अनुसार अख्तियारी समेत प्रदान गरिने छ ।

### ११.२.२ कार्यान्वयन विधिको छनोट

आवधिक योजनाले परिलक्षित गरेको लक्ष तथा उद्धेश्य प्राप्तिका लागि तर्जुमा गरिएका कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन वार्षिक वजेट मार्फत नै कार्यान्वयन गरिने हुँदा स्थापित विधि तथा सार्वजनिक खरिद ऐनको परिधिभित्र रही ठेकापट्टा, उपभोक्ता समिति, करार वा, अमानत, गैरसरकारी संस्थासँगको साझेदारीमध्ये कार्यक्रमको प्रकृति हेरी कुनै प्रक्रिया अवलम्बन गर्न सकिने छ । यसरी स्वीकृत कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन कार्ययोजना निर्माण गर्दा समष्टिगत लक्ष, विषयक्षेत्रगत उद्धेश्य एवं उपलब्धी सूचकसमेत उल्लेख गरी सोको उपलब्धीले पुर्‍याउन सक्ने योगदान समेत निर्धारण गरिने छ। गाउँपालिकाले सम्बन्धित कार्यान्वयन एकाइबाट चौमासिक रूपमा सोही सूचक बमोजिम प्रगति प्रतिवेदन लिने प्रणाली स्थापना गरिने छ ।

योजना कार्यान्वयनमा सम्बन्धित निकाय र व्यक्तिलाई दिईने कार्य जिम्मेवारी सहित विषयगत क्षेत्र समेटी समष्टिगत कार्यान्वयन कार्य योजना समेत तर्जुमा गर्नेछ। कार्यान्वयन गर्ने सबै निकायबाट ***अनुसूची ३*** बमोजिमको कार्यान्वयन योजना प्राप्त भएपछि गाउँपालिकाले एकीकृत गरी विषय क्षेत्रगत प्रमुख कार्यक्रम र लगानी देखिने गरी समष्टिगत विवरण तयार गर्नेछ।

### ११.२.३ अख्तियारी

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि वार्षिक कार्यक्रम र बजेट गाउँसभाबाट पारित भएपछि अध्यक्षले स्वीकृत कार्यक्रम कार्यान्वयनका लगि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनुपर्दछ। प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा र वडा कार्यालयहरूलाई चौमासिक विभाजन सहितको कार्यक्रम माग गर्नुपर्ने छ। उक्त विवरणमा स्वीकृत वार्षिक कार्यक्रमअनुसार आवश्यक परिमार्जनसहित स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मार्गदर्शन सहित प्रमुखबाट अख्तियारी प्राप्त भएको १५ दिनभित्र सम्बन्धित विषय क्षेत्रगत शाखा र वडा कार्यालयहरूलाई अख्तियारी प्रदान गर्नुपर्नेछ।

### ११.२.४ अनुगमनको प्रतिवेदन र समीक्षा

गाउँसभाबाट स्वीकृत कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन योजना वनाईसकेपछि संचालन गरिने क्रियाकलापहरूको आधारमा अनुगमन योजना समेत बनाई उपाध्यक्षको संयोजकत्वमा गठन भएको समितिबाट अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ। यसरी अनुगमन गर्दा ***अनुसूची १*** बमोजिमको नतिजामा आधारित अनुगमन तथा मूल्यांकन ढाँचामा उल्लेख भए अनुसार अनुगमन सूचकको आधारमा गरी अनुगमन प्रतिवेदन नियमित रुपमा प्राप्त गर्ने परिपाटी निर्माण गरिने छ। उपाध्यक्षको संयोजकत्वमा भएका अनुगमनको प्रतिवेदन कार्यपालिकाको नियमित बैठकमा छलफल गरी योजनाको अनुगमन तथा कार्यालयको समष्टि भौतिक र वित्तीय प्रगति एवं समस्याहरूको बारेमा चौमासिक र वार्षिक समीक्षा गरिने छ।

## ११.३ अनुगमन तथा मूल्याङ्कन योजना

गाउँपालिका क्षेत्रको समग्र विकासका लागि निर्धारित लक्ष, उद्धेश्य तथा अपेक्षित प्रतिफलहरु प्राप्तिमा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीले महवपूर्ण भूमिका निर्वाह गर्दछ। आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक योजना तर्जुमा तथा कार्यान्वयन अनुगमन तथा मूल्यांकन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ भएको प्रगति सुनिश्चित गर्नुपर्ने देखिन्छ। कार्यान्वयनका दौरान आईपर्ने समस्याहरुको समस्या समाधान एवं गरिएको लगानी तथा साधनको प्रवाह आशातित ढंगबाट भए नभएको जानकारी प्राप्त गर्नुपर्ने हुन्छ। तसर्थ गाउँपालिकाले आवधिक गाउँ विकास योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने एवं सो का लागि वार्षिक योजना कार्यान्वयन तालिका समेत तयार गर्नेछ । यसरी तयार भएको कार्यान्वयन तालिकामा अनुगमन तथा मूल्याङ्कनका कार्यहरूसमेत निर्दिष्ट गर्ने एवं सो अनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनेछ।

### ११.३.१ वर्तमान अवस्था

गाउँपालिकाले तर्जुमा गर्ने वार्षिक वजेटको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी प्राथमिकतामा खासै रहेको देखिएको छैन। अनुगमन कार्यलाई सामान्य स्थलगत निरीक्षण एवं वजेट खर्चसंगको तादात्म्यतासंग मात्र जोडेर हेर्ने गरेको पाइन्छ। केही योजना तथा कार्यक्रमहरुको हकमा प्रतिनिधि तथा कर्मचारीहरु समेतको सहभागितामा अनुगमन हुने गरेको एवं चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको छ। तथापी स्पष्ट ढंगले कार्यतालिका तयार गरी सूचकहरूको आधारमा अनुगमन हुने गरेको भने देखिँदैन। अनुगमन तथा मूल्याङ्कन कार्य योजना चक्र व्यवस्थापनमा महत्वपूर्ण कार्यको रूपमा ग्रहण गर्ने तथा यसका लागि बजेट विनियोजन समेत हुने गरेको परिस्थिति विद्यमान छ।

### ११.३.२ अनुगमन तथा मूल्याङ्कन विधि तथा प्रक्रिया

आवधिक गाउँ विकास योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिने छ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गर्नेछ । गाउँपालिकाको आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहायअनुसार रहेको छ ।

- गाउँ कार्यपालिका तथा विषयगत समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति
- जिल्ला समन्वय समिति
- विषयगत शाखा उपशाखा,, परियोजना, संघ, संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

आवधिक गाउँ विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका औजार तथा विधि देहायअनुसार रहनेछ ।

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य) र प्रगति विच तुलना
- नागरिक अनुगमन
- नतिजामा आधारित ढाँचा अनुसार बार्षिक समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक मध्यावधि समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)

आवधिक गाउँ विकास योजनाको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन ढाँचा ***अनुसुची १*** उल्लेख भए अनुसार प्रतिवेदन तयार गरी समिक्षा तथा पृष्ठपोषण गर्नु पर्नेछ । आवधिक तथा बार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहायअनुसार हुनु पर्नेछ ।

***तालिका २० : आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया***

| के अनुगमन गर्ने? | कसले अनुगमन गर्ने? | कहिले अनुगमन गर्ने? | कसरी अनुगमन गर्ने? |
|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र बार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने |
| प्रतिफल अनुगमन | गाउँ कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, बार्षिक र मध्यावधि | • स्थलगत अनुगमन गर्ने<br>• बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने |
| असर तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | बार्षिक, मध्यावधि र अन्तिम बर्ष | • सहभागितामूलक छलफल गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>• नमूना सर्वेक्षण गर्ने |

| के अनुगमन गर्ने? | कसले अनुगमन गर्ने? | कहिले अनुगमन गर्ने? | कसरी अनुगमन गर्ने? |
|---|---|---|---|
| प्रभाव तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम बर्ष | • नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>• सहभागितामूलक छलफल गर्ने<br>• अध्ययन तथा सर्वेक्षण गर्ने |

## अनुसूची १ः आवधिक योजनाको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन योजना

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | अनुगमनका साधनहरु | समयावधी | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | | |
| **लक्ष्य :** आत्मनिर्भर र समृद्ध तादीको आधार तयार हुने | मानव विकास सूचकांङ्क (Province 3 Report) | मान | ०.४५२ | ०.४५० | ०.५२५ | ०.५७५ | – गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>– अध्ययन प्रतिवेदन<br>– मूल्याङ्कन प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – अन्तिम<br>– मध्यावधि | – अनुगमन तथा सुपरिवेक्षण समिति<br>– विषयगत समिति<br>– तेश्रो पक्ष |
| | प्रति व्यक्ति वार्षिक आय (NHDR २०१४) | रु. हजारमा | १०८६ | ११०० | ११५० | १२०० | | | |
| | रोजगारी दर (Province 3 Report, 2019) | प्रतिशत | ५८.५ | ६०.० | ६२.० | ६५.० | | | |
| | पक्की घर (Province 3 Report, 2019) | प्रतिशत | १.१२ | ३ | ६ | ९ | | | |
| | आय सूचक (Province 3 Report, 2019) | मान | ०.४१४ | ०.४५० | ०.५०५ | ०.६०५ | | | |
| | वार्षिक आम्दानीको दुई तिहाईभन्दा बढी रकम खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ३३ | २५ | २० | १५ | | | |
| | वेरोजगार | संख्या | ९२५ | ८०० | ५०० | २०० | | | |
| | वार्षिक १ लाख भन्दा कम आम्दानी हुने घरपरिवार | प्रतिशत | ३९ | ३६ | ३३ | ३० | | | |
| **असर १ :** उत्पादन, रोजगारी र आयमा दीगो बृद्धि हुनेछ । | कृषि तथा पशुपालन क्षेत्रमा रोजगार | जना | १७५ | २०० | ४०० | ६०० | • गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | – अन्तिम<br>– मध्यावधि<br>– बार्षिक | – अनुगमन तथा सुपरिवेक्षण समिति<br>– विषयगत समिति<br>– कृषि, पशु तथा सहकारी शाखा<br>– तेश्रो पक्ष |
| | उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | जना | १२६ | २०० | ३०० | ४०० | | | |
| | पर्यटन तथा सेवा क्षेत्रमा रोजगार | जना | १९ | २५ | ५० | ७० | | | |
| | प्रति व्यक्ति वार्षिक औषत आय | रु.हजारमा | १२१.३० | १५० | १७५ | २०० | | | |
| | वार्षिक ५०,००० भन्दा कम आम्दानी हुने परिवार | प्रतिशत | १७.७१ | १२ | ९ | ७ | | | |
| | वार्षिक आम्दानीको दुई तिहाईभन्दा बढी रकम खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ३३ | २५ | २० | १५ | | | |
| | वैदेशिक रोजगारीमा गएका व्यक्ति | जना | ६१८ | ५०० | ४०० | ३५० | | | |
| | उन्नत विउ, जैविक मल, विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १५ | २५ | ४० | ४५ | | | |
